
वैशाख - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २७, अङ्क २ | २०७५, वैशाख १६-३१ | पूर्णाङ्क ६२०



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.ब.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिष्ट्रार श्री राजनप्रसाद भट्टराई** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय** | **- सदस्य** |
| **अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिष्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री रामप्रसाद बस्याल

**सम्पादन :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री विनोदकुमार यादव
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** सहप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | २२ |
| इजलास नं. १ | १ |
| इजलास नं. २ | १ |
| इजलास नं. ३ | ९ |
| इजलास नं. ४ | ११ |
| इजलास नं. ५ | ६ |
| इजलास नं. ६ | १८ |
| इजलास नं. ७ | ७ |
| इजलास नं. ८ | ७ |
| जम्मा | ८२ |

| | |
|---|---|
| इजलास नं. ९ | १ |
| इजलास नं. १० | ६ |
| इजलास नं. ११ | ३ |
| इजलास नं. १२ | २ |
| इजलास नं. १३ | ४ |
| पूर्ण इजलासमा पेस हुने | १ |
| जम्मा | १७ |

**कूल जम्मा** **८२ + १७ = ९९**

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

### वर्गीकृत

**एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।**

**मूल्य रू.५,५००।-**

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७५, वैशाख – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

# Toll Free Number

# १६६०–०१–३३३–५५

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - १३** |
| **१.** | जबरजस्ती करणी | सुरेश लुहार वि. नेपाल सरकार | |
| **२.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. रमेश नाउ | |
| **३.** | उत्प्रेषण / परमादेश | प्रा.डा. उपेन्द्रकुमार कोइराला वि. नेपाल सरकार शिक्षा मन्त्रालयसमेत | |
| **४.** | उत्प्रेषण / परमादेश | हरि अर्याल वि. मालपोत कार्यालय, डिल्लीबजारसमेत | |
| **५.** | उत्प्रेषण / परमादेश | रामप्रसाद बेघा वि. पदमप्रकाश बेघासमेत | |
| **६.** | कर्तव्य ज्यान | मोतीलाल वि.क. वि. नेपाल सरकार | |
| **७.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. रामबहादुर खत्री | |
| **८.** | उत्प्रेषण / परमादेश | ललनप्रसाद शाह वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथसमेत | |
| **९.** | वैदेशिक रोजगार ठगी | नेपाल सरकार वि. सुदर्शन लामिछाने | |
| **१०.** | लिखत बदर | माला राज्यलक्ष्मी शाह वि. राजिव विक्रम शाह | |
| **११.** | परमादेश | हरिबहादुर सिंहसमेत वि. राजिवविक्रम शाहसमेत | |
| **१२.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. प्रेम सिंह भण्डारी | |
| **१३.** | अंश दर्ता | लक्ष्मीनिया देवीसमेत वि. रूवीकुमारी यादव | |
| **१४.** | उत्प्रेषण / परमादेश | तारानाथ घिमिरे वि. नेपाल औद्योगिक विकास निगम (वित्तीय संस्था) को प्रधान कार्यालय, दरबारमार्गसमेत | |
| **१५.** | उत्प्रेषण / परमादेश | तारानाथ घिमिरे वि. एन.आई.डि.सि. डेभलपमेन्ट बैक लि.समेत | |
| **१६.** | उत्प्रेषण / परमादेश | सविता मोहीनी श्रेष्ठसमेत वि. पदपूर्ति समिति, नेपाल कृषि अनुसन्धान परिषद्, सिंहदरबारसमेत | |
| **१७.** | लागु औषध (ब्रुप्रिनर्फन) | विसन गुरूङ वि. नेपाल सरकार | |
| **१८.** | उत्प्रेषण | विवेक कार्कीसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत | |
| **१९.** | कर्तव्य ज्यान (साधक) | नेपाल सरकार वि. सुनिल सदा | |
| **२०.** | निर्णय बदर | चिनी खड्का वि. मदनकृष्ण खड्का | |
| **इजलास नं. १** | | | **१३ - १४** |
| **२१.** | उत्प्रेषण / परमादेश | मोतीसरा रानाभाट वि. जिल्ला प्रशासन कार्यालय कास्कीसमेत | |

| | | |
|---|---|---|
| **इजलास नं. २** | | **१४ - १५** |
| **२२.** | डाँका चोरी | नेपाल सरकार वि. प्रकाश गिरीसमेत |
| **इजलास नं. ३** | | **१५ - २०** |
| **२३.** | कर्तव्य ज्यान र जबरजस्ती करणी | नेपाल सरकार वि. शिवनारायण मण्डलसमेत |
| **२४.** | उत्प्रेषण / परमादेश | सुशीलकुमार झा वि. स्वास्थ्य मन्त्रालय, रामशाहपथसमेत |
| **२५.** | परमादेश | केशरबहादुर मल्ल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत |
| **२६.** | उत्प्रेषण / परमादेश | कौलेश्वर मुखिया वि. स्वास्थ्य मन्त्रालय, काठमाडौंसमेत |
| **२७.** | उत्प्रेषण / परमादेश | लक्ष्मण बसौला वि. स्वास्थ्य मन्त्रालय, काठमाडौंसमेत |
| **२८.** | निषेधाज्ञा | पुनमदेवी महतोसमेत वि. माधव पोखरेल |
| **२९.** | मोही लगत कट्टा | कोबीलाल विश्वास वि. हरिमाया राईसमेत |
| **३०.** | उत्प्रेषण / परमादेश | पञ्चलाल महर्जन वि. मालपोत कार्यालय, बारासमेत |
| **इजलास नं. ४** | | **२० - २६** |
| **३१.** | निषेधाज्ञा | दुलार महतो कोइरी वि. बिल्टु महतो कोइरी |
| **३२.** | परमादेश | जयकिशोर लाल वि. सुशीला ढुङ्गाना |
| **३३.** | निर्देशन बदर गरिपाउँ | उदय लाल राज वि. नेपाल राष्ट्र बैंक के.का. बालुवाटारसमेत |
| **३४.** | उत्प्रेषण / परमादेश | रूद्रनारायण चौधरीसमेत वि. गाउँ विकास समिति कार्यालय, भुतही सप्तरीसमेत |
| **३५.** | जालसाज | प्रसान्त आचार्यसमेत वि. प्रभु आचार्यसमेत |
| **३६.** | जबरजस्ती चोरी | सन्तोष कुँवर वि. नेपाल सरकार |
| **३७.** | लेनदेन | रामचन्द्र साहसमेत वि. अनुठा साह तेली |
| **३८.** | बाली बिगो भराई दिलाई पाउँ | तुलबहादुर बरूवाल वि. रामलक्ष्मण दुवे |
| **इजलास नं. ५** | | **२६ - ३१** |
| **३९.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. होमनाथ उपाध्याय |
| **४०.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. अमिता रानामगर |
| **४१.** | अंशचलन | सरला रौनियार वि. आलोक रौनियारसमेत |
| **४२.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. राजेन्द्रसिंह धामी |
| **४३.** | उत्प्रेषण / परमादेश | जुना बोहरा वि. महानगरीय प्रहरी परिसर, हनुमानढोकासमेत |
| **४४.** | लागु औषध (सेतो हेरोइन) | नेपाल सरकार वि. सुवर्णराज भण्डारीसमेत |

| इजलास नं. ६ | | | ३१ - ३८ |
|---|---|---|---|
| ४५. | कर्तव्य ज्यान | टिके सार्की वि. नेपाल सरकार | |
| ४६. | कर्तव्य ज्यान | शम्भु रानामगर वि. नेपाल सरकार | |
| ४७. | अंश दर्ता | श्रीराम चौधरी वि. भुटीदेवी थरूनीसमेत | |
| ४८. | उत्प्रेषण | नेत्रबहादुर सारूसमेत वि. यातायात व्यवस्था कार्यालय, पोखरा कास्कीसमेत | |
| ४९. | उत्प्रेषण / परमादेश | नवलकिशोर यादवसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | |
| ५०. | उत्प्रेषण / परमादेश | निरप्रसाद ढकालसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | |
| ५१. | निषेधाज्ञा | सन्जिवकुमार झा वि. प्रभात मण्डलसमेत | |
| ५२. | उत्प्रेषण / परमादेश | आशामाया गोर्खाली श्रेष्ठ वि. पुनरावेदन अदालत पाटन ललितपुरसमेत | |
| ५३. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. उत्तरकुमार तामाङ | |
| ५४. | कर्तव्य ज्यान (साधक) | नेपाल सरकार वि. नविन वि.क. | |
| **इजलास नं. ७** | | | **३८ - ४२** |
| ५५. | निषेधाज्ञा | वीरेन्द्रकुमार यादव वि. मिथिलेशकुमार साहसमेत | |
| ५६. | मोही नामसारी | तुल्सीमाया गोसाई वि. हरिकृष्ण लवजु | |
| ५७. | बन्दी प्रत्यक्षीकरण | इनरजित महतो वि. रौतहट जिल्ला अदालत, गौरसमेत | |
| ५८. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. रामप्रसाद अधिकारी | |
| ५९. | वैदेशिक रोजगार | नेपाल सरकार वि. शिवम् भिरामुथु | |
| ६०. | जालसाजी | उत्तमकुमार आले वि. चिन्ता राना आले | |
| ६१. | अपहरण तथा शरीर बन्धक उद्योग | नेपाल सरकार वि. शंकर सहनीसमेत | |
| **इजलास नं. ८** | | | **४२ - ४७** |
| ६२. | इज्जत आमदअनुसार जीविका खर्च मानाचामल भराइ पाउँ | सूर्यमाया थापामगरसमेत वि. पवित्रा थापामगर | |
| ६३. | उत्प्रेषण / परमादेश | नरेन्द्र सिंह महता वि. बढुवा समितिको सचिवालय, जिल्ला स्वास्थ्य कार्यालय, बैतडीसमेत | |
| ६४. | मानव बेचबिखन तथा ओसारपसार | विन्देश्वरकुमार कुशवाहा वि. नेपाल सरकार | |

| | | |
|---|---|---|
| ६५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. बलबहादुर गिरी |
| ६६. | कर्तव्य ज्यान | शुकबहादुर विश्वकर्मा वि. नेपाल सरकार |
| ६७. | मानव बेचबिखन तथा ओसारपसार | अशोककुमार साह वि. नेपाल सरकार |
| ६८. | जबरजस्ती करणी | हिरा रूम्वा वि. नेपाल सरकार |
| **इजलास नं. ९** | | **४७ - ४८** |
| ६९. | लेनदेन | मोहरवती राजपुतनी वि. छोटेलाल साह |
| **इजलास नं. १०** | | **४८ - ५२** |
| ७०. | उत्प्रेषण | प्रभा स्वार देउवा वि. अर्थ मन्त्रालय, सिंहदरबारसमेत |
| ७१. | अंशचलन | जानुका थापा वि. गिता थापा |
| ७२. | अंशसहित सम्बन्ध विच्छेद | अमृतबहादुर थापासमेत वि. सोनु घर्ती भुजेल |
| ७३. | अंश छुट्याई चलनसमेत | सिर्जना देवकोटा पौडेल वि. पवनकुमार नेपाली |
| ७४. | लागु औषध खैरो हेरोइन | नेपाल सरकार वि. कृष्णबहादुर तिमिल्सिना |
| **इजलास नं. ११** | | **५२ - ५४** |
| ७५. | मानाचामल | रामप्रसाद राजभण्डारी वि. सरिता राजभण्डारीसमेत |

| | | |
|---|---|---|
| ७६. | जबरजस्ती करणी | तोयनाथ अधिकारी वि. नेपाल सरकार |
| **इजलास नं. १२** | | **५४ - ५६** |
| ७७. | जग्गा खिचोला मेटाई घर उठाई चलन | रामप्रताप राय यादव वि. कमलेशकुमार यादव |
| ७८. | जग्गा खिचोला चलन | सोनेलाल मण्डल भन्ने सोनमा मण्डल वि. लक्ष्मण मण्डल |
| **इजलास नं. १३** | | **५६ - ५८** |
| ७९. | अदालतको अवहेलना | ज्योती बानियाँ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत |
| ८०. | निषेधाज्ञा | महेन्द्र शर्मा बडही वि. डाइनिया खानेपानी उपभोक्ता तथा सरसफाइ समिति डाइनिया, मोरङसमेत |
| ८१. | अदालतको अवहेलना | डा.नविनकुमार शर्मा वि. मनोजकुमार सिंह |
| **पूर्ण इजलासमा पेस हुने** | | **५८ - ६०** |
| ८२. | उत्प्रेषण | रामनारायण प्रसादसमेत वि. व्यवस्थापिका संसद् सचिवालयसमेत |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६९-CR-०७३१, जबरजस्ती करणी, सुरेश लुहार वि. नेपाल सरकार

पीडित एफकुमारी (नाम परिवर्तन) ले अदालतमा आई बकपत्र गर्दा प्रतिवादी मेरो सहोदर काका हुन्, आमा पहाड गएकीले घरमा प्रतिवादी र म मात्रै थियौं । हामी दुवैले बेलुकीको खाना खाई म आफ्नो कोठामा गई सुतिसकेपछि प्रतिवादी म भएको कोठामा आई मेरो हात दुपट्टाले पछाडि बाँधी मेरो सुरूवाल खोली जबरजस्ती करणी गरेको हो । सोही अवस्थामा मामा आई ढोका ढकढक गर्दा छोडेका हुन् भनी सुरू जाहेरीलाई समर्थन हुने गरी बकी लेखाइ दिएको अवस्थामा प्रतिवादीको अदालतसमक्षको इन्कारी बयानको आधारमा मात्र निज प्रतिवादी निर्दोष हुन् भनी मान्न मिल्ने अवस्था देखिँदैन । यस अवस्थामा प्रतिवादी सुरेश लुहारले आफ्नो भतिजी नाता पर्ने नाबालिका एफकुमारी (नाम परिवर्तन) लाई जबरजस्ती करणी गरेको देखिएकोले प्रतिवादीलाई कसुरदार ठहराएको सुरू र पुनरावेदन अदालतको फैसला मिलेकै देखिन आउने ।

तसर्थ उपर्युक्त आधार र कारणसमेतबाट प्रतिवादीलाई कसुरदार ठहराई अभियोग दाबीबमोजिम प्रतिवादीलाई मुलुकी ऐन जबरजस्ती करणीको महलको ३(२) नं. अनुसार ८ वर्ष र हाडनाताको पीडितलाई करणी गरेबापत हाडनाता करणीको महलको २ नं. अनुसार थप ३ वर्षसमेत गरी जम्मा ११ (एघार) वर्ष कैद हुने र जबरजस्ती करणीको महलको १० नं. अनुसार प्रतिवादीबाट पीडितलाई रू.२०,०००।- क्षतिपूर्ति भराइदिने ठहरी सुरू कञ्चनपुर जिल्ला अदलतबाट भएको मिति २०६८।१०।४ को फैसला सदर गरेको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०६९।३।२१ को फैसला मिलेके देखिँदा सदर हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७२ साल मङ्सिर १८ गते रोज ६ शुभम् ।

२

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०७०-CR-००१७ र ०७२-RC-००१४, कर्तव्य ज्यान, नेपाल सरकार वि. रमेश नाउ र नेपाल सरकार वि. राजेश कहार

प्रतिवादीले अदालतको बयानमा कसुरमा इन्कार रहेपनि मृतककी पत्नी तसलीमुन निसाले यी प्रतिवादीसमेतका अन्य सहप्रतिवादीहरूले मृतकलाई अपहरण गरी लगेका थिए भनी मौकामा उल्लेख गरेको कुरा अदालतमा बकपत्र गर्दासमेत उल्लेख गरेको देखिन्छ । निजको उक्त भनाई मौकामा कागज गर्ने व्यक्तिहरूको भनाईबाट पनि समर्थन भइरहेको अवस्था हुँदा मृतक अब्दुल वकिल मुसलमानको मृत्यु प्रतिवादी जोगेन्द्र भन्ने राजेश कहारको कर्तव्यबाट भएको पुष्टि हुन आएको हुँदा निजको अदालतसमक्षको इन्कारी बयान तथ्यपरक र विश्वसनीय देखिन आएन । अतः निजलाई सर्वश्वसहित जन्मकैदको सजाय गरेको पुनरावेदन अदालतको फैसला मनासिब देखिएकाले निजका हकमा साधक सदर हुने ।

प्रतिवादी जोगेन्द्र भन्ने राजेश कहारको पोलको आधारमा निज फुच्चे भन्ने रमेश नाउलाई प्रतिवादी बनाइएको देखिन्छ । यी प्रतिवादी फुच्चे भन्ने रमेश नाउको कसुरमा संलग्नता थियो भनी निजउपर जाहेरी दरखास्तमा नाम किटान भएको पाइँदैन । निज प्रतिवादीले अनुसन्धान अधिकारी र अदालतसमक्ष बयान गर्दासमेत आफूले कसुर नगरेको भनी कसुरमा इन्कार रही बयान गरेको पाइन्छ । मृतकलाई अपहरण गरी लगेको प्रत्यक्षरूपमा देखेकी मृतककी पत्नी तसलीमुन निसाले पनि जाहेरी

दरखास्तमा उल्लिखित चार जना प्रतिवादी र अन्य एकजना व्यक्तिसमेत थिए भनेको भए तापनि ती अन्य एकजना नचिनेका व्यक्ति यिनै फुच्चे भन्ने रमेश नाउ नै हुन भनी स्वतन्त्र प्रमाणबाट पुष्टि हुनसकेको देखिँदैन । त्यसका अतिरिक्त निजलाई मुलुकी ऐन अदालती बन्दोबस्तको महलको १७३ नं. बमोजिमको प्रक्रिया अपनाई वारदातस्थलमा देखिएको व्यक्ति यिनै भएको भनी सनाखत गरी पहिचान गरिएको पनि देखिएन । सहप्रतिवादी जोगेन्द्र भन्ने राजेश कहारले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा फुच्चे भन्ने रमेश नाउँको सहयोगमा मृतकलाई अपहरण गरेको हो भनी लेखाएका देखिए पनि सोही आधारमा निजको कसुरमा संलग्नता रहेको भनी ठहर गर्न मिल्ने हुँदैन । मृतक अब्दुल वकिल मुसलमानलाई मार्ने कार्यमा यी प्रतिवादी फुच्चे भन्ने रमेश नाउको संलग्नता रहेको भन्ने वस्तुगत प्रमाणको अभाव रहेको पृष्ठभूमिमा निजलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिन आउने ।

तसर्थः उल्लिखित आधार र कारणसमेतबाट प्रतिवादी जोगेन्द्र भन्ने राजेश कहारलाई मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने र प्रतिवादी फुच्चे भन्ने रमेश नाउले अभियोग दाबीबाट सफाइ पाउने ठहराएको पुनरावेदन अदालत बुटवलको मिति २०६९।६।१० को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०७२ साल मङ्सिर १८ गते रोज ६ शुभम् ।

३

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७- WO-००४२, उत्प्रेषण / परमादेश, प्रा. डा. उपेन्द्रकुमार कोइराला वि. नेपाल सरकार शिक्षा मन्त्रालयसमेत

निवेदकले व्यवस्थापिका संसद्को सार्वजनिक लेखा समितिबाट मिति २०६७।४।६ मा भएको निर्णय बदरको माग दाबी लिई प्रस्तुत रिट निवेदन दायर गरेकोमा मिति २०७२।६।३ मा नेपालको नयाँ संविधान जारी भई तत्कालीन व्यवस्थापिका संसद् एवम् सो संसद्को सार्वजनिक लेखा समितिसमेत विघटन भइसकेको अवस्था छ । निवेदकले उठाएको विषयसँग सम्बन्धित व्यवस्थापिका संसद् हाल कायम नरहेको अवस्थामा प्रस्तुत रिट निवेदन असान्दर्भिक भइसकेकोले निवेदनको औचित्यतर्फ बोलिरहन पर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७२ साल पुस ६ गते रोज २ शुभम् ।

४

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-WO-१२४८, उत्प्रेषण / परमादेश, हरि अर्याल वि. मालपोत कार्यालय, डिल्लीबजारसमेत

निवेदकले आफ्नो कि.नं. को जग्गा बढी कायम भएको भनी उल्लेख गरेपनि सोबमोजिमको जग्गा स्रेस्तामा कायम भएको भन्ने देखाउन सकेको छैन । आफ्नो स्रेस्ताभन्दा घटिबढीरूपमा जग्गा भएको भए क्षेत्रफल संशोधनका लागि कानूनी प्रक्रिया पूरा गरी मालपोत कार्यालयबाट बढी जग्गा कायम गराउनु पर्ने जिम्मेवारी यी निवेदकमै रहनेमा आफ्नो दाबीअनुसारको क्षेत्रफल कायम गराउन सकेको पाइँदैन । आयोजना क्षेत्रअन्तर्गतका जग्गाको बढी क्षेत्रफल कायम गर्ने आधिकारिक निकाय जग्गा विकास आयोजना पनि होइन । जग्गा एकीकरण आयोजनाले आफूले अधिग्रहण गरेको बखत कायम रहेको जग्गाको स्रेस्तामा उल्लेख भएको क्षेत्रफललाई मान्यता दिई सोहीबमोजिम कामकारवाही गर्नुपर्ने हुन्छ । यसरी आयोजनाले अधिग्रहण गरेका बखत कायम भएको स्रेस्तामा उल्लिखित क्षेत्रफलभन्दा घटी बढी जग्गा कायम गर्नु भनी आयोजनाको नाममा आदेश गर्न

कानूनतः मिल्ने नदेखिने।

तसर्थ माथि विवेचित आधार कारणबाट निवेदनमा उल्लिखित कित्ता जग्गाको बढी क्षेत्रफल कायम गर्ने कानूनबमोजिमको अधिकार जग्गा विकास आयोजनासँग नरहेको एवम् जग्गा अधिग्रहण गर्दा विद्यमान रहेको स्रेस्तामा आधारित भई आयोजनाले आफ्नो कार्य सम्पन्न गर्नुपर्ने हुँदा निवेदकका नाममा कायम रहेका उल्लिखित कित्ताहरूमा बढी क्षेत्रफल कायम हुने गरी जग्गाधनी प्रमाण पुर्जा दिनु भनी बढी क्षेत्रफल कायम गर्ने क्षेत्राधिकारै नभएको आयोजनाको नाममा आदेश जारी गर्न मिलेन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: सुरेशराज खनाल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल माघ ४ गते रोज २ शुभम्।

५

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-WO-०७१५, उत्प्रेषण / परमादेश, रामप्रसाद बेघा वि. पदमप्रकाश बेघासमेत

वस्तुतः रिट क्षेत्रबाट कुनै तामेली म्यादमा उल्लिखित साक्षीहरू लेखिएका वतनका हुन् वा होइनन् भनी तथ्यमा प्रवेश गरी अनुसन्धान गर्ने कुरा आउँदैन। यसका लागि छुट्टै उपचारको मार्ग अवलम्वन गर्नुपर्नेमा यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत रिटको माध्यमबाट खोजिएको उपचारबाट निरूपण हुने यो विषय नै नहुने।

मूलतः रिट निवेदकको नाममा जारी भएको पुनरावेदनको म्याद तामेल भएको मितिबाट कानूनबमोजिमको म्यादभित्र वा म्याद थाम्नु पर्ने भए थमाई पाउन माग गरी थामिएको म्यादभित्र पुनरावेदन दर्ता गर्नुपर्नेमा सोबमोजिम नगरी फैसलाको नक्कल सारेको मितिबाट थाहा पाएको मिति कायम गरी वा त्यो प्रयास असफल भएपछि तामेली भएको मितिबाटै थाम्न पाउने म्यादसमेत जोडी थमाई पुनरावेदन दर्ता गराउन खोजेको कार्य नै कानूनसम्मत देखिन नआउने।

तसर्थ उल्लिखित आधार र कारणसमेतबाट रिट निवेदकले पुनरावेदन अदालत इलाममा दर्ता गर्न ल्याएको पुनरावेदन हदम्याद नाघेकोले दर्ता गर्न नमिल्ने भनी दरपीठ गरेको निमित्त रजिस्ट्रारको आदेश र सोही आदेशलाई सदर गरेको पुनरावेदन अदालत इलामको आदेशसमेत कानूनसम्मत रहेको देखिएकोले निवेदन मागबमोजिमको आदेश जारी गरिरहन नपरी प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७२ साल फागुन ३ गते रोज २ शुभम्।

६

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०८१९, कर्तव्य ज्यान, मोतीलाल वि.क. वि. नेपाल सरकार

प्रतिवादीले मौकामा गरेको साबिती बयान र सोही बयानलाई समर्थन गर्दै अदालतमा गरेको बयानलाई बरामदी मुचुल्का, लासजाँच मुचुल्का, शव परीक्षण प्रतिवेदनलगायतका प्रमाणले समर्थन गरेको देखिएकाले यी प्रतिवादी मोतीलाल वि.क.ले मृतक प्रेमबहादुर दमाईलाई कर्तव्य गरी मारेको भनी कसुरदार ठहराई सजाय गर्ने ठहराएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मनासिब देखिन आउने।

तसर्थ उपर्युक्त आधार र प्रमाणसमेतबाट प्रतिवादी मोतीलाल वि.क.समेतले मृतक प्रेमबहादुर दमाईलाई कुटपिट गरी मारेको कसुरमा अभियोग मागदाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहराएको सुरू मुस्ताङ जिल्ला अदालतको मिति २०६७।३।८ को फैसला सदर गरेको पुनरावेदन अदालत बागलुङको

मिति २०६७।१०।२४ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

इति संवत् २०७२ साल फागुन २ गते रोज १ शुभम्।

७

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-RC-०१३२, कर्तव्य ज्यान, नेपाल सरकार वि. रामबहादुर खत्री

प्रतिवादी रामबहादुर खत्रीले आफ्नो श्रीमतीलाई घाँटी च्यापी मारेको भनी अधिकारप्राप्त अधिकारीसमक्ष साबित रही बयान गरेको, मृतकको लास गाडेको भनी प्रतिवादी आफैँले देखाएको स्थलबाट मानव कंकाल एवम् मृतकले लगाउने गरेको कपडा बरामद भई सनाखतसमेत भइआएको, बरामद भई आएका मानव कंकाल २०-२१ वर्षको महिलाको हो भनी उक्त हड्डी परीक्षण गर्ने विशेषज्ञको प्रतिवेदनमा उल्लेख भएको हुँदा उक्त अस्थिपञ्जर मृतककै भएको कुरा मिल्न भिड्न आएको, जाहेरवाला, मौकाको कागज गर्ने व्यक्तिहरूको मौकाको कागज एवम् अदालतसमक्ष भएको बकपत्र, सहप्रतिवादी इन्द्रबहादुर खत्री, प्रेमकुमारी खत्रीको मौकाको बयानसमेतका आधार प्रमाणबाट प्रतिवादीको मौकाको बयान समर्थित हुन आएको देखिँदा यी प्रतिवादीले अभियोग मागदाबीबमोजिमको कसुर गरेको भन्ने शङ्कारहित ढङ्गबाट पुष्टि हुन आएको देखिने।

अतः प्रतिवादी रामबहादुर खत्रीलाई अभियोग माग दाबीबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई भएको सुरू कैलाली जिल्ला अदालतको मिति २०६९।१२।१९ को फैसला सदर गर्ने गरी पुनरावेदन अदालत दिपायलबाट मिति २०७१।२।१३ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः सुरेशराज खनाल

कम्प्युटरः कृष्णमाया खतिवडा

इति संवत् २०७२ साल फाल्गुन ११ गते रोज ४ शुभम्।

८

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-WO-०८११, उत्प्रेषण / परमादेश, ललनप्रसाद शाह वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथसमेत

वस्तुतः बिदा कर्मचारीको अधिकार होइन सुविधा मात्र हो । सुविधा र कानूनी हकबीच अन्तर रहेको हुन्छ । सम्बन्धित संस्थाले आफ्ना कर्मचारीको वृत्तिविकासका लागि सकेसम्म अध्ययन सुविधा दिइनु राम्रो हो तर यसलाई मौलिक अथवा कानूनी हकको रूपमा दाबी गर्न नसकिने हुँदा दुवैलाई समान ठानी कानूनी उपचारको अपेक्षा गर्न नमिल्ने।

निवेदकले तलबसहितको अध्ययन बिदा माग गरेको भएपनि यो कानूनले प्रदान गरेको हक नभएको हुँदा नेपाल सरकारले मागबमोजिम स्वीकृत गर्नुपर्ने बाध्यता रहेको देखिँदैन । स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ६४ मा यसको स्पष्ट व्यवस्था रहेकै छ । कर्मचारीले माग गरेको बिदा दिने, नदिने, कति दिने, अध्ययन गर्ने विषय सम्बन्धित सेवालाई उपयोगी र आवश्यक हो होइन ? त्यसबाट संगठनले लाभ लिनसक्छ सक्दैन भन्ने जस्ता यावत कुरा विचार गरेर बिदाको सम्बन्धमा मन्त्रालयले जो चाहिने उपयुक्त निर्णय गर्न सक्ने नै हुन्छ। यसरी सेवा समूह सञ्चालन गर्ने सम्बन्धित मन्त्रालयले आफ्नो आवश्यकता र औचित्यता हेरी निर्णय गर्नुपर्ने विषयमा अदालतले रिट क्षेत्रबाट हस्तक्षेप गरी अमुक बिदा स्वीकृत हुनुपर्छ भनी निर्देशित गर्नु मनासिब नहुने।

माथि विवेचित आधार कारणबाट निवेदकले माग गरेको अध्ययन बिदा नै स्वीकृत नगरी नियमावलीको नियम ५३(५) बमोजिमको बिदा स्वीकृत गर्ने गरी भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६९।७।२७ को निर्णय एवम् निजले मिति २०६९।५।१८ देखि मिति २०७१।५।१७ सम्म भुक्तानी लिएको तलब भत्ता असुलउपर गर्नेगरी भएको

निर्णय स्वास्थ्य सेवा नियमावली, २०५५ विपरीत रहेको भन्न मिलेन। तसर्थ यसबाट निवेदकको मौलिक तथा काननी हक हनन् भएको भन्ने नदेखिएको हुँदा मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत (उपसचिव): सुरेशराज खनाल

कम्प्युटरः रमेश आचार्य

इति संवत् २०७२ फागुन १२ गते रोज ४ शुभम्।

९

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६९-CR-०२११, ०६९-CR-०२३७, वैदेशिक रोजगार ठगी, नेपाल सरकार वि. सुदर्शन लामिछाने र सुदर्शन लामिछाने वि. नेपाल सरकार

जाहेरवालाहरूलाई आफूले नचिनेको दाबी गरेपनि आफ्नो खातामा रकम जम्मा भएको स्वीकारै गरेको देखिन्छ । जाहेरवालासँग आफ्नो चिनजान नै नभएको व्यक्तिले प्रतिवादीको खातामा नम्बर थाहा पाउने अवस्था रहँदैन। चिनजान र कारोबार नै नभई प्रतिवादीको खातामाबिना प्रयोजन दुई / दुई लाख रूपैयाँ जम्मा गर्ने अवस्था पनि आउँदैन । प्रतिवादी सुदर्शन लामिछानेले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० बमोजिम वैदेशिक रोजगारको व्यवसाय सञ्चालन गर्न इजाजत नै नलिई जाहेरवाला रामप्रसाद शर्माका आफन्त मानिसहरू अमृत सापकोटा र निमा भुषाललाई क्यानडामा रोजगार दिलाइदिन्छु भनी झुट्ठा आश्वासन तथा प्रलोभन देखाई रकम लिएको र निजहरूलाई विदेशमा नपठाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीत कसुर गरेको पुष्टि हुन आउने।

कामना विकास बैंकको सन् २०१०।१०।२१ को नगद जम्मा भौचरबाट रू.२,००,०००।– (दुई लाख रूपैयाँ) मात्र प्रतिवादी सुदर्शन लामिछानेलाई दिएको पुष्टि हुन आएकोले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ अनुसार १।६।० (एक वर्ष छ महिना) कैद र रू. १,५०,०००।– (एक लाख पचास हजार रूपैयाँ) जरिवाना हुने ठहर्छ । बिगोको हकमा रू. १०,५०,०००।– (दश लाख पचास हजार) र सोको ५०% हर्जाना जाहेरवालालाई भराइपाउँ भन्ने अभियोग दाबी भएकोमा मिसिल संलग्न कामना विकास बैंकको भौचरबाट जाहेरवालाले प्रतिवादीको खातामा रू. २,००,०००।– मात्र जम्मा गरेको देखिँदा रू. १०,५०,०००।– (दश लाख पचास हजार) र सोको ५०% हर्जाना भराइपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने।

अतः माथि विश्लेषण गरिएका आधार कारण र प्रमाणबाट प्रतिवादीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ अनुसार १।६।० (एक वर्ष छ महिना) कैद र रू. १,५०,०००।– (एक लाख पचास हजार रूपैयाँ) जरिवाना हुने र प्रतिवादीको खातामा रू. २,००,०००।– मात्र जम्मा गरेको देखिँदा उक्त रू. २,००,०००।– (दुई लाख रूपैयाँ) र सोको ५०% ले हुने रू. १,००,०००।– (एक लाख रूपैयाँ) समेत गरी जम्मा रू. ३,००,०००।– (तीन लाख रूपैयाँ) सम्म हर्जानाबापत जाहेरवालाले प्रतिवादीबाट भरिपाउने र रू. १०,५०,०००।– (दश लाख पचास हजार) र सोको ५०% हर्जाना भराइपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंको मिति २०६८/८/१८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७३ साल मङ्सिर १२ गते रोज १ शुभम्।

१०

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६८-CI-११५४, लिखत बदर, माला राज्यलक्ष्मी शाह वि. राजिव विक्रम शाह

एकातर्फ आफूले २०४८ सालमा मिलापत्रबाट

पाएको भनेको कि.नं.१४२ को जग्गामध्ये केही जग्गा सडक विस्तारमा परेको केही जग्गा यिनै वादीले हा.व. गरी लिएको र सोही जग्गामध्येबाट बाँकी रहेको जग्गा प्रतिवादी राजिव शाहलाई हस्तान्तरण गरेको देखिएको अवस्थामा हदबन्दीबाट मिति २०५६।२।२७ मा भूमिसुधार कार्यालयबाट फुकुवा हुने बित्तिकै मिलापत्रबमोजिम पूरै जग्गा दा.खा. माग गर्न जानुपर्नेमा वादीले २०४८ सालको मिलापत्रबाट पाएको जमिनको ज.प. को २(क) नं. ले जहिलेसुकै पनि दाखेल खारेज गराउन पाउने मेरो हक सुरक्षित रहेको छ भनी चुप लागेर बसी राजिव विक्रम शाहले मिति २०६१।७।२६ मा शेषपछिको बकसपत्रको लिखतबाट हक प्राप्त गरी सोही जग्गा टि.आर. रियलस्टेट एण्ड लिजिङ्ग कम्पनी प्रा.लि. का नाउँमा मिति २०६३।३।३२ गते र.नं. १५१०१(क) बाट लिखत पारित गरेको थाहा हुन आएको भनी मिति २०६४।७।११ मा मात्र २०४८ सालको मिलापत्रबमोजिमको जग्गा दा.खा. गरिपाउँ भनी पूरक निवेदन लिई गएको देखिँदा जतिसुकै पछि आएपनि ज.प.को २ नं. बमोजिम दा.खा. गरिदिनुपर्छ भनी अर्थ गर्न मिल्ने नदेखिने।

राजीव विक्रम शाहले मिति २०६१।७।२६ मा शेषपछिको बकसपत्रको लिखतबाट हक प्राप्त गरी सोही जग्गा टि.आर. रियलस्टेट एण्ड लिजिङ्ग कम्पनी प्रा.लि. का नाउँमा मिति २०६३।३।३२ गते र.नं. १५१०१(क) बाट लिखत पारित गरेको थाहा हुन आएको भनी मिति २०६४।७।११ मा मात्र २०४८ सालको मिलापत्रबमोजिमको जग्गा दा.खा. गरिपाउँ भनी पूरक निवेदन लिई गएको देखिँदा हदबन्दीबाट जोगिनका लागि मिलुवा मुद्दा गरी मिलापत्र गरेको अवस्था रहेकोले बीचमा गएर हालैदेखिको बकसपत्र गरी दिने लिने गरेको देखिँदा उक्त जग्गा २०६१।७।२६ सम्म विन्दुदेवी राणाकै हकभोगमा रहेको मान्नुपर्ने देखियो । निज विन्दुदेवीले आफ्नै हकभोग र दर्ता स्रेस्तामा कायम रहेको जग्गा राजिवविक्रम शाहलाई शेषपछिको बकसपत्रको लिखत गरी दिएको र सो जग्गालाई निज प्रतिवादी राजिवविक्रम शाहले टि.आर. रियल स्टेटलाई हस्तान्तरण गरी दिएको कार्य दूषित दर्ता भएकोले स्वतः बदर हुनुपर्छ भन्ने जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ माथि विश्लेषण गरिएका आधार कारण र प्रमाणसमेतबाट प्रतिवादी राजिव विक्रम शाहले विन्दुदेवी राणाबाट मिति २०६१/७/२६ मा पाएको शेषपछिको बकसपत्र लिखत र सो लिखतका आधारमा भएको निजका नामको विवादित जग्गाको दर्ता बदरमा वादीको दाबी नपरेको लिखत र दर्तासमेत कायमै रहेको अवस्थामा वादी दाबी मिति २०६३।३।३२ को लिखत बदर गर्ने गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६५।११।१३ को फैसला उल्टी हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनले गरेको मिति २०६८/७/६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७३ साल मङ्सिर १३ गते रोज २ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्

- ०६८-CI-११५३, घर भत्काइपाउँ, माला राज्यलक्ष्मी शाह वि. राजिव विक्रम शाहसमेत
- ०६८-CI-११५५, दृष्टिबन्धक लिखत बदर, माला राज्यलक्ष्मी शाह वि. राजिव विक्रम शाह

११

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६८-CI-११५६, परमादेश, हरिबहादुर सिंहसमेत वि. राजिवविक्रम शाहसमेत

खासगरी अपराध अनुसन्धानको कार्य कार्यपालिकीय निकायअन्तर्गत प्रहरीको हो भन्ने कुरा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ ले स्पष्टरूपमा व्यवस्था गरेको देखिन्छ । अर्कोतर्फ अपराध

अनुसन्धान गर्ने अधिकार पाएको प्रहरी निकायलाई यसरी अपराध अनुसन्धान गर्नु, अभियुक्तलाई पक्राउ गर्नु भनी अदालतले आदेश दिँदा त्यस्ता निकायलाई कानूनले दिएको अधिकारक्षेत्रमाथि हस्तक्षेप हुन जान्छ। त्यसैगरी पुनरावेदकले विवाद उठाएको टायल चेकको विषयमा मानवीय त्रुटि हुन गएकोले सच्चाइ सकिएको छ भनी नापी शाखा डिल्लीबजारले आफ्नो लिखित जवाफमा बेहोरा उल्लेख गरेको देखिन आएको छ भने नापीका कर्मचारीहरूलाई निवेदक / पुनरावेदकले विपक्षी बनाएकोसमेत नदेखिने।

अतः माथि विश्लेषण गरिएका आधार कारण र प्रमाणसमेतबाट अपराध अनुसन्धानको विषयमा प्रहरी निकायलाई जाहेरी पर्ने वित्तिकै अपराध अनुसन्धान गर्नु भनी हस्तक्षेप गर्न नमिल्ने र विपक्षी बनाउनुपर्ने नापी कार्यालयका कर्मचारीलाई विपक्षीसमेत बनाएको नदेखिँदा रिट निवेदन खारेज गर्ने ठहर्‍याएको पुनरावेदन अदालत पाटनको मिति २०६८/७/६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७३ साल मङ्सिर १३ गते रोज २ शुभम्।

१२

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-RC-०२००, कर्तव्य ज्यान, नेपाल सरकार वि. प्रेम सिंह भण्डारी

प्रतिवादीले अदालतमा गरेको बयानमा "मैले भोक लागेपछि बजारमा गई समोसा र फ्रूटी किनेर कोठामा ल्याई म र श्रीमतीले सँगै नास्ता गरेका हौँ। त्यसपछि आफूबाहिर गएको र फर्की आउँदा श्रीमती बिरामी भई उल्टी गरिरहेको फेला पारेको भनी बयान गरेबाट उक्त नास्ता आफैँले बजारबाट खरिद गरी ल्याएको देखिएको र निजकै कोठाबाट बरामद भएको आधासमोसा र फ्रूटीमा Phosphine Gas पाइएको भन्ने परीक्षण प्रतिवेदनबाट देखिएकाले सोही समोसा र फ्रूटीमा विषादी मिसाइएको पाइएको र सोही कारण निज मानमती देवी भण्डारीको मृत्यु भएको देखिन आएकाले प्रतिवादी प्रेमसिंह भण्डारीलाई ज्यानसम्बन्धी महलको १३(२) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरी सुरू कैलाली जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत दिपायलबाट भएको फैसला मिलेको देखिन आउने।

अतः विवेचित तथ्य, आधार र प्रमाणबाट प्रतिवादी प्रेमसिंह भण्डारीले आफ्नी श्रीमती मानमति देवी भण्डारीलाई विष सेवन गराई कर्तव्य गरी मारेको पुष्टि भएकाले निजलाई ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा १३(२) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई सुरू कैलाली जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत दिपायलबाट मिति २०७२/५/२८ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल मङ्सिर २३ गते रोज ५ मा शुभम्।

१३

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CI-०२८५, अंश दर्ता, लक्ष्मीनिया देवीसमेत वि. रूवीकुमारी यादव

स्थानीय भद्र भलाद्मीहरूको रोहबरमा वादी बुहारीलाई विवाहमा माइती पक्षले कम दाइजो दिएको निहुँमा कुटपिट गरेको र थप दाइजो दिन वादीको माइती पिता मातालाई बाध्य तुल्याइको तथ्य उक्त सम्झौताबाट उद्घोषित भइरहेको अवस्था छ। यसरी पुनरावेदकहरूले वादीलाई दाइजोका नाममा शारीरिक र मानसिकरूपमा प्रताडना दिएको भनी लिखितरूपमा स्वीकार गरी सहिछाप गरेको कुरा प्रमाण ऐन, २०३१ को दफा ३४ बमोजिम प्रतिवादीहरूको विरूद्ध प्रमाणमा लिन मिल्ने नै हुँदा प्रत्यर्थी वादी आफैँ घरबाट सुनका गरगहना लिई माइतीमा गएको भन्ने प्रतिवादीहरूको

प्रतिउत्तर र पुनरावेदन जिकिर वस्तुपरक र तथ्यगत रहेको देखिन नआउने।

प्रतिवादीहरूको प्रतिउत्तर भनाई तथ्यगत र वस्तुगत आधार प्रमाणमा आधारित नरहेको र दाइजो कम भएको निहुँमा प्रतिवादीहरूले वादीलाई शारीरिक, मानसिक एवम् मानवीय दुर्व्यवहार गरेको भन्ने तथ्य स्थानीय भद्र भलाद्मीको रोहबरमा भएको सम्झौताबाट पुष्टि भएको सन्दर्भमा सम्पूर्ण परिवार र लोग्नेसमेतबाट अपमानजन्य व्यवहार भई असमान्य परिस्थितिमा माइत जाँदा गहनासमेतका सबै धनमाल साथै लैजान असम्भव हुने हुँदा वादीले नै लगेको भन्ने प्रतिउत्तर र पुनरावेदन जिकिर विश्वासप्रद रहेको पाइएन । वादीले फिरादमा देखाएको उपर्युक्त सुनका गहना, नगद, मोटरसाइकल तथा अन्य मालसामान बन्डा गरेको नदेखिएको र मुलुकी ऐन, स्त्री अंशधनको महलअनुसार कुनै पनि स्वास्नी मानिसलाई माइती र लोग्नेपट्टिका नातेदारहरूले दिएको दाइजो र पेवा निजले आफूखुस गर्न पाउने हुँदा वादीले विवाह स्वरूप प्राप्त गरेको सुनका गहनासमेतका दाबीको धनमालहरू वादीको फिर्ता नपाउने भन्न नमिल्ने।

सामान्यतः महिला वादी प्रतिवादी भएको अंश र सम्बन्ध विच्छेद मुद्दासँग मासिक खर्च भराउने विषय जोडिएर आउने गर्छ । मासिक खर्च भराउने विषय सम्पत्तिको अधिकार भएको तर तत्काल उपभोग गर्नबाट वञ्चित भएको पीडितहरूको बाँच्ने विषय जस्तो मानवीय संवेदनासँग सम्बन्धित रहेको हुँदा अंश मुद्दाको रोहमा परेको पूरक निवेदन मागअनुरूप भराउन नमिल्ने भन्न न्यायोचित हुँदैन । त्यसमा पनि वादीको निवेदन मागअनुरूप जिल्ला अदालतले प्रतिवादीहरूको आर्थिक हैसियत सम्बन्धमा आवश्यक जाँचबुझ र वस्तुगतरूपमा विश्लेषण गरी प्रतिवादीहरूले वादीलाई जीविकोपार्जन बापत अंश भागका जग्गा निजको नाममा नआएसम्म प्रति महिना मासिक रू. ६०००।– का दरले दिनुपर्ने भनी मिति २०६९।१२।११ मा आदेश भई सो आदेश पुनरावेदन अदालत जनकपुरबाट समेत सदर हुने गरी मिति २०७०।३।२७ मा आदेश भई अन्तिम रहेको अवस्था हुँदा खाना खर्च भराएको मिलेन भन्ने पुनरावेदन जिकिरसमेत न्यायोचित रहेको नपाइने।

तसर्थ, माथि विवेचित आधार र कारणबाट सुरू फैसला केही उल्टी गरी ऋणको सम्बन्धमा साहुको उजुर परेका बखत हुने र प्रतिवादी सुनिल कुमार यादवको विवाह खर्च पर सारी बाँकी रहेको सम्पत्तिलाई चार भाग लगाई चार भागको एक भाग प्रतिवादीमध्येको राम परमेश्वर यादवको भागमा पर्ने सम्पत्तिलाई दुई भाग लगाई सोबाट एक भाग वादीले अंश पाउने र फिराद दाबीमा उल्लिखित दाइजो स्वरूप दिइएको नगद, सर सामान र गर गहनासमेत प्रतिवादीहरूबाट वादीले फिर्ता लिन पाउने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७१।११।२७ मा भएको फैसला मिलेको हुँदा सदर हुने।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल भदौ १४ गते रोज ४ मा शुभम् ।

१४

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६७-WO-०३९९, उत्प्रेषण / परमादेश, तारानाथ घिमिरे वि. नेपाल औद्योगिक विकास निगम (वित्तीय संस्था) को प्रधान कार्यालय, दरबारमार्गसमेत

निवेदक अध्यक्ष पदमा निर्वाचित भएको मितिले २ वर्षको पदावधि रहने व्यवस्था नेपाल औद्योगिक विकास निगम लिमिटेड स्वतन्त्र कर्मचारी संघको विधान २०५८ को परिच्छेद १०(१) को व्यवस्था रहेबाट यी निवेदकले माग गरेबमोजिम निजको विधानबमोजिम अध्यक्ष पदमा रहने अवधि २०६७।१२।५ सम्म मात्र रहेको अवस्थामा अब निवेदकको मागबमोजिमको पदावधि नै समाप्त भइसकेको अवस्थामा प्रस्तुत रिट निवेदनको औचित्य

नै समाप्त भइसकेको देखिँदा निवदेन मागबमोजिम तथ्यभित्र प्रवेश गरी आदेश गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: ईश्वरीप्रसाद भण्डारी

इति संवत् २०७४ साल भदौ ११ गते रोज १ शुभम्।

१५

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६८-WO-०७२०, उत्प्रेषण / परमादेश, तारानाथ घिमिरे वि. एन.आई.डि.सि. डेभलपमेन्ट बैक लि.समेत

निवेदकले सरूवापश्चात् सोही सरूवा सम्बन्धमा भएका कारवाहीउपर मुद्दा चली सरूवा यथास्थितिमा राख्नु भन्ने अन्तरिम आदेश गरेकोले मुद्दा किनारा भएपछि सरूवा भएको ठाउमा जान तयार छु भनी निवेदनसहित आफ्नो कार्यालयमा श्रम अदालतको आदेश लिई हाजिर हुन जाँदा हाजिर नगराइएकोमा र निवेदकका बाबु बिरामी भई केही दिन गैरहाजिर रहनुको कारण बुबाको बिरामी भएको भनी टिचीङ अस्पतालको कागजात र गा.वि.स.को सिफारिससमेत पेस गरेकोमा निर्णयकर्ताले अदालतको आदेशका साथै बिरामी परी उपचारमा संलग्न रहनु परेको मनासिब  मानवीय समवेदनातर्फ विचार गरेको नदेखिनुका साथै ट्रेड युनियन ऐन, २०४९ को दफा २३ (क) को संरक्षणको कारणलेसमेत सरूवा गरिएको कार्यालयमा हाजिर हुनु नपर्नेसमेत बेहोरा उल्लेख गरी निवेदन दिएको तर पछि हाजिर हुन जाँदा हाजिर नगराइ हुलहुज्जत गर्न आएको भनी कार्यालयमा प्रवेश नदिएको अवस्थामा एउटै घटनाबाट विभिन्न आरोप लगाई पटकपटक अनुशासनको उल्लङ्घन गरेको भनी विनियमावलीको दफा १७.५.१.(ग) को गर्न नहुने आचरण गरेको भनी आधार लिइ सेवाबाट वर्खास्त गर्ने गरी भएको मिति २०६८।५।२२ को निर्णय कानूनसम्मत देखिन नआउने।

निवेदकउपर विशेष सजाय प्रस्ताव गर्दा विनियमावलीको दफा १७.९.१ बमोजिम सजाय दिन पाउने अधिकारीले सजायको आदेश दिनुभन्दा अघि लागेको आरोप र प्रमाणित भएमा हुने सजायसमेत उल्लेख गरी व्यक्तिमाथि लगाएको आरोप र कारणमा आधारित स्पष्टिकरणको मागसहित सफाइको मौका दिनुपर्नेमा एकै पटक सार्वजनिक पत्रिकामा स्पष्टिकरण माग गर्ने गरी प्रकाशित गरिएको सूचनाले यी निवेदकउपर सजाय गर्दा अपनाउनुपर्ने कार्यविधिको पूर्णरूपले पालना गरेको नदेखिँदा कार्यविधिगत त्रुटि रही गरिएको सजायको निर्णय कार्यान्वयन गर्न मिल्ने नदेखिँदा अनुशासनको बारम्बार उल्लङ्घन गरी आचरण विपरीत कार्य गरेबाट सेवाबाट हटाइएको भन्ने प्रत्यर्थी एन.आइ.डि.सि. बैंकको जिकिर र सो तर्फबाट उपस्थित विद्वान्हरूको बहससँग सहमत हुन नसकिने।

यसरी निवेदकलाई सेवाबाट बर्खास्त गर्दा कर्मचारी सेवा सर्त विनियमावली, २०६३ बमोजिम अनुशासनको बारम्बार उल्लङ्घन गरी विनियमावलीको दफा १७.५.१ (ग) को आचरण स्थापित गर्न नसकेको, सजाय प्रस्ताव गर्दा सजायसम्बन्धी कार्यविधिको दफा १७.९.१ अनुरूपको कार्यविधिको पालना नगरेको, वद्नियतका साथ कर्मचारी संघको अध्यक्षबाट हटाउने, निवेदकलाई गरिएको सरूवालाई यथास्थितिमा राख्ने भन्ने अदालतको आदेशविपरीत सरूवा गरी हाल सरूवा स्थगित गरिपाउँ भन्ने निवेदन दिँदादिँदै सेवाबाट बर्खास्त गर्दा पालना गर्नुपर्ने कार्यविधिको पालनासमेत नगरी निवेदकलाई सेवाबाट हटाउने गरी महाप्रबन्धकबाट मिति २०६८।५।२२ मा भएको निर्णयलाई सदर गरी पुनरावेदन समितिबाट मिति २०६८।९।२० मा भएको निर्णयसमेत उत्प्रेषणको आदेशबाट बदर गरी दिएको छ । अब निवेदकलाई पूर्ववत् सेवामा बहाल गरी सेवाबाट बर्खास्त गरेको

मितिबाट बहाली मितिसम्मको तलबको आधा तलब दिलाई भराई दिनु भनी परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत: ईश्वरीप्रसाद भण्डारी

इति संवत् २०७४ साल भदौ ११ गते रोज १ शुभम् ।

१६

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री सारदाप्रसाद घिमिरे,** ०७१-WO-००९२, उत्प्रेषण / परमादेश, सविता मोहीनी श्रेष्ठसमेत वि. पदपूर्ति समिति, नेपाल कृषि अनुसन्धान परिषद्, सिंहदरबारसमेत

निवेदकहरू परिषद्को कर्मचारी विनियम, २०४९ मा भएको व्यवस्थाबमोजिम नियुक्ति पाई कार्य गरी आएको देखिन्छ । २०५५ सालमा भएको प्रथम संशोधनको टि ६ मा सेवा प्रवेशको न्यूनतम शैक्षिक योग्यता BSc in agriculture अथवा pure science मा MSc गरेको हुनुपर्दछ भन्ने व्यवस्था राखेको देखिन्छ । उपर्युक्त संशोधित प्रावधान संशोधित व्यवस्था लागू हुनुपूर्व नै नियुक्ति पाइसकेका यी रिट निवेदकको हकमा सेवा सर्तको व्यवस्थाबमोजिम आकर्षित हुनसक्ने देखिएन । संशोधित व्यवस्था, २०५५ सालमा मात्र लागू भएको र उक्त संशोधन लागू भएपछि सेवा प्रवेश गर्नेको हकमा मात्र उक्त Bsc in Agriculture र Pure science मा Msc हुनुपर्ने भन्ने व्यवस्था आकर्षित हुने स्पष्ट देखिन्छ । तर यी रिट निवेदकहरू सबै उक्त संशोधन लागू हुनुभन्दा पूर्व नै सेवा प्रवेश गरेको देखिएकोले निजहरूको हकमा पछि संशोधन भएको व्यवस्था आकर्षित हुने नभई निजहरू सेवा प्रवेश गर्दाको अवस्थामा भएको शैक्षिक योग्यता नै लागू हुने ।

अतः माथि विश्लेषण गरिएका आधार कारण र प्रमाणसमेतबाट नेपाल कृषि अनुसन्धान परिषद् कर्मचारी सेवा सर्त विनियमावली २०४९ को विनियम १९क, ख मा हुने टि ८ पदमा बढुवाको लागि चाहिने शैक्षिक योग्यता रिट निवेदकहरू टि ७ पदमा बढुवा समायोजन हुँदा पेस गरेको शैक्षिक योग्यता नै टि ८ को लागिसमेत सोही शैक्षिक योग्यता आकर्षित हुने देखिँदा नेपाल कृषि अनुसन्धान परिषद्को पदपूर्ति समितिले मिति २०७०।१२।२ परिषद्को विज्ञापन नं.२७।०७०।०७१ मा प्रकाशित विज्ञापनअनुसार निवेदकहरूलाई शैक्षिक योग्यताबापतको अंक प्रदान नगर्ने गरी गरिएको निर्णय उत्प्रेषणको आदेशले बदर गरी दिएको छ । उल्लिखित बढुवामा निवेदकहरू सविता मोहीनी श्रेष्ठ, विमला शर्मा र सुदिप गौतमलाई शैक्षिक योग्यताबापतको अंक प्रदान गरी मिति २०७०।१२।२ देखि नै लागू हुने गरी परिषद्को भर्टिकल बढुवाबाट समूह टि ८ तह वरिष्ठ प्राविधिक अधिकृत पदमा बढुवा पदस्थापन गरी बढुवा पदमा काममा लगाउनु भनी परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७४ साल असार ४ गते रोज १ शुभम् ।

१७

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री मीरा खड्का,** ०६९-CR-०२३६, लागु औषध (ब्रुप्रिनर्फन), विसन गुरूङ वि. नेपाल सरकार

पुनरावेदकले खरिद बिक्रीसमेतको कारोबारमा इन्कारी रही तथा सेवनमा साबिती रही अदालतमा बयान गरेको भए तापनि अदालतमा भएको उक्त इन्कारीलाई पुष्टि गर्ने कुनै आधार प्रमाण पुनरावेदकले पेस गर्नसकेको अवस्था देखिएन । साथै बरामद भएको लागु औषधको परिणाम (७१ थान ब्रुपिनर्फिन र १५५ थान डाइजापाम) हेर्दा केवल सेवन मात्र गर्छु भन्ने पुनरावेदकको भनाईमा विश्वास गर्नु मनासिब हुन आएन । केही समय अघिदेखि लागु औषध सेवन गर्न थालेको हुँ, बिक्री वितरण गर्दिन भनी अदालतमा यी पुनरावेदकले भने तापनि बरामदी लागु औषधको मात्राले पुनरावेदकको उक्त भनाई आफैंमा खण्डित हुन पुगेको छ । मबाट बरामद भएको होइन सँगै आएका विशाल भन्ने साथीको झोलामा उक्त लागु

औषध भेटिएको हो भनी पुनरावेदकले दाबी जिकिर लिए पनि ती साथीको स्पष्ट नाम थर वतन खुलाउन तथा तीउपर समेत अभियोग दायर हुन नसकेबाट यी पुनरावेदकको साथमा उक्त लागु औषध बरामद भएको होइन भन्ने निजको जिकिरसमेत विश्वासयोग्य हुन सकेन । यस्तो परिप्रेक्ष्यमा यी पुनरावेदकले अभियोग दाबीबमोजिम नै लागु औषध ओसारपसार तथा बिक्री वितरणसमेत गरी लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ)(च) र (छ) अन्तर्गतको कसुर गरेको देखिने ।

कानूनले निर्णयकर्तालाई तजबिजी अधिकार दिएपनि निर्णयकर्ताले उक्त अधिकार तर्कसङ्गत, विवेकसँग र न्यायसँगत ढङ्गले प्रयोग गर्नुपर्ने ।

लागु औषध मुद्दा आफैँमा गम्भीर प्रकृतिको अपराध भएपनि तजबिजी अधिकार प्रयोग गरी सजाय निर्धारण गर्दा अपराधी भविष्यमा थप अपराध गर्नबाट निरूत्साहित होस् र समाजमा पुर्नस्थापित भई सामाजिक जीवनयापन गर्न उसलाई असहज नहोस् भन्ने कुराहरूको बीचमा सन्तुलन कायम हुने गरी सजाय निर्धारण गर्नु सैद्धान्तिक दृष्टिकोणमा न्यायोचित मानिने ।

पुनरावेदक तुलनात्मकरूपमा कम उमेरको देखिनु (करिब ३३ वर्ष) का साथै निजले आफू साथी सङ्गतको कारण आपराधिक कार्यमा संलग्न भई गल्ती हुन पुगेको र अब सच्चिएर समाजमा बस्न र अगाडि बढ्न चाहन्छु भनी पुनरावेदन पत्रमा उल्लेख गरेको कुरासमेतलाई मनन गर्दा प्रस्तुत मुद्दामा पुनरावेदन अदालत पोखराबाट यी पुनरावेदक / प्रतिवादीलाई उल्लिखित कसुरमा ३(तीन) वर्ष कैद र रू.१,२५,०००।– जरिवाना हुने ठहर गरी तोकिएको तजबिजी सजाय मनासिब देखिन नआउने ।

अतः माथि विवेचित तथ्य, आधार र कारणसमेतबाट प्रस्तुत मुद्दामा पुनरावेदन अदालत पोखराबाट मिति २०६८।९।१७ मा भएको फैसला केही उल्टी भई यी पुनरावेदक / प्रतिवादी विसन गुरूङलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(झ) बमोजिम २ वर्ष कैद र रू. १,००,०००।– (एक लाख) जरिवाना हुने ।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल
कम्प्युटरः विकेश गुरागाईं
इति संवत् २०७४ साल जेठ २४ गते रोज ४ शुभम् ।

१८

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या. डा. आनन्दमोहन भट्टराई,** ०६८-WO-००९५, उत्प्रेषण, विवेक कार्कीसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत

निवेदकहरूले दाबी गरेको कि.नं. १५७ को जग्गा मालपोत ऐन, २०३४ को दफा २ को खण्ड (ख३) ले परिभाषित गरेबमोजिम सार्वजनिक प्रकृतिको देखिएको र सार्वजनिक जग्गा कोही कसैले दर्ता वा आवाद गर्न नहुने र कसैले दर्ता वा आवाद गरेको भएमा त्यस्तो दर्ता स्वतः बदर हुने र त्यस्तो व्यक्ति विशेषका नाममा दर्ता भएको जग्गाको मालपोत कार्यालयले दर्ता बदर गरी नेपाल सरकारको नाममा कायम गर्ने भन्ने व्यवस्था मालपोत ऐन, २०३४ को दफा २४ ले गरेको देखिएबाट यस्तो सार्वजनिक प्रकृतिको गौचरन पर्ती जनिएको जग्गा दर्ता गर्ने गराउने वा आवाद गर्न गराउनसमेत ऐनको दफा २५ र २६ ले निषेध गरेको हुँदा त्यस्तो जग्गा दर्ता तथा आवाद गर्ने गराउने हक सृजना हुन नसक्ने र मालपोत कार्यालयले २०५१/३/२४ मा जग्गा नेपाल सरकारका नाउँमा कायम गर्ने गरी भएको निर्णयका सम्बन्धमा कुनै दाबी नगरी बसेको देखिँदा निवेदन मागबमोजिम आदेश जारी हुनसक्ने अवस्था नदेखिने ।

अतः उल्लिखित तथ्य एवम् आधार कारणबाट निवेदकहरूले दाबी गरेको जग्गा सार्वजनिक प्रकृतिको गौचर पर्ती भन्ने देखिएको र सार्वजनिक पर्ती जग्गा कोही कसैले दर्ता गर्न गराउन नहुने र दर्ता गरेको

भएमा मालपोत कार्यालयले दर्ता बदर गरी नेपाल सरकारको नाममा कायम गर्न सक्ने भनी मालपोत ऐन, २०३४ को दफा २४ मा प्रस्ट कानूनी व्यवस्था रहेको देखिँदा निवेदन मागबमोजिम उत्प्रेषण / परमादेश जारी हुने अवस्थाको विद्यमानता देखिएन रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

इति संवत् २०७४ साल असार २६ गते रोज २ शुभम्।

१९

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०७३-RC-००१०, कर्तव्य ज्यान (साधक), नेपाल सरकार वि. सुनिल सदा

अभियोग दाबीमा साबित भई प्रतिवादी सुनिल सदाले बयान गरेको र मिसिल संलग्न घटनास्थल मुचुल्का, जाहेरी दरखास्त तथा घटना विवरण कागज र बरामद भएको बञ्चरोसमेतबाट निजको सो बयान प्रमाणित भएको र बञ्चरो जस्तो धारिलो जोखिमी हतियारले पत्नीको घाँटीमा प्रहार गरी कर्तव्य गरी मारेको देखिएकाले निज सुनिल सदालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी भएको सुरू सप्तरी जिल्ला अदालतको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत राजविराजबाट भएको फैसला मनासिब देखिन आउने।

प्रतिवादीको बयान तथा मिसिल संलग्न तथ्यबाट मृतक राजोदेवी सदाको चरित्रमाथि शङ्का गरी श्रीमतीलाई प्रतिवादीले पटकपटक सम्झाउने प्रयास गरेको देखिएको र प्रतिवादीले आफ्नी श्रीमतीलाई मार्नुपर्ने अन्य कारण मिसिल संलग्न प्रमाणबाट पुष्टि हुनसकेको देखिँदैन । मृतकको चरित्रका कारण आवेशमा आई निजलाई मारेको भनी प्रतिवादीले अनुसन्धानको क्रममा र अदालतमा बयान गर्दासमेत स्वीकार गरी अनुसन्धान तथा न्यायिक प्रक्रियामा सहजता प्रदान गरेको तथा श्रीमतीलाई मार्नु पर्नेसम्मको पूर्वरिसइवी रहेको भन्ने पुष्टि हुनसकेको नदेखिएको र अपराध गर्दाको अवस्थासमेतलाई विचार गर्दा यी प्रतिवादी सुनिल सदालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने हुँदा अ.बं. १८८ नं. बमोजिम निजलाई १५ वर्ष कैद सजाय गर्दा न्यायको मकसद पूरा हुने देखिन आउने।

अतः उल्लिखित तथ्य एवं आधार प्रमाणबाट प्रतिवादी सुनिल सदाले अभियोग दाबीअनुसारको कसुर गरेकोले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत राजविराजको मिति २०६८/११/१७ को फैसला मिलेकै देखिँदा साधक सदर हुने ठहर्छ । साथै सोबमोजिम निजलाई सजाय गर्दा चर्को पर्न जाने हुँदा अ.बं. १८८ नं. बमोजिम राय व्यक्त गरी १५ वर्ष कैदको सजाय हुन मनासिब देखिँदा निज सुनिल सदालाई १५ वर्ष कैदको सजाय हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७४ साल असार २७ गते रोज ३ शुभम्।

२०

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६७-CI-१३६६, निर्णय बदर, चिनी खड्का वि. मदनकृष्ण खड्का

कि.नं. ३९७ समेतका जग्गाको मोही म होइन। दाजु यज्ञबहादुर खड्का हुन। भूलबाट मेरो नाम लेखिन गएकोले सच्याई यज्ञबहादुरको नाम कायम गरिपाउँ भनी आफैँ भूमि प्रशासन कार्यालयमा उपस्थित भई निवेदन दिई सनाखतसमेत गरेको कागजलाई हक हस्तान्तरण गरेको कागज मान्न मिल्दैन। दाजुको मोही कायम हुनुपर्नेमा मेरो नाम जनिन गएकोले सच्याई पाउँ भनी दाजुभाइका बीचमा भएको सहमतिअनुसार दिएको निवेदनलाई हक हस्तान्तरणको कागज भनी व्याख्या गर्नु न्यायोचित नहुने।

पुनरावेदक / प्रतिवादी चिनी खड्काका पति नरबहादुर खड्काले आफ्नो नाममा जनिएको मोही भूलवश जनिएकोले सच्याई पाउँ भनी भूमि प्रशासन कार्यालयमा गई दिएको निवेदन र सो निवेदनउपर गरेको सनाखतसमेतलाई कानूनले बन्देज गरेको कागज गरेको भनी अर्थ लगाउनु न्यायसङ्गत नहुने ।

नरबहादुर खड्काले आफ्ना नाउँमा कि.नं. ३९७ को जग्गामा जनिएको मोहीयानी हक निजले आफैँ भूमि प्रशासन कार्यालयमा गई निवेदन दिई भूमि प्रशासन कार्यालयको मिति २०२५/१२/१७ को निर्णयबाट निजको मोही हक समाप्त भइसकेको देखिँदा उक्त कि.नं. ३९७ को जग्गाको मोही पुनरावेदकका पर्ती नरबहादुर रहेको नदेखिएकाले पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा भन्न सकिने नदेखिने ।

अतः उल्लिखित तथ्य एवम् आधार कारणबाट भूलवश उक्त कि.नं. ३९७ को जग्गामा आफ्नो नाम मोहीको रूपमा जनिएकोले सो सच्याई यज्ञबहादुर खड्काको नाम कायम गरिपाउँ भनी यी पुनरावेदकका पति नरबहादुर खड्काले निवेदन दिएका आधारमा तत्कालीन भूमि प्रशासन कार्यालय भक्तपुरबाट मिति २०२५/१२/१७ मा सो जग्गामा यज्ञबहादुर खड्काको मोही हक कायम भएको देखिँदा चिनी खड्काको मोही हक दाबी पुग्न नसक्ने गरी भूमिसुधार कार्यालय भक्तपुरबाट भएको निर्णय सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०६६/५/२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

इति संवत् २०७४ साल असार २५ गते रोज १ शुभम् ।

## इजलास नं. १

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७०-WO-००६५५, उत्प्रेषण / परमादेश, मोतीसरा रानाभाट वि. जिल्ला प्रशासन कार्यालय कास्कीसमेत

निवेदकको पतिको नाममा कि.नं.१६४ को जग्गा साबिकदेखि दर्ता तिरो रहेको देखिएकोमा सर्भे नापीमा कि.नं.१०४, कि.नं.१०८ समेत कायम भएको भन्ने देखिएको र फिल्डबुकमा निवेदकको पति दलबहादुरको नाउँ अंकित भएकोमा विपक्षी सुकुम्बासी समस्या समधान आयोगले उक्त जग्गा कसैको नाउमा दर्ता गर्ने गर्ने निर्णय गर्नुपूर्व साबिक दर्तावाला यी रिट निवेदकलाई प्रतिवादको मौका दिई झिकाई बुझी आवश्यक निर्णय गर्नुपर्नेमा निवेदकलाई सुनुवाइको मौका नदिई गरेको निर्णय प्राकृतिक न्याय सिद्धान्तको विपरीत रहेको देखिन आउने ।

उत्प्रेषणको रिट न्यायिक, अर्धन्यायिक निकाय वा कानूनले अख्तियार दिएको प्रशासनिक निकायबाट क्षेत्राधिकारको उल्लङ्घन गरी निर्णय गरेमा, प्राकृतिक न्यायको सिद्धान्तविपरीत निर्णय गरेमा, कार्यविधि कानूनको पालना नगरी वा कानूनी त्रुटि गरी निर्णय गरेमा त्यस्ता निकाय वा अधिकारीबाट भएको गैरकानूनी त्रुटिपूर्ण निर्णयलाई बदर गर्न जारी हुने ।

निवेदनमा निवेदकको पति दलबहादुरको नाममा साबिक दर्ता रहेको देखिएको र सर्भे नापीमा निजको नाम अंकित भई फिल्डबुक कायम भएको जग्गामा निवेदकलाई सुनुवाइको मौका नदिई निर्णय गरिएको देखिएकाले उक्त निर्णय त्रुटिपूर्ण रहेको देखिन आएको र प्रतिवादको अवसर प्रदान गर्नुपर्ने प्राकृतिक न्याय सिद्धान्तको उल्लङ्घन गरी भएका निर्णयहरू बदरभागी हुने हुँदा यी निवेदकलाई सुनुवाइको मौका नदिई भएको मिति २०५८।३।२५ को सुकुम्बासी समस्या समधान आयोग जिल्ला समिति कास्कीको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

विवादित कि.नं.१०४ र कि.नं.१०८ को जग्गामा निवेदकको हक पुग्ने साबिकका हकको

स्रोतको प्रमाणहरू संलग्न गरी जग्गा दर्ता गर्ने सम्बन्धमा मालपोत कार्यालय कास्कीमा निवेदन दिएमा रिट निवेदक मोतिसरा रानाभाटलाई समेत बुझी निजलाई सुनुवाइको मौका प्रदान गरी निजको जिकिर एवम् प्रमाणको समेत न्यायिक मन प्रयोग गरेर समग्र प्रमाणको मूल्याङ्कन गरी विवादित कि.नं. १०४ र कि.नं. १०८ को जग्गा दर्ता गर्न मिल्ने नमिल्नेतर्फ कानूनबमोजिम उचित निर्णय गर्नु भनी विपक्षी मालपोत कार्यालय, कास्कीका नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल भदौ १५ गते रोज ४ शुभम्।

## इजलास नं. २

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-०२६८, डाँका चोरी, नेपाल सरकार वि. प्रकाश गिरीसमेत

जाहेरी बेहोराबाट रू. २,५००।– मा गाडी रिजर्भमा दिन साहु राजी भएको देखिन आउँछ। गाडी रिजर्भमा लिन दिन सहमति भएको अवस्थामा आफूले गाडी जिम्मा दिएका सवारी चालक प्रकाश गिरी, सहचालक आकाश भन्ने छेवाङ लामाबाहेक अरूको उपस्थिति देखिँदैन। डाँकाको वारदात स्थापित हुनुको लागि कम्तीमा चार जनाभन्दा बढ्ताको जमात भई चोरीको ६ नं. को कसुर गरेको हुनुपर्छ। प्रस्तुत मुद्दामा डाँकाको वारदात स्थापित हुनुपर्ने आवश्यक तत्त्वको नै अभाव रहेको देखिने।

घटनास्थल विवरण हेर्दा, मिति २०६५।५।९ गते १८:४५ बजे वारदातस्थल ललितपुर महालक्ष्मीस्थान देखाइएको छ । सो समयमा आरोपितहरूमध्ये रामचन्द्र खिउजु, रोशन दुवाल, र विकेश थुइया थिए भनेर जाहेरवालाले उल्लेख गर्नसकेका छैनन् । जाहेरवालाले जाहेरी दरखास्तमा उल्लेख नगरेको कुरा प्रतिवादीहरूको बयानमा उल्लेख गरिएको छ । प्रतिवादीहरूको अनुसन्धान अधिकारीसमक्षको साबिती बयानलाई स्वयं जाहेरवालाले आरोपसम्म लगाउन सकेका छैनन्। आरोपित प्रतिवादीहरूको बयान एकआपसमा पोल उजुर गरे जस्तो देखिए तापनि सो पोल उजुरलाई जाहेरवाला, मौकामा कागज गर्नेहरूले समेत पुष्टि हुने गरी अदालतमा उल्लेख गर्नसकेको नदेखिने।

जाहेरवालाको कथन हेर्दा जबरजस्तीको रीतसँग सवारी साधन लगेको पाइएन। सवारीधनीको अनुमतिले सवारी चलाएको सवारी चालक तथा सहचालकले सवारी चलाएको सवारीधनीलाई छाडी गाडी लगेको र सो अवस्थामा जाहेरीमा उल्लेख गरिएका रामचन्द्र खिउजु, रोशन दुवाल र विकेश थुइयाको उपस्थित थियो भनेर पुष्टि गर्नसकेको पाइँदैन । आरोपित व्यक्तिमध्येका रामचन्द्र खिउजु, रोशन दुवाल र विकेश थुइयाको उपस्थिति बाह्रबीसेमा मिति २०६५।५।११ मा भएको देखाइएको पाइन्छ । यसबाट पनि डाँकाको वारदात भनिएको ठाउँमा आरोपितमध्येका उल्लिखित व्यक्तिहरूको उपस्थिति पुष्टि नहुने।

सामान्यतया सवारी चालक र सहचालककै नियन्त्रणमा सवारी रहने गर्दछ । सवारी रिजर्भमा लैजाने क्रममा सवारीधनीसँग कुराकानी भएको पाइन्छ। सवारीधनीको सहमति नभई सवारी लगेको भए वा निजको असहमति भएको भए निजले प्रहरीमा तत्काल खबर गर्न सक्ने अवस्था थियो, सो गरेको पनि पाइँदैन । यसबाट निजहरूको बीच सवारी साधन लैजाने क्रममा कुनै गम्भीर असहमति थियो भनी खुल्न आउँदैन । जबरजस्तीसँग डर, धाक, धम्की, हात हतियार प्रयोग नगरी लगेको सवारी साधन डाँका चोरी गरी लगेको भनी विश्वास हुनसक्ने पर्याप्त आधार देखिएन । सवारी चालकका सदस्य र सवारीधनीका

बीच सामान्य मनमुटावका कुरालाई आधार लिएर डाँका चोरी जस्तो गम्भीर अपराधमा सजाय गर्नु मनासिब देखिन नआउने।

तसर्थ माथि विवेचित आधार र कारणको आधारमा सुरू जिल्ला अदालतले अभियोग दाबीबमोजिम डाँकाको वारदात ठहर गरेको फैसला उल्टी गरी प्रतिवादीहरूलाई सफाइ दिने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६७।६।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७४ साल वैशाख १७ गते रोज १ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CR-१३७५ र ०७३-RC-००७२, कर्तव्य ज्यान र जबरजस्ती करणी, नेपाल सरकार वि. शिवनारायण मण्डलसमेत र नेपाल सरकार वि. संजयकुमार मण्डल

प्रतिवादी मुन्ना भन्ने संजय कुमार मण्डलले अदालतसमक्षको बयानमा आफूले मृतकलाई जबरजस्ती करणी गर्न खोजेको र निजले नमान्दा कर्तव्य गरी मारेको चाहिँ होइन, घाँटी थिची मारी फ्याँकेको ठीक हो भनी जबरजस्ती करणीको उद्योगको कसुरमा इन्कार रही कर्तव्य गरी मारेकोमा साबितै रहेको देखिन्छ । मृतकलाई जबरजस्ती करणीको उद्योग गरेको भन्ने कुनै वस्तुनिष्ठ ठोस प्रमाण मिसिल संलग्न नदेखिँदा जबरजस्ती करणीको उद्योगको दाबी पुग्न नसक्ने ठहऱ्याई सुरूले गरेको फैसलालाई सदर गर्ने ठहर गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न मिल्ने देखिन नआउने।

प्रतिवादीले मृतकलाई मैले कर्तव्य गरी मारेको होइन, मुन्ना भन्ने संजयकुमार मण्डलले मारेकोमा साबित भएबाट थाहा पाएको हुँ, लास फाल्न दबाउन छिपाउन मद्दत गरेको छैन भनी कसुरमा इन्कार रही अदालतसमक्षको बयानमा लेखाएको देखिन्छ भने मौकाको बयानमा पनि वारदातमा संलग्न नभएको भनी लेखाएको देखिन्छ । जाहेरवालाले बकपत्र गर्दासमेत यी प्रतिवादी शिव नारायण मण्डलसमेतले मारेकोमा र फालेकोमा विश्वास लाग्छ भनी लेखाएको देखिन्छ । यसर्थ प्रतिवादीको इन्कारी बयान र जाहेरवालाको आशङ्कायुक्त बकपत्रबाट यी प्रतिवादी कसुरदार हुन् भन्नसकिने अवस्था नदेखिँदा प्रतिवादी शिवनारायण मण्डललाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न सकिने अवस्था नरहने।

प्रतिवादी मुन्ना भन्ने सञ्जयकुमार मण्डलले मौकामा तथा अदालतसमक्षको बयानमा समेत आफूले प्रियंकाकुमारी मण्डललाई घाँटी थिची मारेकोमा साबितै रहेको हुँदा निजलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत विराटनगरको फैसलासमेत साधकको रोहबाट हेर्दा मिलेकै देखिन आउने।

अतः उपर्युक्त विवेचित आधार प्रमाणहरूबाट प्रतिवादी शिवनारायण मण्डललाई आरोपित कसुरबाट सफाइ दिने र प्रतिवादी मुन्ना भन्ने सञ्जयकुमार मण्डललाई जबरजस्ती करणीको उद्योगबाट सफा दिएको तर ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको पुनरावेदन अदालत विराटनगरको मिति २०६९।१०।२ को फैसला न्यायको रोहमा मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कृष्णप्रसाद अधिकारी

कम्प्युटर: बासुदेव गिरी

इति संवत् २०७४ साल वैशाख ६ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७३-WO-०७४३, उत्प्रेषण / परमादेश, सुशीलकुमार झा वि. स्वास्थ्य मन्त्रालय, रामशाहपथसमेत

स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ७ ले सेवाका विभिन्न तहहरूमा रहने पदहरू अनुसूची ३ मा उल्लेख भएबमोजिम हुनेछन् भन्ने व्यवस्था गरेको पाइन्छ। उक्त नियमावलीको अनुसूची ३ मा सेवामा रहने पदनामहरू शीर्षकअन्तर्गत हेल्थ इन्स्पेक्सन समूहमा सि.नं.१७ मा क्षय कुष्ठ सुपरभाइजर निरीक्षक उल्लेख गरी त्यसको तहमा ६ उल्लेख भएको र सि.नं.२७ मा हेल्थ असिस्टेन्ट पद उल्लेख गरी तह ५ उल्लेख गरिएको छ। प्रस्तुत विषयमा हेल्थ असिस्टेन्ट पदमा रहेका निवेदक पाँचौं तहबाट बढुवा भई छैठौं तहको अधिकृत भएकोमा निजको सरूवा पत्रमा पदनाम क्षय कुष्ठ अधिकृत उल्लेख भएको देखिँदा निवेदकको पदनाम फरक पारी सरूवा गरिएको देखिन आउने।

स्वास्थ्य सेवामा रहेका छुट्टाछुट्टै तहभित्र एउटै नामका पदहरू रहेको अवस्थामा त्यसलाई छुट्याउने एक मात्र आधार भनेको पदनाम नै हो। कर्मचारीको पदीय हैसियत, सो पदसँग जोडिएर आउने तलब भत्ता, सञ्चय कोष, उपदान, निवृत्तभरण जस्ता सुविधालगायतका विषयहरूलाई पदनामले नै निर्देशित गर्दछ। पदनाम फरक परेमा कर्मचारीको रेकर्ड राख्ने कार्यमा सहजता पुग्न नसक्ने अवस्था रही कर्मचारीको पहिचान नै गुम्ने देखिने।

तसर्थ, माथि विवेचित आधारहरूबाट हेल्थ असिस्टेन्ट छैठौं तहका यी निवेदकलाई स्वास्थ्य सेवा विभागको मिति २०७३।७।२९ को निर्णयले क्षय कुष्ठ अधिकृत छैठौं पदमा गरिएको सरूवा र सो निर्णयका आधारमा विभागबाट मिति २०७३।७।२९ मा दिइएको सरूवा पत्रसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ। अब उप्रान्त निवेदकको पदनाममा असर नपर्ने गरी सरूवासम्बन्धी निर्णय गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: शिवहरी पौड्याल
कम्प्युटरः चन्दनकुमार मण्डल
इति संवत् २०७४ साल जेठ १० गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री मीरा खड्का,** ०७१-WO-०१९२, परमादेश, केशरबहादुर मल्ल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

विपक्षी मध्यपहाडी पश्चिम लोकमार्ग आयोजनाको तर्फबाट पर्न आएको लिखित जवाफको प्रकरण ५ मा "विपक्षीको घरगोठ बाटोको भागमा कतै कुनैतर्फबाट पर्दैन" भन्ने उल्लेख भएको साथै "विपक्षीको जग्गाबाट मात्र बाटो जाने होइन" भन्नेसमेत बेहोरा उल्लेख रहेबाट निवेदकहरूको जग्गा पनि बाटोमा पर्छ कि भन्ने कुरा भान हुन आउने देखिन्छ। निवेदकहरूले प्रस्तुत गरेको मल्म गा.वि.स. को च.नं.५६ मिति २०७१।६।१० को पत्रमा निवेदकहरूको कि.नं. ७७५ र ७७६ जग्गा मध्यपहाडी राजमार्गमा सडकमा परी रहेको बेहोरा उल्लेख रहेको देखिएबाट निवेदकहरूको जग्गा उक्त राजमार्गमा परेको कुरा स्पष्ट भएको पाइने।

हाम्रो वर्तमान संविधानले पनि कसैको जग्गा निजको इच्छा विरूद्ध प्रयोग गर्न सकिने भन्ने परिकल्पना गरेको पनि देखिँदैन। प्रस्तुत विवादमा निवेदकहरूले उक्त जग्गा सडक निर्माणको लागि मन्जुरी नदिएको कुरा निवेदन दाबीबाट देखिएकोले कानूनबमोजिम क्षतिपूर्ति वा मुआब्जा नदिई उक्त जग्गाबाट सडक लान सकिने कानूनी व्यवस्था नभएकोले सडकमा पर्ने जति क्षेत्रफलको मुआब्जा दिई

मात्र निवेदन दाबीको कि.नं.७७५ र ७७६ को जग्गामा सडक निर्माण गर्नु गराउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: कृष्णप्रसाद अधिकारी

कम्प्युटर: बासुदेव गिरी

इति संवत् २०७४ साल वैशाख ७ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-WO-०११७, उत्प्रेषण / परमादेश, कौलेश्वर मुखिया वि. स्वास्थ्य मन्त्रालय, काठमाडौंसमेत

निवेदक नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ ख बमोजिम मिति २०७१।११।१३ को स्वास्थ्य मन्त्रालयको निर्णयबाट कोलचेन निरीक्षक (खोप सुपरभाइजर) पदमा विशेष पदस्थापना भएको तर तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०६६१।१।२९ को फैसलाअनुसार खोप सुपरभाइजर पदमा पद मिलान भइ पदस्थापना भइ नसकेको देखियो । साथै नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १७(३) बमोजिम पदस्थापन भइनसकेको कर्मचारीका हकमा मन्त्रालयले पूल दरबन्दी सृजना गरी सो पूल दरबन्दीमा त्यस्ता कर्मचारीलाई पदस्थापना गर्नेछ, भन्ने व्यवस्थाबमोजिम त्यस्ता कर्मचारीलाई समायोजन गर्ने पूल दरबन्दी सृजना र समायोजनको व्यवस्था प्रक्रियामा रहेको भन्ने विपक्षी स्वास्थ्य मन्त्रालयको लिखित जवाफसमेतबाट देखिँदा निवेदकले रिट निवेदनमा उठाएका कानूनसम्मत कुराहरूको सम्बोधन गर्ने सम्बन्धमा सम्बन्धित मन्त्रालयबाट आवश्यक प्रक्रिया पुऱ्याई कानूनबमोजिम निर्णय हुँदा हुनसक्ने नै देखिएकाले स्वास्थ्य सेवा विभागको मिति ०७३।४।२३ को निर्णय तत्काल कार्यान्वयन नगरी २०७३।४।११ को निर्णय र मिति २०७३।४।१२ को पत्रानुसार दरबन्दी तथा पद मिलान गरिएको पदमा पूर्ववत्रूपमा काम गर्न पाउँ भन्ने निवेदकको माग औचित्यपूर्ण नदेखिने ।

अतः उल्लिखित आधार र कारणसमेतबाट प्रस्तुत मुद्दामा रिट निवेदकको मागबमोजिम आदेश जारी गरिरहनु पर्ने अवस्था विद्यमान नभएकोले रिट निवेदन खारेज हुने ठहर्छ । रिट निवेदन खारेज हुने ठहरेकाले मिति २०७३।५।१ मा जारी अन्तरिम आदेश निष्कृय हुने ठहर्छ । साथै रिट खारेज हुने ठहरे पनि कर्मचारी समायोजन गर्ने पूल दरबन्दी सृजना गरी पूल दरबन्दीमा कर्मचारीलाई पदस्थापना गर्ने व्यवस्था प्रक्रियामा रहेको भन्ने बेहोरा स्वास्थ्य मन्त्रालयबाट प्राप्त लिखित जवाफमा उल्लेख भएको देखिँदा पूल दरबन्दीको सृजना गरी कर्मचारीलाई पदस्थापना गर्ने कार्य यथाशीघ्र सम्पन्न गर्नु गराउनु भनी विपक्षी स्वास्थ्य मन्त्रालयको नाममा निर्देशानात्मक आदेश जारी हुने ।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७४ साल भदौ १४ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-WO-०४८९, उत्प्रेषण / परमादेश, लक्ष्मण बसौला वि. स्वास्थ्य मन्त्रालय, काठमाडौंसमेत

मिति २०७२।३।१ मा जिल्ला स्वास्थ्य कार्यालय लमजुङमा क्षयकुष्ठ सुपरभाइजर निरीक्षक (क्ष.कु.नि.) पदमा विशेष पदस्थापन भएका निवेदकलाई २ वर्ष अवधि नपुग्दै स्वास्थ्य सेवा विभागले जिल्ला जनस्वास्थ्य कार्यालय मनाङमा सरूवा गरेकोमा यस अदालतबाट प्रस्तुत मुद्दामा मिति २०७३।९।२६ मा जारी भएको अन्तरिम आदेशका आधारबाट रिट निवेदकको सरूवा कार्यान्वयन नभई निज जिल्ला जनस्वास्थ्य कार्यालय लमजुङमै कार्यरत रहिरहेकोमा निज सोही कार्यालयमा विशेष पदस्थापन भएको मिति (२०७३।३।१) बाट अवधि गणना गर्दा मिति

२०७४।३।१ मा २ वर्ष अवधि पूरा भइसकेको देखियो । दुर्गम जिल्लामा कार्यरत कर्मचारीलाई सामान्यतया २ वर्ष पुगेपछि सरूवा गर्न सकिने भन्ने व्यवस्था नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २१(३) मा भएकोमा निवेदक जिल्ला जनस्वास्थ्य कार्यालय लमजुङमा विशेष पदस्थापन भएको मितिले हाल २ वर्ष पुगिसकेको देखिँदा अब उक्त सरूवा बदर गरिरहनुपर्ने प्रयोजन र आवश्यकता नदेखिने।

स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१ग(ग) को कानूनी व्यवस्थाले महिला कर्मचारीको सरूवा गर्दा सम्भव भएसम्म निजको पति सरकारी सेवामा कार्यरत भए पति सेवारत रहेकै जिल्लामा महिला कर्मचारीको सरूवा गर्न प्राथमिकता दिनुपर्छ भन्ने मनसाय राखी महिला कर्मचारीलाई सरूवामा सुविधा दिन खोजेको देखिन्छ । अतः महिला कर्मचारीको हकमा आकर्षित हुने स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१ग(ग) को व्यवस्थालाई निवेदक (पुरूष) कर्मचारीको हकमा लागू नगरेको अवस्थालाई गैरकानूनी भयो तथा त्यसबाट निवेदकको संवैधानिक र कानूनी हक हनन् भयो भनी तर्क गर्नसमेत औचित्यपूर्ण हुने नदेखिने।

अतः उल्लिखित आधार र कारणसमेतबाट स्वास्थ्य सेवा विभागले मिति २०७३।७।२९ मा निवेदकलाई जिल्ला जनस्वास्थ्य कार्यालय लमजुङबाट जिल्ला जनस्वास्थ्य कार्यालय मनाङमा गरेको सरूवा हाल बदर गरिरहनुपर्ने प्रयोजन र आवश्यकता नदेखिँदा प्रस्तुत मुद्दामा निवेदकको मागबमोजिम उत्प्रेषणको आदेश जारी गरिरहनु पर्ने अवस्थाको विद्यमानता देखिएन। तसर्थः प्रस्तुत रिट निवेदन खारेज हुने।

निवेदन खारेज हुने ठहरे पनि नेपालको संविधानले अंगिकार गरेको कानूनी शासनको अवमूल्यन गरी कहिँकतैबाट कामकारवाही भएमा त्यस्तो काम कारवाही वैध र मान्य हुन सक्दैन र कानूनी शासनमा कानूनको परिपालना नगर्ने छुट कोही कसैलाई हुँदैन । कानूनको कार्यान्वयन गर्ने गराउने स्वास्थ्य सेवा विभागजस्तो जिम्मेवार निकायले कानूनी शासन र सुशासनका सर्व स्वीकार्य सिद्धान्तलाई नजरअन्दाज गरी काम गरेमा कानूनको परिपालनाको स्तर कमजोर मात्र हुने होइन सरकारका एजेन्सीहरू प्रति नै नागरिकको विश्वास घट्न जान्छ । कानूनको कार्यान्वयन गर्ने तथा आम नागरिकलाई कानूनी शासनको अनुभुत गराउन स्थपित जिम्मेवार सरकारी निकायबाट नै यसरी सरकारप्रति नागरिकको विश्वास घट्ने काम हुनु अत्यन्तै अशोभनीय हुने।

निर्णय गर्ने जिम्मेवार सार्वजनिक पदाधिकारीले आधार र कारण खोली औचित्य स्पष्ट पारी निर्णय गर्नुपर्नेमा सो नगर्ने तथा ऐनमा नै स्पष्ट उल्लेख भएका आधारहरूसमेत प्रति बेखबर रही आत्मगत र मनोगत शैलीमा निर्णय गर्ने कार्यबाट प्रशासकीय स्वेच्छाचारिता र अराजकताको जन्म भई कानूनको शासन र नागरिक सुशासनको पक्ष कमजोर हुन जान्छ। यस सन्दर्भमा कानूनको शासन र नागरिक सुशासनलाई सुदृढीकरण गर्ने प्रति उच्च सचेतता देखाउनु जिम्मेवार पदाधिकारीको कर्तव्य नै हुन जाने भएकोले कानूनको शासन तथा सुशासनको सिद्धान्तविपरीत हुने कुनैपनि कार्यले प्रश्रय पाउने गरी कुनै काम नगर्नु नगराउनु तथा अवधि नपुग्दै सरूवा गर्दा ऐनको दफा २२ मा उल्लिखित आधार र कारण नजनाई औचित्यपूर्ण नदेखिने गरी सरूवा गरेमा त्यसरी सरूवा गर्ने सम्बन्धित अधिकारीउपर विभागीय कारवाही चलाउनु भनी विपक्षीहरूका नाममा निर्देशनात्मक आदेशसमेत जारी हुने।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल

इति संवत् २०७४ साल भदौ १४ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CI-१०४७, निषेधाज्ञा, पुनमदेवी महतोसमेत वि. माधव पोखरेल

आफूले खरिद गर्ने जग्गाको साँध सँधियारको विद्यमान भौतिक अवस्थितिलाई स्वीकार गरी जग्गा खरिद गरिसकेपछि सो सम्बन्धमा कुनै प्रश्न उठेमा कानूनबमोजिम साधिकार निकायमा कारवाही चलाई ठहरेबमोजिम गर्नुपर्नेमा नगरपालिकामा निवेदन दिई कारवाही युक्त रहेको अवस्थामा नै आफूखुसी, विवाद खडा गरी अर्काको भौतिक संरचना भत्काउने तोडफोड गर्ने जस्ता कार्य गर्नु मनासिब हुँदैन । यस्तो अवस्थामा कि.नं. २४१ को ०-०-१२-१ को जग्गाको परिधिभित्र बनाएको घर र दक्षिणतर्फको पर्खाललाई घर जग्गाधनीबाहेकका अन्य व्यक्तिबाट तोडफोड वा हस्तक्षेप हुने कुरालाई कानूनतः बर्जित गर्नुपर्ने नै हुने ।

घर जग्गा जसको नाममा छ सो घर जग्गाको स्वामित्ववालाले भोग चलन गर्न पाउने कुरालाई पुनरावेदन अदालतको फैसलाले अन्यथा भनेको अवस्था देखिएको छैन । पुनरावेदकको कि.नं.२२१ को जग्गा उपभोग गर्नका लागि उक्त फैसलाले अवरोध गरेको अवस्था पनि देखिँदैन । प्रस्तुत अवस्थामा प्रत्यर्थी / निवेदकको हक स्वामित्वको कि.नं.२४१ को जग्गाको परिधिभित्र निजले बनाएको घर र दक्षिणतर्फको पर्खाल (बाउण्डरी वाल) लाई तोडफोड नगर्नु कुनै पनि प्रकारको हस्तक्षेप नगर्नु, नगराउनु भनी पुनरावेदन अदालतबाट निषेधाज्ञाको आदेश जारी भएको देखिएकोले सोलाई अन्यथा भन्नसकिने अवस्था पनि नदेखिने ।

तसर्थ उल्लिखित बेहोराबाट निषेधाज्ञाको आदेश जारी गर्ने गरी भएको पुनरावेदन अदालत जनकपुरको मिति २०७०।४।२२ को आदेश कानूनअनुरुपकै भएको देखिएकोले सदर हुने ठहर्छ । पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : सुमनकुमार न्यौपाने

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल असार २० गते रोज ३ शुभम् ।

- यसै लगाउको ०७०-CR-१३३९, अदालतको अवहेलना, *पुनमदेवी महतोसमेत वि. माधव पोखरेल* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

७

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CI-०५३८, मोही लगत कट्टा, कोबीलाल विश्वास वि. हरिमाया राईसमेत

२०४४ सालको निवेदनबमोजिम मोहीको नाउँमा म्याद जारी भएको मान्ने हो भने सोही कारवाहीको क्रममा भएको सर्जमिनबाट म्याद जारी हुनुपूर्व मोहीको मृत्यु भएको तथ्य सर्जमिन बेहोराबाट देखिइरहेको अवस्था छ । २०५० सालमा परेको निवेदनको अधारमा म्याद जारी भएको मान्ने हो भने पनि उक्त निवेदन दर्ता हुँदाकै अवस्थामा सो मितिपूर्व नै मोहीको मृत्यु भइसकेको देखिएको छ । मरेको व्यक्तिले प्रतिउत्तर फिराउने प्रश्नै आउँदैन, प्रतिउत्तर नफिराई बसेको कारण पुनरावेदनको म्यादसमेत जारी हुने अवस्था नहुने ।

२०४८ सालमा मृत्यु भएका मोहीको मोही लगत कट्टासम्बन्धी कारबाही अघि बढी २०५० सालमा निजको नाउँको म्याद तामेल भएको देखिएको हुँदा पहिले नै मृत्यु भइसकेको मृतक व्यक्तिको नाउँमा म्याद तामेल गरी गराई भएको भूमिसुधार कार्यालयको निर्णय कानूनअनुरूपको प्रक्रिया पूरा गरी न्यायोचित रूपमा भए गरेको नदेखिने ।

मोही बेपत्ता भई लगत कट्टा गरी पाउन निवेदन गरेको र लगत कट्टा हुने गरी सुरूबाट निर्णय भएको देखिएको छ । मृत्यु भइसकेका मोहीको नाउँमा

म्याद तामेल हुँदा मृत्यु भइसकेको मोहीका हकदारलाई सुनुवाइको मौका प्राप्त हुनसक्ने नभई निजले थाहै नपाउने र सुनुवाइको मौकाबाट समेत वञ्चित हुनुपर्ने अवस्था देखिएकोले मोही लगत कट्टा गर्ने गरी भएको भूमिसुधार कार्यालय सुनसरीको मिति २०५१।१।२१ को निर्णय र सो निर्णयलाई सदर कायम गर्ने गरी भएको पुनरावेदन अदालत विराटनगरको मिति २०६९।२।३ को निर्णयसमेत मिलेको नदेखिँदा सदर कायम रहन नसकी उल्टी हुने ठहर्छ । अब उप्रान्त जे जो बुझ्नु पर्ने बुझी कानूनबमोजिमको प्रक्रिया पुऱ्याई निर्णय गर्नु भनी हाजिर रहेका पक्षहरूलाई तारेख तोकी, मुद्दाको दायरी लगत कट्टा गरी प्रस्तुत मुद्दा सुरू भूमिसुधार कार्यालय सुनसरीमा पठाइदिने ।

इजलास अधिकृत : सुमनकुमार न्यौपाने

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७४ साल असार २३ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-WO-०२५६, उत्प्रेषण / परमादेश, पञ्चलाल महर्जन वि. मालपोत कार्यालय, बारासमेत

निवेदकले रिट निवेदनमा उल्लेख गरेका कि.नं. १३८, १६४, १२५ र ८१ का जग्गाहरू निवेदकको नाममा गुठी रैतानी नम्बरी जग्गामा दर्ता भएको तथ्य मालपोत कार्यालय बाराबाट प्राप्त दर्ता स्रेस्ताको प्रतिलिपि र गुठी संस्थान शाखा कार्यालयको लगतबाट देखिन्छ । गुठीको स्वामित्व जनिएको तथा हिसाबुद्धिन अन्सारीको नाउँमा गुठी रैतान नम्बरीमा दर्ता भएको उक्त जग्गाहरूको सम्बन्धमा मालपोत कार्यालय बाराले मिति ०६७।१०।२ मा उक्त गुठी रैतान नम्बरी दर्ता बदर गरी सार्वजनिक कायम गर्ने गरी निर्णय गरेको देखिन्छ । यसरी मालपोत कार्यालय बाराले उक्त जग्गाहरूको सम्बन्धमा निर्णय गर्दा सम्बन्धित व्यक्तिलाई बुझेको देखिएन । "कसैको हक हितमा असर पर्ने गरी निर्णय गर्नुपूर्व सम्बन्धित असर पर्ने व्यक्तिलाई सुनुवाइको अवसर प्रदान गर्नु प्राकृतिक न्यायको सिद्धान्त हो । यो एक स्थापित न्यायिक मान्यता हो यो स्थापित मान्यताविपरीतको निर्णय प्राकृतिक न्यायको सिद्धान्तको प्रतिकूल हुने हुँदा त्यस्तो निर्णयले मान्यता नपाउने र बदर हुने" भनी यस अदालतबाट ने.का.प.२०७३ भाग ५८ नि.नं. ९७३७ मा प्रतिपादित सिद्धान्तसमेतको प्रतिकूल देखिने ।

अतः यस अदालतबाट प्रतिपादित सिद्धान्त एवम् प्राकृतिक न्यायको सिद्धान्तसमेतको त्रुटि गरी मालपोत कार्यालयले गरेको मिति ०६७।१०।२ को निर्णयलाई कानूनी मान्यता दिन मिल्ने नभएकाले मालपोत कार्यालय बाराले मिति ०६७।१०।२ मा प्रस्तुत रिट निवेदनमा उल्लिखित जग्गाहरूको गुठी रैतान नम्बरी दर्ता बदर गरी उक्त जग्गाहरू सार्वजनिक कायम गर्ने गरी गरेको निर्णय उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । अब उप्रान्त जे जो बुझ्नु पर्ने हो बाँकी सम्पूर्ण बुझी कानूनबमोजिम पुनः निर्णय गर्नु भनी विपक्षी मालपोत कार्यालय बाराको नाउँमा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७४ साल असोज १ गते रोज १ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री मीरा खड्का,** ०७०-CI-०६२७, निषेधाज्ञा, दुलार महतो कोइरी वि. बिल्टु महतो कोइरी

दुलार महतोले सरिता देवीउपर अंश मुद्दा दायर गरेका र सरिता देवीले दुलार महतोउपर गाली बेइज्जती र जालसाजी मुद्दासमेत दायर गरेको देखिएबाट निजहरूबीच पारवारिक तथा नातासम्बन्धी विवाद देखिन्छ । अंश तथा नातासमेतका विवादहरू

हेर्ने अधिकार शान्ति सुरक्षाको जिम्मा लिएको प्रहरी कार्यालयलाई हुन सक्दैन। जिल्ला प्रहरी कार्यालय धनुषाको पत्रानुसार इलाका प्रहरी कार्यालय फुलगामाबाट निवेदक विल्टु महतो कोइरीलाई उपस्थित हुन आउनु भनी भएको पत्राचार तथा जिल्ला प्रहरी कार्यालयमा छलफल भएको कार्यबाट अदालतमा मुद्दा विचाराधीन रही विवादको निर्क्यौल हुने अवस्था विद्यमान छँदाछदै, कानूनअनुसार मुद्दा हेर्ने अधिकार नदिएको निकायले सो विषयमा निर्क्यौलमा पुग्न खोज्नु न्यायसम्मत हुन सक्दैन। आफ्नो कानूनप्रदत्त क्षेत्राधिकार भन्दा बाहिर गई निर्णय गर्ने अधिकार कुनै पनि निकायलाई हुन सक्दैन। त्यस्तो भएमा सो कार्य स्वतः अमान्य हुने।

विवादको विषयवस्तुले अदालतमा प्रवेश पाइसकेको स्थितिमा उक्त विषयमा सम्बन्धित जिल्ला अदालतबाट आवश्यक साक्षी प्रमाण बुझी, त्यस सम्बन्धमा उचित निर्णय हुनसक्ने अवस्था विद्यमान छँदाछँदै गैरन्यायिक तरिकाबाट जिल्ला प्रहरी कार्यालयमा निवेदन दिई विपक्षी निवेदकलाई जिल्ला प्रहरी कार्यालयबाट छलफलमा हाजिर हुन आउनु भनी गरेको पत्राचार कानूनविपरीत देखिन आएकोले आफूलाई निर्दिष्ट अधिकारक्षेत्र भन्दा बाहिर गई अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा शान्ति सुरक्षाको कुरा उठाई विपक्षी निवेदकको कानूनबमोजिम वैयक्तिक स्वतन्त्रता अपहरण गर्ने उद्देश्यले जिल्ला प्रहरी कार्यालयलाई निजलाई पक्राउ गर्ने थुनामा राख्ने धरपकड गर्नेसम्मको अधिकार नभएको स्थितिमा निवेदन मागबमोजिम निजको वैयक्तिक स्वतन्त्रता अपहरण नगर्नु, कानूनबमोजिम बाहेक पक्राउ नगर्नु, नगराउनु कागज नगराउनु भनी भएको आदेश मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : मुकुन्द आचार्य

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७३ साल फागुन २४ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री मीरा खड्का,** ०७०-CI-०६५९ र ०७०-CI-०७६७, परमादेश, जयकिशोर लाल वि. सुशीला ढुङ्गाना र डा.बलराम मिश्र वि. सुशीला ढुङ्गाना

निवेदक तथा प्रत्यर्थीहरूले समेत स्वीकार गरेको निवेदिकाले काम गरेको अवस्थालाई ज्यालादारीमा काम गर्ने नियुक्तिपत्र च्यातिएको भन्नेसम्म कारणबाट निजले काम गरेको अवधिलाई अन्यथा भन्न मिल्ने पनि देखिँदैन । निवेदिकाले ज्यालादारी तथा अस्थायी पदमा काम गरेको भन्ने स्थापित भइसकेपछि निजले पाएको नियुक्ति वा करारनामाको सर्त बन्देज तथा प्रचलित कानूनबमोजिम राख्नु पर्ने अभिलेखसमेत दुरूस्तरूपमा राख्नु पर्ने कर्तव्य रोजगारदाता संस्थाको हुन्छ नै आफ्नो संस्थामा कसैलाई काम गराउने, काम लगाउने अनि सुविधा दिनुपर्दा त्यसको अभिलेख फेला नपरेको भन्नु गैरजिम्मेवारीपूर्ण कार्य हुन जाने।

आफ्नो संस्थामा काम लगाइसकेपछि नियमानुसार राख्नु पर्ने अभिलेख राख्ने तथा संस्थाको नियमावलीको अधीनमा रही कार्यरत कर्मचारी अस्थायी, ज्यालादारी, करार, स्थायी के हो, तदनुरूप सेवा सुविधा प्रदान गर्नु सम्बन्धित संस्था र त्यसको प्रमुखको जिम्मेवारी हुन्छ उक्त कार्य संस्थागत जिम्मेवारी र उत्तरदायित्वभित्र पर्न जान्छ। संस्थामा कार्यरत कर्मचारीले संस्थाको हित चिताई काम गर्नु निजको कर्तव्य हुन्छ । संस्थामा काम गरेको हिसाबले मैले नियमानुसार पाउने पर्ने सञ्चित बिदा तथा उपदानको रकम पाउँ भनी निवेदन दिन आएको अवस्थामा उक्त निवेदन लिई यसउपर आवश्यक प्रक्रियाअगाडि बढाई सुविधा पाउने, नपाउने के हो, त्यस सम्बन्धमा उचित निर्णय गर्नुपर्ने हुन्छ । संस्थामा भएको अभिलेख र निवेदकको निवेदन बेहोरा भिडाई उचित निर्णय गर्नुपर्नेमा निवेदकको निवेदनसम्म

पनि लिन इन्कार गर्ने कार्य बद्नियतपूर्ण देखिन आउने।

तसर्थ निवेदकले आफूले पाउने पर्ने सञ्चित बिदा तथा उपदानको रकम पाउँ भनी आधार कारण खोली आवश्यक कागज प्रमाण राखी निवेदन दिन आएमा सो लिई अस्पताल नर्सिङ क्याम्पसको अभिलेख हेरी भिडाई निवेदकले माग गरेबमोजिमको सुविधा दिन मिल्ने, नमिल्ने के हो ? सो विषयमा कानूनबमोजिम निर्णय गरी त्यस्तो रकम दिनुपर्ने भए सो दिनु दिलाउनु भनी प्रत्यर्थीहरूका नाममा परमादेश आदेश जारी हुने ठहर्छ, भनी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७०।२।२१ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मुकन्द आचार्य

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७३ साल फागुन २४ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री मीरा खड्का, ०७२**-CI-०४४०, निर्देशन बदर गरिपाउँ, उदय लाल राज वि. नेपाल राष्ट्र बैंक के.का. बालुवाटारसमेत

नेपाल राष्ट्र बैंकले विपक्षी कन्ट्री डेभलपमेन्ट बैंकलाई पुनरावेदक उदयलाल राजले कन्ट्री डेभलेपमेन्ट बैंकको प्रबन्ध सञ्चालक एवम् कार्यकारी प्रमुख भई काम गरेको अवस्थामा नियमावलीमा उल्लेख नभएको बोनस, इन्सेटिभ, सञ्चित बिदाबापतको रकम, दशैं खर्च, खाजा खर्चसमेत बापतको रू.५,८३,६१८।-४१ (अक्षेरूपी पाँच लाख त्रियासी हजार छ सय अठार र पैसा एकचालीस) मात्र यी पुनरावेदकबाट असुलउपर गर्न कन्ट्री डेभलपमेन्ट बैंकलाई निर्देशन दिएको देखिन्छ। पुनरावेदन गर्दाको बखतमा यी पुनरावेदक उक्त बैंकको सञ्चालक कार्यकारी प्रमुख एवम् प्रमुख प्रशासक पदमा रहेको पनि देखिँदैन। बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ७४ बमोजिम निजलाई नेपाल राष्ट्र बैंकले कुनै सजाय दिएको पनि देखिँदैन। दफा ७४ अनुरूप सजाय पाएको अवस्थामा मात्र मर्का पर्ने पक्षले उक्त ऐनको दफा ७५ बमोजिम पुनरावेदन गर्नुपर्ने हुन्छ। यी पुनरावेदकले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ७५ बमोजिम पुनरावेदन गर्नको लागि निजलाई दफा ७४ बमोजिम सजाय वा आदेश नेपाल राष्ट्र बैंकले दिएको हुनुपर्दछ। प्रस्तुत मुद्दामा उक्त अवस्था विद्यमान देखिँदैन। पुनरावेदन गर्न पाउने पक्षको हकलाई कानूनले नै निर्धारण गरेको हुन्छ। कानूनले तोकेको विधि र प्रक्रियाभन्दा बाहिर गई पुनरावेदन गर्ने हक पक्षलाई प्राप्त हुन नसक्ने।

तसर्थ यी पुनरावेदक उदयलाल राजलाई बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ७५ ले पुनरावेदन गर्न पाउने अधिकार नै नभएको स्थितिमा मुलुकी ऐन, अदालती बन्दोबस्तको १८० नं. बमोजिम यी पुनरावेदकको पुनरावेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१२।९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: मुकुन्द आचार्य

कम्प्युटरः कृष्णमाया खतिवडा

इति संवत् २०७३ साल फागुन २४ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७२-CI-०४३९, उत्प्रेषण / परमादेश, *उदयलाल राज वि. नेपाल राष्ट्र बैंक के. का. बालुवाटारसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री मीरा खड्का,** ०७२-CI-१४३१, उत्प्रेषण / परमादेश, रूद्रनारायण चौधरीसमेत वि. गाउँ विकास समिति कार्यालय, भुतही सप्तरीसमेत

रिट क्षेत्राधिकार ग्रहण गरी उपचार खोज्ने पक्ष समयमै उपचारको लागि अदालतमा आउनुपर्दछ निवेदकहरू लगभग २ वर्षपश्चात् रिट क्षेत्राधिकार

ग्रहण गरी आएको देखिन्छ । मनासिब माफिकको समयभन्दा विलम्ब गरी आउने पक्षलाई रिट क्षेत्रबाट उपचार प्रदान गर्न मिल्दैन। आफ्नो हक अधिकार हनन हुन गएमा सम्बन्धित पक्ष समयमै सोको उपचारको लागि सक्षम अदालतसमक्ष जानुपर्दछ र साधारण अधिकार क्षेत्रअन्तर्गत सो उपचार सम्भव नभए मात्र रिट क्षेत्राधिकारमा आउनुपर्ने।

सर्जमिन र सर्जमिनका आधारमा भएको सिफारिस गैरकानूनी भए सो कुरा बदर गराउन साधारण अधिकार क्षेत्रअन्तर्गत कारवाही चलाई उपचार खोज्नु पर्नेमा सोतर्फ कुनै पहल गरेकोसमेत नपाइने।

अतः माथि विवेचित आधार कारणहरूबाट पुनरावेदन अदालत राजविराजबाट रिट निवेदन खारेज हुने ठहर्‍याई मिति ०७१।५।१५ मा भएको आदेश मिलेको देखिँदा प्रत्यर्थीहरू झिकाउनु परेन पुनरावेदन अदालत राजिवराजको फैसला सदर हुने ठहर्छ । पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः मुकुन्द आचार्य

कम्प्युटरः देवीमाया खतिवडा

इति संवत् २०७३ साल फागुन २४ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री हरिकृष्ण कार्की, ०७१**-CR-०६२०, जालसाज, प्रसान्त आचार्यसमेत वि. प्रभु आचार्यसमेत

प्रतिवादी प्रभु आचार्य र वादीहरू एकासगोलमा नै बसिरहेको भन्ने कुरामा विवाद देखिएको छैन। प्रभु आचार्य घर व्यवहार गर्ने मुख्य व्यक्ति भएको भन्ने कुरामा पनि विवाद देखिँदैन। त्यस्तो मुख्य व्यक्तिलाई आफूमा आस्रित स्वास्नी, छोरा, छोरीको लालन पालन र सम्पत्तिको संरक्षण गर्ने अभिभाराको कर्तव्य रहेको नै हुन्छ। प्रतिवादी प्रभु आचार्य घर परिवार र सम्पत्ति संरक्षण गर्ने दायित्व र कर्तव्यबाट च्यूत भएको भन्ने अवस्था नदेखिनुको साथै सो कुरा वादीहरूले भन्नसकेका समेत छैनन्। आफ्ना स्वास्नी छोरालाई खान लाउन दिई पालन पोषण गर्नेसमेतको कर्तव्य भएका प्रतिवादी प्रभु आचार्यले सँगै बस्ने स्वास्नी छोरासमेतउपर जालसाजीपूर्ण व्यवहार गर्नुपर्ने त्यस्तो कुनै कारण पनि मिसिलबाट नदेखिने।

व्यवहार चलाउनलाई घर जग्गा बिक्री गर्नेदेखि बाहेकको उक्त उपाय नभएको अवस्थामा जग्गा बिक्री गरेको कार्यलाई मात्र जालसाजी गर्‍यो भन्न मिल्दैन। जालसाजी हुनलाई त्यस्तो कार्य गर्ने व्यक्तिको बद्नियत एवम् सो किसिमको आचरण देखिनु पर्ने।

कित्ता नं. १२१२ को ०-७-२-१ जग्गा बिक्री गरी लिएको र कित्ता नं. १२१५ को ०-१०-०-२ र कित्ता नं. १३३३ को ०-४-१-३ को मूल्यवान् घडेरी जग्गाहरू बाँकी रहेको देखिन्छ । तसर्थ आधाभन्दा धेरै जग्गा बढी भएको स्थितिमा विवादित कि.नं. १२१२ को जग्गा प्रतिवादी प्रभु आचार्य राजीनामाको लिखत पारित गरी आफ्नो हक छाडिदिँदा मुलुकी ऐन अंशबन्डाको महलको १९ नं. को कानूनी व्यवस्थाको परिधिबाट हेर्दा वादीको मन्जुरी आवश्यक पर्ने र निज साक्षी बस्नुपर्ने भन्नु कानूनसम्मत नदेखिने।

विवादको कि.नं.१२१२ को जग्गा प्रतिवादीले धौलागिरी अञ्चल यातायात बस व्यवसायी समितिलाई बिक्री गरेको जग्गाभन्दा अत्यधिक बढी पैतृक जग्गा बाँकी नै रहेको अवस्थामा लेनदेन व्यवहारको १० नं. तथा अंशबन्डाको १९ नं. को कानूनी व्यवस्थाबमोजिम अन्य अंशियारलाई बन्डा गर्नु नपर्ने आफूखुसी गर्न पाउने र बिक्री वितरण गर्दा कसैको मन्जुरीसमेत लिन नपर्ने भएकोले घरको मुख्य व्यक्तिको हैसियतले बाबु तथा पति प्रभु आचार्यले आफ्नो हकभोगको अचल सम्पत्ति राजीनामा पारित गरी हक हस्तान्तरण गरेको कार्यलाई अन्यथा भन्न मिल्ने नदेखिने।

अतः माथि विवेचित आधार र कारणबाट जालसाजीतर्फको वादी दाबी खारेज हुने ठहर्‍याएको बागलुङ जिल्ला अदालतको फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहर गरेको पुनरावेदन अदालत

बागलुङको मिति २०७१।३।२३ को फैसलामा कुनै कानूनी त्रुटि विद्यमान नरही उक्त फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७३ साल जेठ ९ गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छ:

- ०७१-CR-०६२१, जालसाज, प्रशान्त आचार्यसमेत वि. प्रभु आचार्यसमेत
- ०७१-CR-०६२२, जालसाज, प्रशान्त आचार्यसमेत वि. प्रभु आचार्यसमेत

६

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६९-CR-०१६२, जबरजस्ती चोरी, सन्तोष कुँवर वि. नेपाल सरकार

प्रतिवादीहरूउपर मुलुकी ऐन चोरीको १ र ४ नं. विपरीतको कसुर हुँदा सोही ऐनको १४(२) नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दाबी प्रमाणित हुन प्रतिवादीहरूउपर परेको जाहेरीलाई मिसिल संलग्न तथ्य र प्रमाणहरूबाट पुष्टि गर्नुपर्ने हुन्छ। जाहेरी दिनु मात्र पर्याप्त हुँदैन, मिसिल संलग्न तथ्य र प्रमाणहरूबाट जाहेरीलाई पुष्टि गर्नुपर्ने हुन्छ। जाहेरी दिनु र सोअनुरूप प्रतिवादीहरूलाई कसुरमा गढाउ गर्ने किसिमका प्रमाणहरू वादी पक्षबाट पेस दाखिला हुन नसकेको र प्रतिवादीहरू अदालतसमक्षको स्वतन्त्र बयानमा कसुरमा इन्कार गरी बयान गरेको देखिँदा, जाहेरी र प्रहरीमा भएको बयानलाई मात्र आधार लिई अन्य स्वतन्त्र प्रमाणबाट कसुर पुष्टि नभएको अवस्थामा यी प्रतिवादी सन्तोष कुँवर कसुरदार हुन र निजले अभियोग मागदाबी अनुरूपको जबरजस्ती चोरीको कसुर गरेका हुन् भनी सजाय गर्न मिल्ने नदेखिने।

तसर्थ, यी प्रतिवादी सन्तोष कुँवरलाई आरोपित कसुर गरेको ठहऱ्याई चोरीको १४(२) नं. बमोजिम डेढ महिना कैद र बिगो रू.३४,०००।– के डेढी जरिवाना भई सो जरिवानाबापतसमेत कैद हुने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६३।११।१ को फैसलालाई सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६६।८।१८ को फैसला मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ । पुनरावेदक प्रतिवादीले सफाइ पाउने।

इजलास अधिकृत: मुकुन्द आचार्य

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७३ साल फागुन २३ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री तेजबहादुर के.सी.,** ०६९-CI-०६९५, लेनदेन, रामचन्द्र साहसमेत वि. अनुठा साह तेली

प्रतिवादीहरूले लिखत सनाखत गर्दा, बाबुको सहिछापलाई स्वीकार गरी वादीले झुक्याई सादा लिफा कागजमा सही गराई पछिबाट तमसुक खडा गरेको भनी बेहोरा लेखाई दिए पनि के काम बापतमा त्यसरी प्रतिवादीहरूका बाबुले लिफा दिनु परेको हो भन्ने कुरा प्रतिवादीहरूले खुलाउनसकेको देखिँदैन । दाबीको लिखत विशेषज्ञबाट जाँच गर्न पठाउँदा लिफामा लेखेको हो होइन यकिन भन्न नसकिने भनी रायप्राप्त भएको देखिन्छ। रामवृक्ष साह तेलीले वादी अनुठा साहसँग रू. १,५०,०००।– कर्जा लिई मिति २०६४।१।१५ मा मेरो रोहबरमा लेनदेन भई धनी ऋणीको अनुरोधमा लेखक साक्षी पवन किशोर साहले तमसुक लेखिदिएको हो, ऋणी रामवृक्ष साहले सहिछाप गरेपछि हामीले पनि सहिछाप गरी लिखत वादीलाई बुझाएको हो, लेखत सद्दे हो, किर्ते जालसाजी होइन, लिफामा लेखिएको होइन भन्नेसमेत बेहोराको लिखतका साक्षी कृष्णचन्द्र साह, झगरू सहनीको सुरू अदालतसमक्षको बयान कागजबाट

देखिन्छ। उक्त आधार प्रमाणबाट दाबीको लिखत किर्ते जालसाजी भन्ने पुनरावेदक प्रतिवादीहरूको दाबी जिकिर पुग्नसक्ने नदेखिने।

वादी पक्षबाट तमसुकबमोजिमको बिगो भराइपाउँ भनी मुद्दा दायर भएपश्चात् खडा भएको ऋणी रामवृक्ष साह तेलीको मृत्यु दर्ता प्रमाण पत्रलाई मात्र आधार मानी वादी दाबी पुग्न नसक्ने भन्ने मिल्ने अवस्था देखिएन। उक्त मृत्युदर्ता प्रमाणपत्र वादीको फिराद परिसकेपछि प्रतिवादीहरूले बनाई पेस दाखिला गरेको अवस्थाको हुँदा र प्रतिवादीहरूले नै तमसुकमा भएको सहिछाप आफ्ना बाबु ऋणी रामवृक्षको भनी स्वीकार गरिसकेको अवस्थामा रामवृक्ष साह तेलीले मिति २०६४।१।१५ मा गरेको कपाली तमसुक सद्दे साँचो बेहोराको देखिएकोले उक्त तमसुकबमोजिम सावाँ ब्याज वादीले प्रतिवादीबाट भराई लिन पाउने।

अतः वादी दाबी पुग्न नसक्ने ठहर्‍याई रौतहट जिल्ला अदालतबाट मिति २०६७।२।१७ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबीबमोजिम वादीले प्रतिवादीबाट मिति २०६४।१।१५ को लिखतको साँवा रू. १,५०,०००।– र सोको कानूनबमोजिमको ब्याज भरिपाउने ठहर्छ। लिखित किर्ते भन्ने प्रतिवादीको माग दाबी पुग्न नसकेकोले प्रतिवादीलाई किर्ते कागजको १० नं. ले हुने जरिवानाको दण्ड सजायको महलको १८ नं. ले आधा जरिवाना हुने ठहर्छ भनी मिति २०६९।४।३१ मा पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: मुकुन्द आचार्य

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल फागुन २३ गते रोज २ शुभम्।

८

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७१-CI-०५०१, बाली बिगो भराई दिलाई पाउँ, तुलबहादुर बरूवाल वि. रामलक्ष्मण दुवे

पुनरावेदक वादीले आफ्नो नाउँको जग्गामा प्रतिवादीले जोतभोग गरेको तथा बाली लुटपिट गरेको भन्ने विषयमा पर्याप्त प्रमाण पेस दाखिला गर्नसकेको पाइँदैन। वादी दाबीको कि.नं. १०८२ को जग्गामा सर्वोच्च अदालतबाट मिति २०६७।२।२९ मा फैसला भई यी वादीको हकभोग भएको पाइन्छ। उक्त जग्गा वादीको नै हक भोगमा रहेको अवस्थामा प्रतिवादीले जोतभोग गरी खाएको भनी प्रतिवादीबाट यी पुनरावेदक वादीलाई बाली बिगो भराइदिनु न्यायोचित देखिन नआउने।

तसर्थ माथि विवेचित आधार प्रमाण कारणहरूबाट कि.नं. १०८२ को जग्गा यी पुनरावेदन वादी तुलबहादुर बरूवालको नाउँमा रहेको निजले नै जोतभोग गरिरहेको कुरा निर्विवादरूपमा पुष्टि भएको स्थितिमा प्रतिवादी रामलक्ष्मण दुवेबाट पुनरावेदक वादीलाई २०५६ सालको वर्षे बालीदेखि २०६७ सालसम्मको हिउँदे बालीसम्मको जम्मा उब्जनी भएको बाली बिगोको आधा रू ६,०९,४५५।– रकम दिलाई भराई दिन मिल्ने देखिएन। अतः कि.नं. १०८२ को जग्गा यी पुनरावेदक वादी तुलबहादुर बरूवालको नाउँमा रहेको निजले नै जोतभोग गरेको र प्रतिवादी रामलक्ष्मण दुवेले जोतभोग गरेको कुराको विश्वसनीय आधार प्रमाण वादी पक्षबाट पेस नभएको स्थितिमा २०५६ सालको वर्षे बालीदेखि २०६७ सालको हिउँदे बालीसम्मको जम्मा उब्जनी भएको बाली बिगो रू. १२,१८,९१०।– को आधा बाली बिगो रू.६,०९,४५५।- यी पुनरावेदक वादीको मौखिक कथनमा मात्र भरपरी निजको पुनरावेदन जिकिरबमोजिम प्रतिवादी रामलक्ष्मण दुवेबाट भराउन मिल्ने नदेखिँदा रूपन्देही जिल्ला अदालतबाट मिति २०६९।११।१८ मा भएको फैसला बदर गरी वादी

दाबी पुग्न नसक्ने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट मिति २०७०।११।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मुकुन्द आचार्य

कम्प्युटरः देवीमाया खतिवाडा

इति संवत् २०७३ साल फाल्गुन २३ गते रोज २ शुभम्।

## इजलास नं.५

१

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री दीपककुमार कार्की,** ०७२-RC-००७४, कर्तव्य ज्यान, नेपाल सरकार वि. होमनाथ उपाध्याय

धादिङ जिल्ला अदालतको मिसिल संलग्न मृतक पम्फा उपाध्याय (शर्मा) को शव परीक्षण प्रतिवेदन (Autopsy Report) मा मृत्युको कारण (Cause Of Death) Asphyxia with head injury उल्लेख भएको देखिन्छ । Negative भनी उल्लेख भएको मृतकको भिसेरा रिपोटबाट देखिन्छ। प्रतिवादीउपरको किटानी जाहेरी, प्रतिवादीको साविती बयान, प्रतिवादी होमनाथ उपाध्याय र निजको श्रीमती मृतक पम्फा उपाध्यायबीच वादविवाद तथा झैझगडा हुँदा प्रतिवादीले मृतकलाई घाँटी थिची मारेको भन्ने बुझिन आएको हो । प्रतिवादीले आफ्नो श्रीमती पम्फा देवी उपाध्यायलाई मारेको हो भन्नेसमेतको एकै किसिमको बेहोरा उल्लेख गरी रामकुमार के.सी., निर्मला शर्मा, रामकृष्ण शर्मा र भूमीप्रसाद उपाध्यायले गरी दिएको घटना विवरण कागज र उक्त कागजमा लेखाएको बेहोरा ठीक हो भनी निजहरूले अदालतसमक्ष उपस्थित भई बकपत्र गरिदिएसमेतका मिसिल संलग्न आधार प्रमाणहरूबाट मृतकको मृत्यु प्रतिवादीको कर्तव्यबाट नै भएको कुरा निर्विवाद पुष्टि हुन आउने।

प्रतिवादी र मृतकबीच झाँक्रीकोमा हेराउन जाने विषयमा विवाद भएको, प्रतिवादीले मृतकलाई ३/४ थप्पड हानेको र त्यसपछि घाँटी थिच्दा मृतक, प्रतिवादीको जीउमा ढल्न पुगेपछि प्रतिवादीले अन्य मानिसहरूलाई खवर गरेको र अन्य मानिस आई हेर्दा पम्फाको मृत्यु भइसकेको भन्ने प्रतिवादीको साबिती बयान रहेको देखिन्छ । मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं.को कानूनी व्यवस्था हेर्दा लाठा ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी हानी रोपी घोची वा अरू ज्यान मार्ने गैर कुरा गरी ज्यान मारेमा एकै जनाले मात्र सो काम गरेको भए त्यस्तालाई सर्वस्वसहित जन्मकैद गर्नुपर्दछ भन्ने उल्लेख भएको र प्रतिवादीको मृतक पम्फालाई घाँटी थिची मार्ने कार्य उक्त १३(३) नं. को अरू ज्यान मार्ने गैर कुरा गरी ज्यान मारेमा एकै जनाले मात्र सो काम गरेको भए त्यस्तालाई सर्वस्वसहित जन्मकैद गर्नु पर्दछ भन्ने पछिल्लो वाक्यांशले गरेको कानूनी व्यवस्थाले समेटेको देखिँदा सुरू धादिङ जिल्ला अदालतबाट निज प्रतिवादीलाई ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरेको सुरू धादिङ जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको मिति २०७१/१०/१३ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

प्रतिवादी र मृतक श्रीमान् श्रीमती जस्तो नजिकको नाताका व्यक्ति रहेको, निजहरूका बीचमा घरायसी काम व्यवहारका बारेमा सामान्य विवादबाहेक ज्यान मार्नेसम्मको कुनै पूर्वरिसइवी रहेको भन्ने मिसिल संलग्न प्रमाणबाट नदेखिएको, प्रतिवादी श्रीमानकै ग्रह शान्तिका लागि झाँक्रीकोमा हेराउन जाने समयका सम्बन्धमा विवाद भई मृतकले कराइ उत्तेजित बनाएको कारणबाट रिस उठी घाँटी थिच्दा अनायासै मृतकको मृत्यु भएको भन्ने देखिन्छ। मृत्यु भएपश्चात आफूबाट भएको अपराधका बारे गाउँका व्यक्तिहरूलाई खबर गर्न गएको, आफूले गरेको सम्पूर्ण कुरा नढाँटी अपराध स्वीकार गरी अनुसन्धान कार्यमा समेत सहयोग गरेको पाइयो । निजले अदालतमा गरेको बयान हेर्दा निज

घरको मुख्य व्यक्ति रहेको, निजमा आश्रित १ छोरा र १ छोरी रहेको, वर्षभरी खान नपुग्ने अवस्था रहेको र आफूबाट भएको अपराधका लागि पश्चातापसमेत गरेको देखिइरहेको अवस्थामा निजलाई ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय चर्को पर्न जाने हुँदा प्रतिवादीलाई कैद वर्ष १०(दश) मात्र हुन उपयुक्त हुने भनी पुनरावेदन अदालत पाटनबाट व्यक्त भएको रायसमेत मिलेकै देखिँदा निज प्रतिवादी होमनाथ उपाध्यायलाई मुलुकी ऐन अ.बं. १८८ नं. बमोजिम १०(दश) वर्षको कैद सजाय हुने।

इजलास अधिकृत : जगदीशप्रसाद भट्ट

कम्प्युटर : सञ्जय जैसवाल

इति संवत् २०७३ साल चैत २९ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री दीपककुमार कार्की,** ०७३-RC-००९३, कर्तव्य ज्यान, नेपाल सरकार वि. अमिता रानामगर

प्रतिवादी अमिता रानामगरले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयानमाथि उल्लिखित अन्य सम्बद्ध प्रमाणहरूबाट समर्थित भएको हुँदा प्रतिवादी अमिता रानामगरले अवैध गर्भधारण गरी सामाजिक लोक लाजबाट बच्न मास पुगेको जातक बच्चा जन्माई कर्तव्य गरी मारी कोही कसैलाई थाहा जानकारी नदिई वारदातस्थलबाट माइतीघर आई भोलिपल्ट आफ्नो घरतर्फ गएको भन्ने देखिँदा प्रतिवादीको उक्त कार्य आरोपित कसुरअनुसारको अपराध देखिँदा यी प्रतिवादी अमिता रानामगरलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको पुनरावेदन अदालत राजविराजको फैसला मनासिब देखिन आउने।

प्रतिवादी दुई नाबालिका छोरीको आमा एकल अशिक्षित महिला रहेकी मिसिलबाट देखिन्छ। विवाहमा माइती आएको अवस्थामा भिनाजु नाताका व्यक्तिसँगको शारीरिक सम्पर्कमा अवैध गर्भ रहन गएको र आर्थिक अभावका कारण उक्त गर्भ पतन गराउन नसकेको भन्ने निजको मौकाको बयानबाट देखिएको छ । संविधान एवम् कानूनद्वारा प्रत्याभूत गरिएको प्रजनन्सम्बन्धी अधिकार अशिक्षा र गरिबीले गर्दा प्रयोग गर्न नपाएको भन्नेमा यी प्रतिवादीको विवशताले प्रस्ट गरेको देखिन्छ। इच्छाविपरीत रहन गएको गर्भ बोक्न पर्ने बाध्यता उक्त गर्भका कारणबाट आफू समाजबाट अपहेलित हुने अवस्थाका कारण एकान्त स्थानमा गई बच्चा जन्माउनुपर्ने बाध्यतालाई नकार्न सकिँदैन। महिलाको शारीरिक एवम् जैविक संरचनाले गर्दा बहन गर्नुपर्ने पीडाको एउटा हिस्साको रूपमा यस घटनालाई हेर्नुपर्ने अवस्था रहेको देखिने।

तसर्थ हाम्रो सामाजिक संरचनाका कारण सामाजिक लोक लज्जाबाट बच्न जन्मेको बच्चा मार्ने कार्य भएको देखिँदा यस्तो अवस्थामा प्रतिवादीलाई ऐनबमोजिम भएको सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को हुन जान्छ। थोरै सजाय गर्दा पनि दण्डको उद्देश्यसमेत पूर्ति हुने र प्रतिवादीले गरेको अपराधमा प्रायश्चित पनि हुने हुँदा मुलुकी ऐन अ.बं. १८८ नं. बमोजिम यी प्रतिवादीलाई ४ वर्ष कैद गर्ने राय व्यक्त गरेको पुनरावेदन अदालत राजविराजको फैसला मनासिब नै देखिने।

अत: माथि विवेचित आधार कारणबाट प्रतिवादी अमित रानामगरलाई मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरी मुलुकी ऐन अ.बं. १८८ नं. बमोजिम ४ (चार) वर्ष कैद गर्ने रायसमेत व्यक्त गरी साधक जाहेर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०७२।३।१८ को रायसहितको फैसला मिलेको देखिँदा साधक सदर हुने।

इजलास अधिकृत : विदुरकुमार उपाध्याय

कम्प्युटर : सञ्जय जैसवाल

इति संवत् २०७४ साल जेठ २२ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७२-CI-१६४७, ०७२-CI-१९२० र ०७२-CI-१९२१, अंशचलन, सरला रौनियार वि. आलोक रौनियारसमेत, उमाशंकर रौनियार वि. आलोक रौनियार र रवि रौनियार वि. आलोक रौनियार

कुनै लिखत प्रमाण पेस गरी वा भोग व्यवहारबाट आआफ्नो हक लिई अंशियारहरू छुट्टि भिन्न भएको भन्ने प्रमाणित नभएसम्म अंशियारहरू एकासगोलमा नै रहेको मान्नु पर्ने।

वादी प्रतिवादी अंशियारहरू एकासगोलमा रहँदाकै बेला आलोक रौनियारले लिएको ऋण सगोलमा रहँदा नै चुक्ता गरी अंशियारमध्येकै व्यक्ति रवी रौनियारले आमा सरला रानी रौनियारसँग लिखत गरी लिँदा सोमा आलोक रौनियार साक्षी बसेको कारणबाट मात्र उक्त सम्पत्तिमा आफ्नो अंशहक परित्याग गरेको भनी भन्न मिल्दैन । अंशियारले आफ्नो अंशभाग कानूनबमोजिम लिखत गरी परित्याग नगरेसम्म प्रत्यर्थी रवी रौनियारले लिएको बकसपत्रको लिखतमा साक्षी बसेको कारणले अंश जस्तो नैसर्गिक हक त्याग गरेको भन्न पनि नमिल्ने।

वादी पुनरावेदक रवी रौनियार र उमाशंकरले कि.नं. १९०७, १८४७ र ७९० का जग्गामध्ये कि.नं. ७९० को जग्गा प्रतिवादी आमा सरला रानी रौनियारले रवी रौनियारलाई र कि.नं. १९०७ र १८४७ को जग्गा आलोक रौनियारले बाबु उमाशंकर रौनियारलाई लिखत गरी दिएकोबाट उक्त अंशबन्डाको १८ नं. बमोजिम आफूहरूको ज्ञान सिपबाट प्राप्त गरेको रकमबाट ऋण तिरी लिएको निजी आर्जनको सम्पत्ति हुँदा बन्डा लाग्नसक्ने होइन भन्ने जिकिर लिए पनि लोग्ने, बाबुआमाले जुनसुकै बेहोराबाट प्राप्त गरेको सम्पत्ति एकासगोलको हुने र त्यस्तो सम्पत्तिमा छोराछोरीको समेत अंशहक लाग्ने हुँदा अंशियारबीच बकसपत्रको लिखत भएकै आधारमा स्वआर्जनको मानी बन्डा नलाग्ने भन्न नमिल्ने भनी सिद्धान्त प्रतिपादनसमेत भएबाट अंशियारहरूबीच बन्डा गर्ने गरी भएको फैसला मिलेकै नदेखिँदा बदर गरिपाउँ भन्ने पुनरावेदक प्रतिवादी उमाशंकर रौनियार र प्रतिवादी रवी रौनियारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

पुनरावेदिकाले प्रतिवाद गर्दा एकासगोलमा रहँदाको अवस्थामा प्राप्त भएका सम्पत्ति सबै अंशियारलाई समानरूपमा बन्डा हुने भनी आफ्नो प्रतिउत्तर पत्रमा उल्लेख गरेको देखिएबाट सगोलमा रहँदा प्राप्त सम्पूर्ण सम्पत्तिमा अंशबन्डा लाग्ने तर ऋण तिर्न नपर्ने भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर मनासिब नदेखिने।

तसर्थ उल्लिखित आधार कारणबाट वादी प्रतिवादी छुट्टिभिन्न भएको भन्ने कुनै कागज प्रमाणबाट नदेखिएको अवस्थामा सगोलको सबै ऋण धनसमेत बन्डा लाग्ने ठहऱ्याई वादी दाबीबमोजिम ४ भागको १ भाग अंश पाउने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०७२।५।२१ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः कृतबहादुर बोहरा

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल माघ १२ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री मीरा खड्का,** ०७२-RC-०००३, कर्तव्य ज्यान, नेपाल सरकार वि. राजेन्द्रसिंह धामी

प्रतिवादी र मृतकबीच रक्सी सेवन गरी एकआपसमा विवाद भएको, प्रतिवादीले मृतकलाई मृतकले नै टेकिराखेको दाउराको चिरपट मृतकको हातबाट खोसी रक्सीको नसामा हाने । मेरै हातबाट भाइबहादुर सिंह धामीको मृत्यु हुन गएको हो भनी कसुर अपराधमा पूर्ण साबित रही अदालतमा समेत

बयान गरेको देखिन्छ । मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं.को कानूनी व्यवस्था हेर्दा लाठा ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी हानि रोपी घोची वा अरू ज्यान मार्ने गैर कुरा गरी ज्यान मारेमा एकै जनाले मात्र सो काम गरेको भए त्यस्तालाई सर्वस्वसहित जन्मकैद गर्नुपर्दछ भन्ने उल्लेख भएको र प्रतिवादीले मृतकबहादुर सिंह धामीलाई निजले नै टेकेको दाउराको चिरपटले शरीरका विभिन्न भागमा हानेको चोटपीरले मृतकको मृत्यु भएको देखिँदा प्रतिवादीको कार्य उक्त १३(३) नं. मा वर्णित व्यवस्थाको परिधिभित्रकै देखिँदा निज प्रतिवादीलाई ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरेको सुरू बैतडी जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०७१/१२/१५को फैसला मनासिबै देखिँदा साधक सदर हुने ।

मृतक र प्रतिवादी दुई बहिनीका छोराहरू भई दाजुभाइको नजिक नाताका रहेको भन्ने देखिएको, यिनीहरूबीच कुनै पूर्वरिसइवी रहेको नदेखिएको, दुवै जनाले वारदातको दिन सँगसगै काम गरी रक्सी सेवन गरेका, रघुविरको घरमा गइ घटना घट्नुअघिसम्म सँगै बसी मासु र रक्सी खाएका, रक्सी नपुगी थप्न भनी घरबाहिर निस्की गहुँबारीतर्फ लागेका, त्यहीँ दुवैबीचमा भनाभन भई मृतकले टेकेकै दाउराको चिरपटले हिर्काउँदा मृत्यु भएको देखिएबाट प्रतिवादीले मृतकलाई मारी हाल्नुपर्ने सम्मको रिसइवी रहेको र पूर्वयोजना बनाएको भन्ने पनि मिसिल प्रमाणबाट देखिँदैन । मृतकलाई गहुँबारीमा छाडी रघुविरसिंहको घरमा आई प्रतिवादी राजेन्द्रसिंह धामी रातभर निर्धक्कसँग सुतेको अवस्था छ । घटनापश्चात् आफू भाग्ने उम्कने प्रयत्न केही नगरी भएको यथार्थ घटना बेहोरा उल्लेख गरी अनुसन्धान र मुद्दा सुनुवाइको क्रममा समेत सहयोग पुऱ्याएसमेतका आधारमा निजलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्न जाने भनी मुलुकी ऐन अ.बं १८८ नं. बमोजिम कैद वर्ष १० हुने गरी सुरू जिल्ला अदालतले व्यक्त गरेको राय मनासिब ठहराएको पुनरावेदन अदालत महेन्द्रनगरको राय मिलेकै देखिँदा निज प्रतिवादी राजेन्द्र सिंह धामीलाइ मुलुकी ऐन अ.बं. १८८ नं. बमोजिम १०(दश) वर्षको कैद सजाय हुने ।

इजलास अधिकृत: जगदीशप्रसाद भट्ट

कम्प्युटर: सञ्जय जैसवाल

इति संवत् २०७३ साल वैशाख ३ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७१-WO-०३१४, उत्प्रेषण / परमादेश, जुना बोहरा वि. महानगरीय प्रहरी परिसर, हनुमानढोकासमेत

निवेदक प्रहरीजस्तो जिम्मेवार क्षेत्रमा जनताको सेवामा कार्यरत राष्ट्रसेवकले अनुचितरूपमा रकम प्राप्त गरी आफ्नो सेवासम्बन्धी प्रचलित ऐन, नियमविपरीत अनुशासनहिन काम गरेको प्रमाणित भएको आधारमा निजलाई भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरी महानगरीय प्रहरी काठमाडौंका प्रहरी उपरीक्षक उत्तमराज सुवेदीले मिति २०७०।२।२७ मा गरेको निर्णयलाई महानगरीय प्रहरी आयुक्तको कार्यालयका प्रहरी नायव महानिरीक्षक विश्वराज सिंह शाहीले सुरूको निर्णय सदर हुने ठहर गरी मिति २०७१।३।२९ मा गरेको निर्णय त्रुटिपूर्ण नदेखिई मनासिब नै देखिँदा र निवेदकको संवैधानिक र कानूनी हक हनन् भएको नदेखिँदा निवेदकको निवेदन माग दाबी पुग्न सक्दैन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः तेजबहादुर खड्का

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल जेठ १ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६८-CR-१४२५, ०६९-CR-०३००, ०३०१, ०३५६, ०३६४ र ०५८०, लागु औषध (सेतो हेरोइन), नेपाल सरकार वि. सुवर्णराज भण्डारीसमेत, प्रल्हाद घिमिरे वि. नेपाल सरकार, राजु लामा वि. नेपाल सरकार, मीनबहादुर गुरूङ वि. नेपाल सरकार, प्रविण घिमिरे वि. नेपाल सरकार सुवर्णराज भण्डारीसमेत वि. नेपाल सरकार

मिति २०६४।४।१६ मा भएको बरामदी मुचुल्का हेर्दा उक्त मुचुल्कामा स्थानीय भलादमीहरू र लागु औषध नियन्त्रण, कानूनी कार्यान्वयन इकाई नयाँ बानेश्वरका प्र.ना.नि. होम विक्रम कार्की र प्र.स.नि. गोपाल प्रसाद बास्तोला दर्जा पुगेका २ जना प्रहरी कर्मचारीहरूको रोहबरमा बरामदी मुचुल्का खडा भएको देखिन्छ । यसरी कानूनले नै प्र.स.नि. दर्जा सम्मका २ जना प्रहरी कर्मचारीको रोहबरमा मुचुल्का खडा गर्न सकिने व्यवस्था रहेको हुँदा उक्त मुचुल्का कानूनबमोजिम नै खडा भएको मान्नु पर्ने ।

बरामदी मुचुल्काका अन्य व्यक्तिहरूले अदालतमा आई बकपत्र गर्दा उक्त लागु औषध आफ्नो रोहबरमा बरामद भएको तथ्यलाई इन्कार गरे तापनि प्रतिवादीमध्येका राजु लामाले सुरू अदालतमा बयान गर्दा आफूबाट ६ क्याप्सुल (६० ग्राम) लागु औषध सेतो हेरोइन बरामद भएको तथ्यलाई स्वीकार गरेको पाइन्छ । त्यसैगरी रोहबर साक्षी प्र.स.नि. किशोरकुमार खरेलसमेतले अदालतमा बकपत्र गर्दा बरामदी मुचुल्कामा उल्लेख भएबमोजिम प्रतिवादीहरूबाट सेतो हेरोइन ५०० ग्राम बरामद भएको साँचो हो भनी बेहोरा लेखाई दिएबाट बरामदी मुचुल्कामा उल्लेख गरिएबमोजिम ५०० ग्राम सेतो हेरोइन प्रतिवादीहरूबाट बरामद भएको तथ्य स्थापित हुने ।

प्रतिवादी राजु लामाबाहेक अन्य प्रतिवादीहरूले बरामद भएको सेतो हेरोइनसँग आफूहरूको कुनै संलग्नता छैन भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिए पनि अधिकारप्राप्त अधिकारीसमक्ष मौकामा बयान गर्दा उक्त बरामद लागु औषध प्रतिवादी मीनबहादुर गुरूङले अफगानिस्तानबाट ल्याएको र प्रतिवादी मीनबहादुर गुरूङ, शिवबहादुर बुढाथोकी, सुवर्णराज भण्डारी, प्रविण घिमिरेसमेतको बीचमा उक्त लागु औषध बिक्री गरी पैसा बाडी खाने सल्लाह भएको र बिक्री गर्न प्रविण घिमिरेलाई दिएकोमा निजले आफ्नो भाई प्रल्हादलाई बिक्री गर्न दिएकोमा प्रतिवादी राजु लामाले खोजेको ग्राहकलाई बिक्री गर्न साकुरा गेष्ट हाउसमा पर्खी बसेको अवस्थामा प्रहरीले राजु लामा र प्रल्हाद घिमिरेसँग लागु औषध बरामद गरी निजहरूकै पोलको आधारमा अन्य प्रतिवादी पक्राउ परेको कुरामा साबित भई बयान गरेको देखिन्छ । प्रतिवेदकहरूले गरेको अदालतको बकपत्रसमेतबाट सोही बेहोरा समर्थन भएको पाइन्छ । प्रतिवादी मीनबहादुर गुरूङको पासपोर्टसमेतबाट निज अफगानिस्तानबाट नेपाल आएको भन्ने देखिइ निजको अनुसन्धान अधिकृतसमक्ष भएको बयान बेहोरा पुष्टि भएको प्रतिवादी राजु लामाले अदालतसमक्ष गरेको बयान एवम् बरामदी मुचुल्काबाट प्रतिवादीहरूले प्रहरीमा गरेको साबिती बयान पुष्टि भएको छ । प्रतिवादी प्रल्हाद र राजु लामाले साकुरा गेष्ट हाउसमा कोठा लिई बसेको कुरा उक्त गेष्ट हाउसका मालिक लेखबहादुर गुरूङको कागजबाटसमेत पुष्टि भई प्रतिवादीहरूको बयान बेहोरा अन्य स्वतन्त्र प्रमाणबाट समर्थित भएको हुँदा प्रतिवादीहरूको साबिती बयानलाई अन्यथा भन्न मिल्ने नदेखिने ।

प्रतिवादीहरूमध्ये प्रल्हाद घिमिरे, राजु लामा र मीनबहादुर गुरूङले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयानलाई बरामदी मुचुल्का एवम् राजु लामाले अदालतसमक्ष गरेको

बयानसमेतले पुष्टि गरेको हुँदा यी प्रतिवादी प्रल्हाद घिमिरे, मीनबहादुर गुरूङ र राजु लामाले निषेधित ५०० ग्राम लागु औषध सेतो हेरोइनको खरिद सञ्चय एवम् ओसारपसार गरी अभियोग दाबीबमोजिमको कसुर गरेको ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसलालाई अन्यथा भन्न नमिल्ने।

प्रतिवादीहरू प्रविण घिमिरे, सुवर्णराज भण्डारी, शिवबहादुर बुढाथोकीले बरामद भएको लागु औषध खरिद गरी ल्याएको र निजहरूको साथबाट बरामद पनि नभएको प्रतिवादी राजु लामा र प्रल्हाद घिमिरेसँगै पक्राउ पनि नपरेका अवस्था रहेको छ । केवल प्रतिवादी मीनबहादुर गुरूङ, प्रल्हाद घिमिरे तथा राजु लामाको बीचमा बसी मीनबहादुर गुरूङले ल्याएको लागु औषध राजु लामा मार्फत बिक्री गरी रकम बाँडी खाने नियतले योजनामा संलग्न भई मद्दत गरी मतियारको रूपमासम्म काम गरेको हुँदा अन्य प्रतिवादी सरहको सजायको माग दाबी लिएको हदसम्म अभियोग दाबी पुग्न सक्दैन। प्रतिवादी प्रविण घिमिरे, सुवर्णराज भण्डारी र शिवबहादुर बुढाथोकीले निषेधित लागु औषध खरिद बिक्री ओसारपसारसमेतको कार्यमा प्रतिवादी राजु लामा, प्रल्हाद घिमिरे र मीनबहादुर गुरूङलाई सहयोग गरी मतियारकै रूपमा रहेको देखिँदा निजहरूको हकमा पुनरावेदन अदालत पाटनबाट भएको फैसलामा अन्यथा भन्न नमिल्ने।

अत: माथि उल्लिखित प्रमाण तथा विवेचित आधार र कारणहरूबाट प्रतिवादीहरूमध्येका प्रल्हाद घिमिरे, राजु लामा र मीनबहादुर गुरूङलाई लागु औषध नियन्त्रण ऐन, २०३१ को दफा १४(१) को (छ)(३) बमोजिम निजहरूलाई जनही १६ वर्ष कैद र रू.६,००,०००।– (छ लाख) जरिवाना हुने र प्रतिवादी प्रविण घिमिरे, प्रतिवादी सुवर्णराज भण्डारी र प्रतिवादी शिवबहादुर बुढाथोकी ऐ. ऐनको दफा १७ बमोजिम मतियार हुनाले मूल अभियुक्तलाई भएको सजायको आधा निज प्रतिवादीहरूलाई जनही ८ वर्ष कैद र रू. ३,००,०००।- (तीन लाख) जरिवानासमेत हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६८।७।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : विदुरकुमार उपाध्याय
कम्प्युटर : सञ्जय जैसवाल
इति संवत् २०७३ साल चैत १३ गते रोज १ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७०-CR-१४०७, कर्तव्य ज्यान, टिके सार्की वि. नेपाल सरकार

मृतकको मृत्युको कारण छाती र टाउकोमा धार नभएको हतियारले चोट लागेर भएको भन्ने शव परीक्षण प्रतिवेदन देखिए तापनि सो चोट प्रतिवादीकै कुटाइबाट परेका हुन भनी कहिँकतैबाट प्रमाणित भएको देखिँदैन। प्रमाण ऐन, २०३१ को दफा २५ ले प्रतिवादीउपर लगाएको अभियोगलाई शङ्कारहित र भरपर्दो प्रमाणबाट प्रमाणित गर्ने दायित्व वादी पक्षको हो। तर वादी पक्षले सो दायित्व पूरा नगरी प्रतिवादीको घरको भित्तामा भेटिएको रातो पदार्थ मृतककै रगत भएको र मृतकको शरीरमा परेको चोट प्रतिवादीकै कुटाइबाट परेको अनुमान र शङ्का गरी प्रतिवादीउपर अभियोग लगाएको देखिन्छ । अनुमान, शङ्का र विश्वास व्यक्तिका निजी कुरा भएकोले यसले प्रमाणको स्थान ग्रहण गर्न नसक्ने।

अतः यी पुनरावेदक प्रतिवादीले कुटपिट गरी मृतक विष्णुप्रसाद पुलामीलाई कर्तव्य गरी मारेको भन्ने अभियोग दाबी मिसिल संलग्न प्रमाणबाट स्थापित हुन नआएकोले निज प्रतिवादी टिकाबहादुर हरिजन भन्ने टिके सार्कीलाई मुलुकी ऐन ज्यानसम्बन्धीको १३ नं.

को देहाए दफा ३ बमोजिम सजाय गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसला मिलेको देखिन नआउने।

तसर्थ पुनरावेदक प्रतिवादी टिकाबहादुर हरिजन भन्ने टिके सार्कीलाई मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १३ नं को देहाय दफा ३ बमोजिम सर्वस्वसहित जन्मकैद सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत बागलुङको मिति २०७०।९।२३ को फैसला उल्टी भई प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृतः आनन्दराज पन्त

इति संवत् २०७४ साल असार ७ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७२-CR-०२१०, ०७२-CR-०५५२ र ०७३-RC-०१०७, कर्तव्य ज्यान, शम्भु रानामगर वि. नेपाल सरकार, नेपाल सरकार वि. शम्भु रानामगरसमेत र नेपाल सरकार वि. मित्रलाल श्रेष्ठसमेत

प्रतिवादीहरू कुलबहादुर खुलाल र शम्भु रानामागरले मृतकलाई मारेको होइन, रू. ६,०००।– लिई मृत लासलाई फालेको हो भन्ने अदालतको इन्कारी बयान भए तापनि मिसिल संलग्न मृतकका छोरा रामहरी वि.क.को बकपत्रबाट र सहप्रतिवादीहरूको पोलयुक्त घटनाक्रमसहितको बयान बेहोराबाट खण्डित भएको पाइयो। यसर्थ प्रतिवादीमध्येका डम्बर भन्ने मित्रलाल श्रेष्ठको योजना सल्लाह र अह्रोटमा प्रतिवादीमध्येको मानकुमारी वि.क.को प्रत्यक्ष सहभागितामा प्रतिवादी कुलबहादुर खुलाल र शम्भुरानामगरको सहयोगमा गोकुल वि.क.लाई कर्तव्य गरी मारी लास दबाउन इनारमा लगी फालेको पुष्टि हुन आउने।

प्रस्तुत वारदातमा मृतक गोकुल वि.क.को ज्यान मार्नमा योजना बनाई वचन दिई लास दबाउनको लागि प्रपन्च मिलाउने कार्यसमेत प्रतिवादी मित्रलाल श्रेष्ठले गरेको देखिन आउँछ। तसर्थ निज प्रतिवादीका हकमा सोही ज्यानसम्बन्धीको १३(४) नं.आकर्षित गरी सजाय गर्ने गरेको पुनरावेदन अदालतको फैसला मिलेको देखिने।

प्रतिवादी मानकुमारी वि.क.ले मृतक पति गोकुल वि.क.लाई लट्ठ पार्ने औषधी सेवन गराई लठ्याएको र प्रतिवादीद्वय शम्भु रानामगर र कुलबहादुर खुलालमगरको सहयोगमा निजलाई सलले घाँटी कसी खुट्टा अँठ्याई कर्तव्य गरी मारेको देखिन आएकोले निज प्रतिवादी मानकुमारी वि.क. प्रस्तुत वारदातको मुख्य ज्यानमारा देखिन आयो। तसर्थ निज प्रतिवादीलाई सोही महलको १३(३) नं. आकर्षित गरी सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला मनासिब देखिने।

प्रतिवादीहरू कुलबहादुर खुलाल र शम्भु रानामगरको मृतकलाई ज्यान लिनुपर्ने कुनै मनसाय र उद्देश्य रहेको देखिँदैन। सहप्रतिवादी मित्रलाल श्रेष्ठले लाए अह्राएबमोजिम पैसाको लोभमा परी वारदात भइरहेको ठाउँमा गई प्रतिवादीमध्येकी मानकुमारी वि.क.ले आफ्नो लोग्ने गोकुल वि.क.लाई ज्यान मार्नको लागि निजलाई लठ्याई राखेको स्थानमा गई मानकुमारीलाई ज्यान मार्नमा संयोग पारी ज्यान मार्नमा मद्दत गरेको र लास फाल्न सहयोग पुऱ्याएको देखिन आउँछ। तसर्थ निज प्रतिवादीहरूका हकमा समेत ज्यानसम्बन्धीको १३(४) नं. आकर्षित गरी सजाय गर्ने गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने।

प्रतिवादी शम्भु रानामगरले पुनरावेदन अदालतमा पुनरावेदन गर्दा रिस्बु गाउँ विकास समितिको कार्यालयले जारी गरेको मिति २०५८।११।१४ को जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि पेस गरेको

देखिन्छ । यी प्रतिवादीले अनुसन्धानको क्रममा र अदालतमा बयान गर्दासमेत बाबुको नाम जितबहादुर रानामगर भनी लेखाएकोमा निजले पेस गरेको जन्मदर्ताको प्रमाणपत्रमा बाबुको नाम जगतबहादुर मगर उल्लेख भएको पाइयो । यसप्रकार निज प्रतिवादीको पिताको नाम फरक परेको उल्लिखित जन्मदर्तालाई प्रमाणमा ग्रहण गर्न मिलेन । निजले अनुसन्धानको क्रममा गरेको बयानमा खुलाएको उमेरसँग चिकित्सकीय जाँचबाट खुल्न आएको उमेर मिले भिडेको देखिन आएकोले नाबालक हुँ भन्ने यी प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

वस्तुतः अपराधीलाई सजाय गर्नुको उद्देश्य अपराधीबाट समाजको सुरक्षा गर्नु, भविष्यमा त्यसप्रकारका अपराध गर्न उन्मुख व्यक्तिलाई हतोत्साहित गराउनु, आफूले गरेको अपराधको प्रायश्चित गराई निजलाई सुधार गरी भोलि कानूनपरायण नागरिक बनाई समाजमा पुनर्स्थापित गर्नु र पीडित पक्षलाई सान्त्वना दिलाउनु हुने ।

वारदात घटाउनमा यी प्रतिवादीहरू कुलबहादुर खुलाल र शम्भु रानामगरले कुनै योजना बनाएको वा षड्यन्त्र गरेको भन्ने देखिन आउँदैन । वारदातमा यी प्रतिवादीद्वयले कुनै धारिलो हतियार प्रयोग गरी विभत्स ढङ्गले मृतकलाई मारेको भन्ने पनि देखिँदैन । उमेर अवस्था हेर्दा पनि १७-१८ वर्षका भर्खर किशोर अवस्थामा प्रवेश गरेका व्यक्तिहरू रहेको भन्ने देखिन आउँछ । यी प्रतिवादीहरूले अनुसन्धानको क्रममा वारदातको सम्पूर्ण घटनाक्रमलाई सिलसिलेवार रूपमा उल्लेख गरी आरोपित कसुरमा साबित रही न्यायिक प्रक्रियामा सहयोग पुऱ्याएको तथ्यलाई पनि नजरअन्दाज गर्न मिल्दैन । त्यसकारण उल्लिखित अवस्था परिस्थितिलाई मध्येनजर गरी हेर्दा पुनरावेदक प्रतिवादीले गरेको कसुरको मात्रा र निजलाई दिइने सजायकोबीचमा सन्तुलन कायम गर्दा निजलाई ऐनबमोजिमको सजाय गर्दा चर्को पर्ने देखिन आउने ।

तसर्थ प्रतिवादी मानकुमारी वि.क.लाई मुलुकी ऐन ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र प्रतिवादीहरू डम्बर भन्ने मित्रलाल श्रेष्ठ, कुलबहादुर खुलाल र शम्भु रानामगरलाई सोही महलको १३(४) नं. बमोजिम जन्मकैद सजाय हुने ठहऱ्याई पुनरावेदन अदालत जनकपुरबाट मिति २०७१।९।९ मा भएको फैसला मिलेको देखिँदा साधक सदर हुने ठहर्छ । प्रतिवादीमध्येका शम्भु रानामगर र वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । सजायको हकमा वारदात हुँदाको अवस्था परिस्थति, वारदातस्थलमा पीडितले खेलेको भूमिका, यी प्रतिवादीहरूको आर्थिक अवस्था र विवशता जस्ता कुरालाई मध्यनजर राखी विचार गरी हेर्दा हदैसम्मको सजाय गर्दा चर्को पर्ने भई न्यायोचितसमेत नहुने हुँदा प्रतिवादीद्वय कुलबहादुर खुलाल र शम्भु रानामगरलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम कैद वर्ष ८ (आठ) हुने ।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटरः देवीमाया खतिवडा / प्रेमबहादुर थापा

इति संवत् २०७४ साल असार ७ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७०-CI-१०२३, अंश दर्ता, श्रीराम चौधरी वि. भुटीदेवी थरूनीसमेत

वादी र प्रतिवादीहरूबीच नाता र पुस्तेवारीमा कुनै विवाद देखिएन । पुनरावेदक प्रतिवादी श्रीराम चौधरीले वादीका लोग्ने पिता वन्हु चौधरी र हाम्रो लोग्ने तथा बुबा टुराइनन्द चौधरीको बीचमा २०३१ र २०३३ सालमा खरिद बिक्री व्यवहार भई अंशबन्डासमेत भइसकेको भनी जिकिर लिए तापनि

निजहरूबीचमा रीतपूर्वक अंशबन्डा भएको लिखत प्रमाण पेस हुनसकेको देखिँदैन। वन्हु चौधरीको नाममा कुनै सम्पत्ति नभई स्व. सोमन चौधरीको नाममा पैतृक सम्पत्ति रहे भएको तायदाती फाँटवारीबाट देखिने।

वस्तुतः अंश नैसर्गिक हकसँग सम्बन्धित छ। त्यसैले अंशियारले अंश पाएको देखिने वस्तुगत प्रमाणबिना अंश हकबाट वञ्चित गर्न मिल्दैन। अतः वादीले अंश लिई पाइसकेको पुष्टि हुने प्रमाण मिसिलमा मौजुद नदेखिएकोले वादीले तायदाती फाँटवारीमा उल्लिखित श्री सम्पत्तिलाई २ भाग गरी सोको १ भागलाई ६ भाग लगाई ६ भागको २ भाग अंश वादीहरूले प्रतिवादीहरूबाट पाउने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०७०।२।२७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः आनन्दराज पन्त

इति संवत् २०७४ साल असार ९ गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०७२-WO-०६०६, उत्प्रेषण, नेत्रबहादुर सारूसमेत वि. यातायात व्यवस्था कार्यालय, पोखरा कास्कीसमेत

आफ्नो क्षेत्रभित्र सार्वजनिक यातायात सञ्चालनको व्यवस्थापन र नियमनको लागि पहल कदमी गर्नु प्रमुख जिल्ला अधिकारीलगायत सम्बद्ध पदाधिकारीको जिम्मेवारी र कार्यक्षेत्रभित्रको विषय देखिन आउँछ। त्यसकारण यातायात व्यवस्थापन समितिका अध्यक्षको संयोजकत्वमा सम्बद्ध पदाधिकारी तथा स्वयम निवेदकसमेतको उपस्थितिमा बैठक बसी सार्वजनिक यातायात सेवा सुव्यवस्थितरूपमा सञ्चालन गर्न भए गरेका काम कारवाहीलाई कानून प्रतिकूलको कामकारवाही भनी अर्थ गर्न मिल्ने नदेखिने।

अतः निवेदन दाबीका ३ वटा यात्रुबाहक बस सञ्चालनमा मिति २०७२।११।६ को निर्णयले रोक लगाएको नदेखिएको र अन्य बस भए वा नयाँ बस खरिद भई प्रक्रिया पुऱ्याएर सञ्चालनमा ल्याउन रोकिएको अवस्थामा निवेदकले उपचार खोज्न पाउने हक सुरक्षित नै हुँदा निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था रहेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: आनन्दराज पन्त

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७४ साल असार ५ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०७३-WO-०२९०, उत्प्रेषण / परमादेश, नवलकिशोर यादवसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

रिट निवेदनमा निवेदकतर्फका विद्वान् कानून व्यवसायीले प्रस्तुत निवेदन दायर भई यस अदालतबाट अन्तरिम आदेश भएपश्चात् निवेदक कम्पनीलाई वैदेशिक रोजगार विभागले इजाजतपत्र दिइसकेको भनी बहसको क्रममा इजाजतपत्रको छायाँकपी पेस हुन आएको देखियो। अतः जुन कुराको माग गरी रिट दायर भएको हो, सो मागबमोजिमको कार्य सम्पन्न भइसकेको देखिँदा रिट जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिएन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: आनन्दराज पन्त

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७४ साल असार ५ गते रोज २ शुभम्।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०७३-WO-०४२५, उत्प्रेषण / परमादेश, निरप्रसाद ढकालसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

निवेदकहरूले वैदेशिक रोजगारको व्यवसाय सञ्चालनका लागि विभिन्न कम्पनीको नाम प्रस्ताव गरी कम्पनी रजिस्ट्रारको कार्यालयमा विधिवत् दर्ताको लागि आवेदन गरेकोमा यस अदालतबाट अन्तरिम आदेश भएपछि वैदेशिक रोजगार विभागबाट इजाजतपत्र दिई सकिएको भन्ने बहसको क्रममा विद्वान् कानून व्यवसायीले पेस गरेका इजाजतपत्रको छायाँकपीबाट देखियो। अतः जुन कुराको माग गरी रिट निवेदन दायर भएको हो, सो माग गरेबमोजिमको कार्य सम्पन्न भइसकेको देखिने।

निवेदकहरूले कम्पनी दर्ता गर्न दर्खास्त गरेपछि कम्पनी रजिस्ट्रारको कार्यालयले वैदेशिक रोजगार विभागको राय माग गर्दा मन्त्रिपरिषद्को मिति २०६८।६।१३ को निर्णयको हवाला दिई इजाजतपत्र दिन नमिल्ने भनी मिति २०७३।८।२ मा पत्राचार गरेको पाइयो। यस अदालतबाट मिति २०६८।६।१३ को निर्णय ०६९-WO-०१४३ को रिट निवेदनमार्फत बदर भइसकेको छ तापनि वैदेशिक रोजगार विभागको मिति २०७३।८।२ को पत्र र सो पत्रको आधारमा कम्पनी रजिस्ट्रारको कार्यालयले निवेदकहरूलाई दिएको सोही मितिको पत्र यथावत् हुँदा र सो कायम रहन नसक्ने भएबाट उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। निवेदन मागबमोजिमको कार्य सम्पन्न भइसकेको देखिँदा परमादेश जारी गरिरहनु पर्ने अवस्था नरहने।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटरः देवीमाया खतिवडा

इति संवत् २०७४ साल असार ५ गते रोज २ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन:

- ०७२-WO-०४१४, परमादेश, नवलकिशोर यादव वि. वैदेशिक रोजगार विभाग, काठमाडौंसमेत
- ०७३-WO-०५२९, उत्प्रेषण / परमादेश, अनिरूद्रप्रसाद खनालसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत
- ०७३-WO-०६४३, उत्प्रेषण / परमादेश, निर्मल जि.सी. समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत
- ०७३-WO-६६७, उत्प्रेषण / परमादेश, सोनु कार्कीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत
- ०७३-WO-०६८९, उत्प्रेषण / परमादेश, कृष्णकुमारी तामाङसमेत वि. नेपाल सरकार तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत
- ०७३-WO-०७२४, उत्प्रेषण / परमादेश, कृष्णप्रसाद भुसालसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत
- ०७३-WO-०७६९, उत्प्रेषण / परमादेश, अमित राईसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७०-CI-०४३२, निषेधाज्ञा, सन्जिवकुमार झा वि. प्रभात मण्डलसमेत

मिति २०५९।२।१६ मा लागू भएको शिक्षा नियमावली, २०५९ को नियम १४४ ग ले यो नियम प्रारम्भ हुनुअघि कुनै विद्यालयमा कानूनबमोजिम कुनै कर्मचारी नियुक्ति भई यो नियम प्रारम्भ हुँदाको बखतमा कार्यरत रहेको भए त्यस्तो विद्यालयले नियम १४४ख बमोजिमको कार्यविधिको अधीनमा रही त्यस्तो कर्मचारीलाई समायोजन गर्नुपर्नेछ भन्ने व्यवस्था गरेको

पाइन्छ । जुन व्यवस्थाअनुसार प्रत्यर्थी प्रभात मण्डल विद्यालयमा कर्मचारीको रूपमा कार्यरत रहेकोमा विद्यालय व्यवस्थापन समितिको मिति २०६९।७।२५ को निर्णयानुसार हटाएको भनिए तापनि शिक्षा विभागको निर्देशनबमोजिम निज प्रभात मण्डललाई नहटाउन र समायोजन गरी काममा लगाउन जिल्ला शिक्षा कार्यालयले विद्यालयलाई पत्राचार गरेको देखियो । जिल्ला शिक्षा कार्यालयले दिएको निर्देशन के कसरी कुन कानूनको त्रुटि भएको हो, निवेदकले स्पष्ट गर्नसकेको छैन भने जिल्ला शिक्षा कार्यालयले शिक्षा विभागको निर्देशनअनुसार पत्राचार गरेकोमा शिक्षा विभागलाई विपक्षी बनाएको पनि देखिँदैन । यस अवस्थामा निज प्रभात मण्डलको पद यथावत् रहेको पाइने ।

वस्तुतः कुनै पनि निकाय वा अधिकारीले आफ्नो कानूनी कर्तव्य परिपालन गर्न नपरोस् भनी निषेधाज्ञाको आदेश माग गर्न मिल्ने पनि होइन । तसर्थ निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत जनकपुरको मिति २०६९।११।१५ को आदेश मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: आनन्दराज पन्त

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७४ साल असार ६ गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-WO-१०१७, उत्प्रेषण / परमादेश, आशामाया गोर्खाली श्रेष्ठ वि. पुनरावेदन अदालत पाटन ललितपुरसमेत

तहतह अदालतबाट भएका फैसला तथा आदेशको औचित्यमा प्रवेश गरी पुनरावेदन सुनेको जस्तो गरी रिट क्षेत्राधिकारअन्तर्गत प्रमाण बुझ्ने, प्रमाणको मूल्याङ्कन गर्ने गर्नु उचित र रिटसम्बन्धी अवधारणाअनुकूल हुने देखिँदैन । पुनरावेदन अदालत पाटनबाट फिरादपत्रमा सामान्य छुट भएको कित्ता नं. ५८१ को जग्गाको समेत सम्पूर्ण क्षेत्रफल ०-१४-०-० देखिन आएकोमा त्यहाँ अदालतबाट कि.नं.५८१ को क्षेत्रफल निवेदनबमोजिम कायम हुनुपर्ने हो वा स्रेस्ताबमोजिम कायम गरी फिराद दाबीसमेतका तथ्यमा जो जे बुझ्नु पर्ने हो बुझी पुनः आदेश गर्नुहोला भनी मिति २०७३।१।३१ मा गरेको आदेश कानूनको प्रत्यक्ष त्रुटि देखिन नआएकोले बदर गरिरहन नपर्ने ।

तसर्थ कि.नं. ५८१ को जग्गामा निर्णय बदर, संयुक्त दर्ताफारी, हक कायम दर्ता मुद्दाका वादी तथा प्रस्तुत निवेदनका विपक्षीहरूको मागबमोजिम कि.नं. ५८१ को जग्गा फिरादपत्रमा छुट हुन गएकोले समावेश गरिदिनु भनी भक्तपुर जिल्ला अदालतबाट मिति २०७३।२।२० मा भएको आदेश सदर गरी कि.नं. ५८१ को जग्गासमेतमा जो जे बुझ्नु पर्ने हो बुझी पुनः आदेश गर्नु भनी पुनरावेदन अदालत पाटनबाट मिति २०७३।१।३१ मा भएको आदेश मिलेकै देखिँदा सो आदेश बदर गरिपाउँ भनी परेको रिट निवेदन माग दाबीअनुसार रिट जारी हुन सक्दैन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : जगतबहादुर पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७४ साल असार १८ गते रोज १ शुभम् ।

- यसै लगाउको ०७२-WO-१०१८, उत्प्रेषण / परमादेश, *आशामाया गोर्खाली श्रेष्ठसमेत वि. पुनरावेदन अदालत पाटन, ललितपुरसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६८-CR-०५७०, ज्यान मार्ने

उद्योग, नेपाल सरकार वि. उत्तरकुमार तामाङ

प्रतिवादीहरूउपर किटानी जाहेरी परे तापनि उक्त जाहेरी जाहेरवालाको बकपत्रबाट नै खण्डित भइरहेको अवस्थामा जाहेरी बेहोरा केवल शङ्काका भरमा मात्र दिएको प्रस्ट हुन्छ । त्यसमा पनि जाहेरी आफैँमा प्रमाण हुन सक्दैन। यो घटना भएको, घटनाको सम्भावना रहेको जस्ता अवस्थामा प्रारम्भिकरूपमा सूचित गर्ने (First Information Report) का रूपमा मात्र दिइने हो जसलाई सत्य नै हुन्छ भनी भन्न सकिँदैन । यी प्रतिवादीको समेतको संलग्नता रहेको भनी दिएको जाहेरी अन्य कुनै प्रमाणबाट पुष्टि नभएको र स्वयम् जाहेरवालाको बकपत्रबाट समेत समर्थित नभएको अवस्थामा यसको प्रमाणिक मूल्य रहेको मान्न नसकिने।

प्रतिवादी उत्तरकुमार तामाङले आफ्नो छोरा कमलेश तामाङलाई आरोपित कसुर गर्नु भनी आदेश दिएको भनी पुष्टि हुने निर्विवाद आधारहरू वादी पक्षबाट पेस हुन सकेको देखिँदैन । केवल अभियोग लगाएको आधारमा मात्र कसुर कायम गर्न मिल्दैन र सो गर्नाले न्यायको मकसदसमेत पूरा हुँदैन । प्रमाणको पर्याप्त न्यायिक परीक्षण गरी न्यायिक परीक्षणबाट सत्य तथा सर्वोत्तम प्रमाणका रूपमा स्थापित प्रमाणले कसुरदार रहेको भनी समर्थन गरेमा मात्र कसुरदार कायम गर्न सकिन्छ । अन्यथा कुनै व्यक्तिलाई आरोप लगाएकै आधारमा दोषी प्रमाणित गर्दा ठूलो अन्याय हुन जाने।

तसर्थ, यी प्रतिवादी उत्तरकुमार तामाङले ज्यान मार्नेसम्बन्धीको १५ नं. बमोजिम कसुर गरेको भन्ने पुष्टि हुने कुनै आधार देखिँदैन। विवादमा सामान्य प्रतिक्रिया दिएको हुनसक्छ। त्यसैको आधारमा ज्यान मार्ने वचन दिएको भनी यस्तो गम्भीर कसुर गरेको भन्न मिल्दैन। प्रतिवादी उत्तरकुमार तामाङका हकमा सफाइ दिने ठहर गरी सुरु जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत धनकुटाको मिति २०६८।३।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हिरा डंगोल

कम्प्युटरः अभिषेककुमार राय

इति संवत् २०७४ साल भदौ २१ गते रोज ४ शुभम्।

१०

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-RC-०१३३, कर्तव्य ज्यान (साधक), नेपाल सरकार वि. नविन वि.क.

प्रतिवादीले आफ्नो कार्यबाट मृत्यु हुने कुरा निश्चित छ भन्ने थाहा हुँदाहुँदै पनि डोरीले घाँटीमा बाँधी नजिकैको रूखमा छट्पटाउन नछोडेसम्म झुण्डाउने कार्य गरेका र आफैँ लडी मरेको भन्ने देखाउन भीरबाट तल गुल्टाएको भन्ने देखिँदा यस स्थितिमा प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय हुने नै देखियो । प्रतिवादीले आफ्नो दाजु अर्जुन वि.क.लाई जुन प्रकारबाट हत्या गरेका छन्, जसलाई प्रतिवादीले पूर्णरूपमा स्वीकार गरेका पनि छन् सो हत्याको प्रकृतिबाट प्रतिवादीलाई कम सजाय हुने पर्ने अवस्था नै देखिँदैन। अपराध गर्दाको अवस्थामा विचार गर्दा न्यायकर्तालाई कम सजाय दिनु पर्ने चित्तमा लागेको अवस्थामा घटी सजाय दिन सकिने व्यवस्था भए पनि प्रस्तुत मुद्दाको अपराध गर्दाको अवस्था र प्रकृतिबाट कम सजाय दिनु पर्ने भन्न नमिल्ने र यस्तो अवस्थामा अ.बं.१८८ नं. को प्रयोग हुने सक्ने पनि देखिएन। अतः ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरी गरेको सुरूको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः प्रतिवादी नविन वि.क.ले अभियोग दाबीबमोजिमको कसुर गरेको ठहऱ्याई निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं.

बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी स्याङ्जा जिल्ला अदालतबाट मिति २०७२।०८।२८ मा भएको फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत, पोखराको मिति २०७०।१०।२२।४ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत : जगतबहादुर पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७४ साल असार १९ गते रोज २ शुभम्।

## इजलास नं.७

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०६७-CI-०३३८, निषेधाज्ञा, वीरेन्द्रकुमार यादव वि. मिथिलेशकुमार साहसमेत

जुन सर्तका आधारमा नक्सा पास गराएको हो सो सर्त घर निर्माणका क्रममा अनिवार्य पालना गर्नुपर्ने नै हुन्छ तथा सोही सर्तहरूका अधीनमा रही निर्माण कार्य गर्नुपर्छ। अन्यथा नक्सा पास गराउनुको कुनै औचित्यता रहँदैन र जसले जे जसरी निर्माण कार्य गर्दा पनि हुने हुन्छ। यस्तो अवस्थाले सार्वजनिक निर्माणलगायत सार्वजनिक सम्पत्ति तथा हकहितका विषयहरू समेत नराम्ररी प्रभावित हुन पुग्दछन। त्यसैगरी म यो यस्तो सर्तहरूको अधीनमा रही यस्तो कार्य गर्नेछु भनी स्वीकारी सहिछापसमेत गरी दिएको अवस्थामा उक्त स्वीकारेका सर्तहरू आफ्नो हकहित विपरीत नै भएपनि पालना गर्न व्यक्ति बाध्य हुन्छ। पछि आएर सोबाट आफ्नो हकहितमा असर परेको भनी दाबी गर्न मिल्दैन। पहिला कुनै काम गर्न गराउन कुनै सर्त स्वीकार गर्ने र पछि आएर त्यस्ता सर्तहरू आफ्नो स्वार्थअनुकूल नभएको देखी त्यसलाई स्वीकार्न इन्कार गर्ने गरी दोहोरो मापदण्ड अपनाउन नमिल्ने।

प्रत्यर्थी निवेदकहरूले आफूले पहिला सडकको भाग २६ फिट ३ इन्च छोड्ने भनी सोही सर्तका आधारमा मात्र नक्सापास गराएको अवस्थामा पछि आएर मेरो हकभोगको जग्गा मैले बिनामुआब्जा छोड्न पर्ने होइन भनी भन्न मिल्ने देखिन आएन। घर निर्माण गर्दा नै उक्त सर्तअनुसारको जग्गा छोडी बनाउनु पर्ने हुन्छ। सोअनुसार निजले जग्गा नछोडी घर बनाएको अवस्थामा पनि पहिला नक्सापास गर्दाको अवस्थामा उक्त सर्तका आधारमा नक्सा पास भएकोले अब छोड्नै पर्छ भनी नगरपालिकाले बाध्य पार्नसमेत सक्ने नै देखिन आयो। यस्तो आफैंले स्वीकार गरेको सर्त पलना नगरी घर निर्माण भइसकेको अवस्थामा छोड्ने सर्त राखिएको हदसम्मको जग्गामा बनेको घर संरचना हटाउन प्रत्यर्थीले इन्कार गरेमा यी पुनरावेदक नगरपालिकाले उक्त घर संरचना आफैँले पनि हटाउनसक्ने नै देखिन आयो। त्यसैले उल्लिखित कित्ता नं. हरूमा बनेको घर भत्काउने हटाउने कार्य नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहराई गरेको सुरू पुनरावेदन अदालतको आदेश मिलेको देखिन नआउने।

अतः उपर्युक्त विवेचित आधार कारणबाट कानूनबमोजिम बाहेक निवेदकको कि.नं. ५७ र ५६ मा बनेको घर भत्काउने हटाउने कार्य नगर्नु नगराउन विपक्षीहरूको नाममा निषेधाज्ञाको आदेश जारी हुने ठह्याई पुनरावेदन अदालत जनकपुरबाट मिति २०६६।८।९ मा भएको आदेश उल्टी भई प्रत्यर्थी निवेदकहरूको उक्त कि.नं. ५७ र ५६ को जग्गाको पूर्वतर्फ रहेको परिक्रमा सडकतर्फको पहिले र अहिलेको गरी जम्मा २६ फिट ३ इन्च जग्गासम्ममा बनेको घरको भाग भत्काई हटाई सडक विस्तार गर्न सक्ने नै देखिँदा

प्रत्यर्थी निवेदकको निवेदन मागदाबी खारेज हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल चैत २८ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०६८-CI-०९८०, मोही नामसारी, तुल्सीमाया गोसाई वि. हरिकृष्ण लवजु

प्रत्यर्थी वादी र निजका भाई हेलबहादुर लवजुबाहेक अन्य उल्लिखित क्रमका हकवाला नरहेबाट यी दुई जनाबाहेक अन्य व्यक्तिका नाममा नामसारी हुनसक्ने स्थिति रहेको देखिँदैन । निजका भाइ हेलबहादुर लवजुले प्रस्तुत जग्गाको मोही हक लिखितरूपमा दाजु यी वादी हरिकृष्ण लवजुका नाममा नामसारी हुन मन्जुरीको लिखत गरी दिई सो लिखत सनाखत गरेको देखिन्छ। जग्गा जोतभोग नगर्ने वादीका भाइले यी वादीको नाउँमा मोही हक नामसारी गरिदिन मन्जुर गरेको स्थितिमा यी वादीलाई मोही पत्याउँदिन निजका भाइलाई पत्याउँछु भनी प्रतिवादीले लिएको जिकिर तर्कसङ्गत देखिन आउँदैन। साबिक जग्गाधनी मधुसुदन प्रधानसमेतका संयुक्त दर्ताको जग्गाधनीले प्रत्यर्थीलाई मोही स्वीकार गरिरहेको र प्रत्यर्थीलाई निज साबिक जग्गाधनीले गरिदिएको कुत बुझेको भरपाईसमेतका प्रमाण यी पुनरावेदकलाई अदालती बन्दोबस्तको ७८ नं. बमोजिम सुनाई रहनु पर्ने अवस्था नहुने।

जग्गाधनीका दाताको परदाता मधुसुदन प्रधानसमेतका संयुक्त दर्तावालाले प्रत्यर्थीलाई मोही प्रत्याइसकेको र यी जग्गाधनीले खरिद गरी लिएको राजीनामा र जग्गाधनी दर्ता प्रमाण पुर्जासमेतमा प्रत्यर्थीका बाबु मोही जनिइसकेको अवस्थामा अब आएर पुनरावेदकले वादीका बाबु मोही होइनन् भन्ने र प्रत्यर्थी वादीबाहेक अन्यलाई मोही पत्याउँछु भनी लिएको जिकिर कानूनसङ्गत देखिन नआउने।

तसर्थः भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिम मोहीको छोरा हरिकृष्ण लवजुका नाममा मोही नामसारी हुन नसक्ने ठहऱ्याई भएको भूमि सुधार कार्यालय भक्तपुरबाट भएको फैसला उल्टी गरी प्रत्यर्थी वादी हरिकृष्ण लवजुका नाममा मोही नामसारी हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनबाट मिति २०६८।५।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : जगतबहादुर पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७४ साल श्रावण १६ गते रोज २ शुभम्।

**३**

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या. श्री सारदाप्रसाद घिमिरे,** ०७३-WH-००८१, बन्दीप्रत्यक्षीकरण, इनरजित महतो वि. रौतहट जिल्ला अदालत, गौरसमेत

वारदातको सुरूवात नेपालबाट भई अन्त भारतमा भएको पाइन्छ । नेपालमा नै मृतकलाई निवेदकसमेतले अपहरणको कार्य गरी निजको लास भारतमा लगी फालिएको भन्ने रहेको छ । भारतको अदालतमा कर्तव्य ज्यान मुद्दा चली कारवाही चलिरहेको र नेपालमा भने मृतकको अपहरणको वारदात गरी मारेको भन्ने सम्बन्धमा निवेदकसमेतकाउपर अपहरण तथा कर्तव्य ज्यान मुद्दा चली कारवाहीयुक्त अवस्थामा रहेको देखिन्छ । एकै कसुरमा एक पटकभन्दा बढी मुद्दा चलाइने वा सजाय दिन नपाउने भन्ने संविधानको मकसद रहको देखिन्छ। तर यहाँ एउटै वारदात देखिए पनि फरक कसुरका सम्बन्धमा यी निवेदकसमेत उपर भारत र नेपालको रौतहट जिल्ला अदालतमा फरक फरक मुद्दा चली कारवाहीयुक्त अवस्थामा

देखिएबाट  एकै कसुरमा दोहोरो कारवाही चलेको भन्ने निवेदकले जिकिर लिएझैं निजउपर कारवाही चलेको देखिएन। यसरी नेपालको संविधानको धारा २० एवम् दोहोरो खतराको सिद्धान्त बर्खिलाप भएको नदेखिँदा निवेदकले दाबी गरे जस्तो विपक्षी कार्यालयहरूबाट भएका काम कारवाही गैरकानूनी भएको मान्न नमिल्ने।

अतः माथि विवेचित आधार र कारणबाट निवदकले माग गरेझैँ विपक्षीहरूका नाममा उत्प्रेषण प्रतिषेधलगायतका आदेश जारी गर्नुपर्ने अवस्थामा नदेखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: टेकनाथ गौतम

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७४ साल भदौ २७ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-CR-१०२१, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. रामप्रसाद अधिकारी

जाहेरवाला तथा दाबीको लिखत कागजको साक्षीलाई मुलुकी ऐन अ.वं. ११५ नं. बमोजिम बुझ्न सुरू न्यायाधिकरणबाट आदेश हुँदा वादी पक्षले उपस्थित गराउन सकेको पाइएन। यसरी वादी नेपाल सरकारले आफ्ना साक्षीद्वारा अभियोग दाबीलाई समर्थित गराउन नसकेको साथै स्वयं जाहेरवालाले प्रतिवादीबाट आफूले माग गरेको दाबीको रकमको सावाँ ब्याजसमेत बुझिसकेको भनी निवेदनसमेत दिएको देखिँदा अब प्रतिवादी अदालतमा म्यादमा उपस्थित नभएको, प्रतिवादीउपर किटानी जाहेरी परेको भन्नेसम्मका आधारमा निजलाई कसुरदार ठहर गर्नु न्यायोचित देखिन नआउने।

तसर्थ माथि विवेचित आधार कारणबाट प्रतिवादी रामप्रसाद अधिकारीउपरको अभियोग दाबी नपुग्ने ठहऱ्याई गरेको सुरू वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंको मिति २०७३।१।१३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः टेकनाथ गौतम

कम्प्युटरः देवीमाया खतिवडा

इति संवत् २०७४ साल भदौ २५ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-CR-१३३२, वैदेशिक रोजगार, नेपाल सरकार वि. शिवम् भिरामुथु

जाहेरवाला हितकाजी गुरूङले आफ्नो जाहेरीमा यी प्रतिवादीलाई वैदेशिक रोजगारमा जानका लागि रू.१,२०,०००।– दिएको भनी उल्लेख गरेको देखिएपनि सोको लिखत प्रमाण पेस गरेको पाईदैंन । जाहेरवालाले आफ्नो जाहेरीलाई पुष्टि हुने गरी अनुसन्धान अधिकृतसमक्ष गरेको कागजको बेहोरा पुष्टि गर्न वैदेशिक रोजगार न्यायाधिकरणमा उपस्थित भई बकपत्र गरेकोसमेत देखिँदैन । केवल जाहेरी दरखास्तमा प्रतिवादीलाई वैदेशिक रोजगारमा जानका लागि रू.१,२०,०००।– दिएको भनी उल्लेख गरेको आधार मात्र प्रतिवादीउपर अभियोग दाबी पुष्टि हुने आधार बन्न सक्दैन । प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम दाबी गर्ने पक्ष यी पुनरावेदक वादी नेपाल सरकारले आफ्नो दाबी शङ्कारहित तवरबाट पूरा गर्नसकेको देखिएन। यस अवस्थामा केवल जाहेरी दरखास्तकै आधारमा मात्र फौजदारी अपराधमा प्रतिवादीउपर कसुर कायम गर्नु न्यायोचित हुने नदेखिँदा प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई गरेको सुरू वैदेशिक रोजगार न्यायाधिकरणको फैसलालाई अन्यथा गर्नुपर्ने देखिन नआउने।

तसर्थ माथि विवेचित आधार र कारणबाट

सुरू वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७३।२।१० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः टेकनाथ गौतम

कम्प्युटरः देवीमाया खतिवडा

इति संवत् २०७४ साल भदौ २५ गते रोज १ शुभम्।

६

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६७-CR-१०५९, जालसाजी, उत्तमकुमार आले वि. चिन्ता राना आले

यिनै प्रत्यर्थी वादी र यिनै पुनरावेदक प्रतिवादीबीच चलेको २०६१ सालको दे.नं. ११११ को अंश मुद्दामा तायदातीमा देखाइएको ऋण पनि बन्डा लाग्ने भनी धनुषा जिल्ला अदालतबाट मिति २०६३।११।२८ मा फैसला भएको देखियो । उक्त फैसलाउपर पुनरावेदन नपरी अन्तिम भई बसेको अवस्था रहेछ । सो ऋण रकमसम्बन्धी लिखत जालसाजी हो भनी यिनै वादीले दायर गरेको प्रस्तुत जालसाजी मुद्दामा पुनरावेदन अदालतबाट फिराद अ.बं. १८० बमोजिम खारेज हुने ठहऱ्याई फैसला गरिएको देखिए तापनि सो फैसलाको पेटबोलीमा "आफ्नो अंशियारले लिएको ऋण नखाने अंशियारले सो ऋण तिर्न बुझाउन नपर्नेमा सो आफूसँग असम्बन्धित ऋण जालसाजी हो भनी दाबी लिन वादीलाई हकदैया नै नभएको भनी" बोलिएको देखियो। यसबाट अन्तिम भई बसेको उल्लिखित अंश मुद्दाको फैसला र पुनरावेदन अदालतबाट भएको प्रस्तुत मुद्दाको फैसलाको उल्लिखित कुरा विरोधाभाषपूर्ण रहेको पाइने।

वस्तुतः अदालतबाट एकपटक फैसला भई अन्तिम भएको फैसला कार्यान्वयनयोग्य हुन्छ। प्रस्तुत जालसाजी मुद्दामा वादीले ऋण रकम जालसाजी हो भनी जालसाजी मुद्दा दायर गरेको भए तापनि प्रस्तुत मुद्दा दायर हुनुपूर्व चलेको अंश मुद्दामा ऋण पनि बन्डा लाग्ने भनी भएको फैसला अन्तिम भइरहेको सन्दर्भमा प्रस्तुत मुद्दामा पुनरावेदन अदालतले "अंशियारले सो ऋण तिर्न बुझाउन नपर्ने" भनी उल्लेख भएको हदसम्म पुनरावेदन अदालत जनकपुरको फैसला मिलेको देखिन नआउने।

तसर्थ फिराद अ.बं.१८० नं. बमोजिम खारेज हुने ठहऱ्याएको हदसम्म पुनरावेदन अदालत जनकपुरको २०६६।५।९ को फैसला मिलेको देखिएको र ठहर खण्डमा अंशियारले सो ऋण तिर्न बुझाउन नपर्ने भन्ने उल्लेख भएको हदसम्म नमिलेको देखिएकोले सो हदसम्म उक्त फैसला उल्टी हुने।

इजलास अधिकृत: आनन्दराज पन्त

कम्प्युटरः देवीमाया खतिवडा

इति संवत् २०७४ साल भदौ १९ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६८-CR-११२८, अपहरण तथा शरीर बन्धक उद्योग, नेपाल सरकार वि. शंकर सहनीसमेत

प्रतिवादी शंकर सहनीलाई मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक महलको ५ नं. बमोजिमको कसुर ठहर गरी ३ नं. बमोजिम कैद मात्र सजाय गर्ने गरेको पुनरावेदन अदालतको फैसला प्रत्यक्ष कानूनी त्रुटि देखिन आयो । अतः प्रतिवादी शंकर सहनीलाई जरिवानाको सजाय नगरेको हदसम्म पुनरावेदन अदालतको फैसलामा कानूनी त्रुटि देखिएकोले सो हदसम्म उक्त फैसला उल्टी हुने।

प्रतिवादीहरू रामपृत सहनी मलाह, शिवा भन्ने अजय सिंह भूमिहार र लालबाबु भन्ने लालका सहनी मौकामा पक्राउमा नपरी बयान हुनसकेको देखिएन । अदालतमा बयान गर्दा निजहरू आरोपित कसुरमा पूर्णत: इन्कार रही बयान गरेको देखियो । जाहेरवाला रूद्रप्रसाद वाग्लेले यी प्रतिवादीहरूलाई

किटान गरी जाहेरी दिन र बकपत्र गर्नसकेको पनि देखिएन। यी प्रतिवादीहरूको हकमा सहप्रतिवादी शंकर सहनीले गरेको पोल बयानबाहेक प्रस्तुत वारदातमा यी प्रतिवादीहरूको संलग्नता देखाउने कुनै पनि प्रमाण मिसिलमा मौजुद रहेको पाइएन। यस अवस्थामा निज प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने गरी पुनरावेदन अदालतबाट भएको फैसला कानूनसम्मत देखिन आउने।

तसर्थ पुनरावेदन अदालत जनकपुरको मिति २०६८।३।१२ को फैसला केही उल्टी भई प्रतिवादी शंकर सहनीलाई मुलुकी ऐन अपहरण गर्ने तथा शरीरबन्धक लिनेको महलको ५ नं. बमोजिमको कसुरमा सोही महलको ३ नं. बमोजिम ४ वर्ष कैद र जरिवाना रू.१२,५००।- (बाह्र हजार पाँच सय) हुने ठहर्छ। अन्य प्रतिवादीहरू रामपृत सहनी मलाह, शिवा भन्ने अजय सिंह भूमिहार र लालबाबु भन्ने लालका सहनीसमेतलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: आनन्दराज पन्त

कम्प्युटरः देवीमाया खतिवडा

इति संवत् २०७४ साल भदौ १९ गते रोज २ शुभम्।

## इजलास नं. ८

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या. श्री हरिकृष्ण कार्की,** ०७२-CI-१९१७, इज्जत आमदअनुसार जीविका खर्च मानाचामल भराइ पाउँ, सूर्यमाया थापामगरसमेत वि. पवित्रा थापामगर

प्रेम विवाह गरी प्रचलित कानूनअनुसार विवाह दर्ता नगरेको स्थितिमा पतिपत्नीबीचको सम्बन्धमा कटुता सृजना भएपछि पतिले पत्नी अस्वीकार गरी जीविका खर्चसमेत नदिएको स्थितिमा नाता कायम र जीविका खर्चको लागि अदालतसमक्ष वादी आउनुपर्ने अवस्था सृजना हुन जाने हुँदा मिसिल संलग्न अन्य परिस्थितिजन्य प्रमाणहरूको विवेचना गरी विवाह भए वा नभएको निष्कर्षमा पुग्नु न्यायोचित हुने।

सामाजिक परिपाटीअनुसार विवाह नभएको र विवाह दर्ता नभएको भन्ने जस्ता आधारले मात्र विवाह नभएको भनी अर्थ गर्ने हो भने विवाहबाट सृजना हुने अधिकारमा आफ्नो इच्छाअनुसार उपभोग गरी दायित्वबाट भागी महिलाको आर्थिक, सामाजिक असुरक्षाको गम्भीर अवस्था उत्पन्न हुन पुग्ने।

अस्पतालमा स्वतन्त्ररूपमा खडा भएका कागजातलगायतका मिसिल संलग्न अन्य स्वतन्त्र कागजले प्रतिवादी सोनिक थापामगरसँग वादी पवित्रा थापामगरकोबीचमा पति पत्नीको सम्बन्ध रहेको पुष्टि भइरहेको अवस्थामा प्रतिवादी सोनिक थापाको पत्नी यी वादी पवित्रा थापामगर होइन भन्न मिल्ने नदेखिने।

मानाचामलको हकमा विचार गर्दा वादीले कागज गर्दा गोरखा जिल्लामा रहेको अचल सम्पत्तिलाई आयस्रोतको आधार एवम् वादी प्रतिवादीको कागजको आधारमा आर्थिक अवस्था र हैसियत मूल्याङ्कन गरी वादीलाई मानाचामल बापत फिराद परेको मितिबाट मासिक रू.५,०००। पाँच हजार रूपैयाँ मानाचामल भराइदिने ठहर गरेको पुनरावेदन अदालत पोखराको फैसलासमेत मनासिब नै देखिने।

तसर्थ वादी पवित्रा थापामगर र प्रतिवादी सोनिक थापामगरबीचको पतिपत्नीको नाता कायम हुने ठहऱ्याई प्रतिवादी सोनिक थापा मगरबाट वादी पबित्रा थापा मगरको फिराद परेको मितिबाट मासिक रू.५,०००।- (पाँच हजार) रूपैयाँ मानाचामलबापत

भराई पाउने ठहर गरेको पुनरावेदन अदालत पोखराको मिति २०७२।११।४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल कात्तिक २३ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या. श्री प्रकाशमान सिंह राउत,** ०७३-WO-०२८९, उत्प्रेषण / परमादेश, नरेन्द्र सिंह महता वि. बढुवा समितिको सचिवालय, जिल्ला स्वास्थ्य कार्यालय, बैतडीसमेत

विपक्षी हरिशबहादुर चन्दले नियमावलीको नियम ५३(५) बमोजिम अध्ययन बिदा सम्बन्धित निकायबाट स्वीकृति लिई अध्ययन बिदामा गएको कुरा मिति २०७१।६।१ को स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको श्री निजामती किताबखाना, ललितपुरलाई लेखेको पत्रमा मिति २०७१।५।१४ देखि मिति २०७२।५।१३ सम्म १ वर्षको अध्ययन प्रयोजनार्थ बेतलबी अध्ययन बिदा स्वीकृत भएको भन्ने बेहोरा छ भने असाधारण बिदाको कुरा उक्त पत्रमा उल्लेख भएको नदेखिने।

असाधारण बिदा जुनसुकै बेहोराबाट लिएकोमा सेवा अवधि गणना नहुने प्रावधान देखिन्छ। प्रस्तुत विवादमा समेत निवेदकले विपक्षी हरिशबहादुर चन्दले सेवा अवधि गणना नहुने गरी असाधारण बिदा लिएको भन्ने दाबी लिन नसकेको, विपक्षी हरिशबहादुर चन्दले बेतलबी अध्ययन बिदामात्र लिएको र त्यस्तै बेतलबी अध्ययन बिदा सेवा अवधिमा नजोडिने भन्ने कुनै प्रावधान प्रचलित स्वास्थ्यसम्बन्धी ऐन, नियममा देखाउन नसकेको पाइने।

अतः माथि उल्लिखित आधार र विवेचनाबाट निवेदकले प्रत्यर्थीमध्येका हरिशबहादुर चन्दले असाधारण बिदा लिएकोमा सो अवधि गणना गर्न नमिल्नेमा अवधि गणना गरी अंक प्रदान गरेको भन्ने दाबी लिएको, मिति २०७१।६।१ को स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको श्री निजामती किताबखानालाई लेखिएको पत्रमा एक वर्षको बेतलबी अध्ययन बिदा स्वीकृत गरिएको र असाधारण बिदाको कुरा उल्लेख नभएको, साथै नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ५३(५) ले बेतलबी अध्ययन बिदाको अवधि गणना गर्न नमिल्ने भनी निषेध नगरेको हुँदा बढुवा समितिको निर्णयउपर परेको उजुरीमा लोक सेवा आयोगले गरेको मिति २०७३।५।१६ को निर्णय कुनै कानूनी त्रुटिपूर्ण नदेखिँदा निवेदन मागबमोजिम आदेश जारी गर्न मिलेन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल भदौ २५ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७१-CR-०४०४, मानव बेचबिखन तथा ओसारपसार, विन्देश्वरकुमार कुशवाहा वि. नेपाल सरकार

प्रतिवादीहरूले पीडित बिकुमारीलाई प्रेमसम्बन्ध गरी विवाह गर्छु भन्ने झुठ्ठा आश्वासन दिई हेटौंडा घर हो भनी झुक्याई दुवै प्रतिवादीहरू भारतीय नागरिक प्रतिवादीहरूले पीडित बि कुमारीलाई बसमा चढाई विरगन्जमा ओराली टेम्पोमा चढाई रक्सौल हुँदै भारततर्फ बेचबिखन गर्ने उद्देश्यले लाँदै गरेको अवस्थामा पक्राउ परेको भन्ने देखिँदा निजहरूले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ बमोजिम कसुर गरेको भन्ने पुष्टि हुन आउने।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(क) मा किन्ने

वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने भन्ने कानूनी व्यवस्था छ । प्रस्तुत मुद्दामा प्रतिवादीहरूले पीडित बि कुमारीलाई किन्ने वा बेच्ने उद्देश्यले विदेशमा पुऱ्याएको अवस्था छैन। मानव बेचबिखन गर्ने उद्देश्यले विदेश लैजाँदै गर्दा नेपाल सरहद भित्रै विरगन्जमा पक्राउ भई विदेशमा नलग्दै नपुऱ्याउँदै पक्राउ भएको अवस्था स्थापित हुँदा प्रतिवादीहरूले उल्लिखित ऐनको दफा ४(२) को कसुरको उद्योगसम्म गरेको भन्ने देखिन आउने।

तसर्थ, प्रतिवादीहरू विन्देश्वरकुमार कुसवाह र जोगिन्द्र यादवलाई सुरू र पुनरावेदन अदालत हेटौंडाको फैसलाले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(क) को कसुरमा ऐ. ऐनको दफा १५(१)(ङ)(२) बमोजिम जनही १० वर्ष कैद र रू. ५०,०००।– (पचास हजार) जरिवाना तथा सोही ऐनको दफा १७(१) बमोजिम जरिवानाको ५०% रकम पीडितलाई क्षतिपूर्ति भराइदिने गरेको फैसला केही उल्टी भई प्रतिवादीहरूले पीडितलाई विवाह गर्ने गराउने प्रलोभनमा विदेश भारत लैजाँदै गर्दा नेपाल भारत सिमामा नेपालभित्र नै पक्रिएको हुँदा निजहरूले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(३) को कसुरको उद्योगसम्म गरेको ठहरेकोले निजहरूलाई ऐ.ऐनको दफा १५(१) को (ङ) को (१) बमोजिम सजायमा ऐ. ऐनको दफा (ज) बमोजिम आधा जनही ७ वर्ष ६ महिना (सात वर्ष छ महिना) कैद र रू.५० हजार जरिवानासमेत हुने एवम् ऐ. ऐनको दफा १७(१) बमोजिम जरिवानाको आधा रकम पीडितलाई प्रतिवादीहरूबाट भराइदिनेसमेत ठहर्ने।

इजलास अधिकृतः जीवनकुमार भण्डारी

कम्प्युटरः विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल जेठ ९ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-RC-००१०, कर्तव्य ज्यान, नेपाल सरकार वि. बलबहादुर गिरी

प्रतिवादी बलबहादुर गिरी कर्णबहादुर सुनारका झड्केलो भाइ नाताका भई निज दाजुको घरमा आउँदा घरमा दाजु नभई निजका परिवार मात्र रहेको अवस्थामा भाउजू र अन्य परिवारसँग कराई हो-हल्ला गरिरहेका थिए । सोहीबखतमा छिमेकी बसन्तबहादुर ओड त्यहाँ गई एक्ली आईमाई भएको अर्काको घरमा आएर किन हो-हल्ला गरेको भनी बसन्तबहादुरले भन्नासाथ प्रतिवादी बलबहादुरसँग वादविवाद भई दोहोरो कुटपिट हुँदा बसन्तबहादुर ओडले बोकी ल्याएको चिर्पट खोसी सोही चिर्पटले प्रहार गर्दा बसन्तबहादुर ओड सख्त घाइते भई उपचारको क्रममा मृतकको मृत्यु भएको तथ्य पुष्टि हुन आएको छ। यसप्रकार बसन्तबहादुरको मृत्यु प्रतिवादी बलबहादुर गिरीले प्रहार गरेको चिर्पटको दाउराको चोटको प्रहारबाट नै हुन गई निज प्रतिवादीले मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहरी पुनरावेदन अदालत महेन्द्रनगरबाट मिति २०७२।३।१३ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

प्रतिवादी र बसन्तबहादुरबीच पूर्व चिनजान नै नभएको देखिन्छ । मार्नुपर्ने पनि केही कारण देखिँदैन । पूर्वरिसइवी पनि छैन । जोखिमी हतियार पनि प्रयोग भएको देखिँदैन। चिनजानको सिलसिलामा विवाद उठी दोहोरो कुटपिट हुँदा साधारण लाठीले हान्दा कुठाउँमा लाग्न गई घाइते भई सोही जरियाबाट नै उपचारको क्रममा मृत्यु भएको हुँदा प्रतिवादीलाई

ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्दा चर्को सजाय हुने भएकोले अ.बं. १८८ नं. बमोजिम निजलाई १५ वर्षसम्म कैद हुने।

इजलास अधिकृतः जीवनकुमार भण्डारी

कम्प्युटरः विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल जेठ ९ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CR-०८६३, कर्तव्य ज्यान, शुकबहादुर विश्वकर्मा वि. नेपाल सरकार

प्रतिवादीले मृतकलाई झुण्ड्याएको भए झुण्ड्याउनुपूर्वका संघर्षका चिह्न हुनुपर्नेमा यसमा सो देखिएको छैन। प्रतिवादीले नै मारेको कुरा कहिँकतैबाट विवादरहित तवरबाट शङ्कारहित तवरले पुष्टि प्रमाणित हुन आएको देखिँदैन। पहिले नै मारी एक्लै प्रतिवादीले लास उठाई झुण्याउन सक्ने अवस्थासमेत देखिँदैन भने मरेको ठाउँबाट लास झुण्याइएको ठाँउसम्म घिसारेर लगेको प्रमाणसमेत देखिँदैन। बरू यी प्रतिवादीले आफ्नी श्रीमती झुण्डिएको अवस्था देखी झुण्डिन प्रयोग भएको पटुका फुकाई घरधनी मनकुमारी वि.क.लाई तत्कालै बोलाई मृतकलाई काखमा लिएको भन्ने देखिन्छ। यसबाट पालीको बलोमा र मृतकको घाँटीमा पटुका नबाँधिएकोले प्रतिवादीले नै घाँटी थिची वा झुण्ड्याएर मारेको भन्न मिल्ने नदेखिने।

जाहेरवाला छविलाल सुनारको जाहेरी र निजले अदालतसमक्ष गरेको बकपत्रबाहेक अन्य साक्षी प्रमाणबाट मृतकको मृत्यु प्रतिवादीकै कर्तव्यबाट भएको हो भन्ने देखिएको छैन। अनुमान एवम् शङ्काको भरमा मात्र कसुरदार ठहर गरी प्रतिवादीलाई सजाय गर्नु फौजदारी न्यायको सर्वमान्य सिद्धान्तविपरीत हुने।

तसर्थ, मृतक र प्रतिवादीबीच मृतकलाई मार्नुपर्नेसम्मको पूर्व झैझगडा रिसइवी नभएको, पोष्टमार्टम रिपोर्ट र पोष्ट मार्टम गर्ने डाक्टरको बकपत्रबाट मृतकको मृत्यु कर्तव्यबाटै भएको भन्ने नदेखिएको, मृतकको मृत्यु प्रतिवादीकै कर्तव्यबाट भएको हो भन्ने चश्मदिद् गवाह नभएको र मृतक आफ्नी श्रीमतीलाई मार्नुपर्नेसम्मको कारणसमेत नदेखिएको अवस्थामा प्रतिवादीलाई कसुरदार ठहराउन न्यायोचित देखिएन। यस स्थितिमा प्रतिवादी शुकबहादुर विश्वकर्मालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहराएको सुरू नवलपरासी जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत बुटवलको मिति २०७१।१।३० को फैसला नमिलेकोले उल्टी भई प्रतिवादी शुकबहादुर विश्वकर्माले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटरः विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल जेठ २३ गते रोज ३ शुभम्।

६

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CR-१०५६,०७१-CR-०८६८ र ०७१-CR-०९२३, मानव बेचबिखन तथा ओसारपसार, अशोककुमार साह वि. नेपाल सरकार, नेपाल सरकार वि. र रिना राजवंशीसमेत रिना राजवंशी वि. नेपाल सरकार

सुनिता चौधरी स्वइच्छाले वैदेशिक रोजगारको लागि गएको भए र निजकै चाहनाअनुसार प्रतिवादीहरूले पठाएको भए आफू बेचिएको भनी बकपत्र गर्नुपर्ने अन्य कुनै कारण केही देखिँदैन। वैदेशिक रोजगारको सिलसिलामा आफ्नो स्वइच्छा नै रहेको भए जाँदाको अवस्था परिवारका सदस्य अविभावकसमेतलाई जानकारी हुनुपर्ने सोसमेत भए

गरेको देखिँदैन । वैदेशिक रोजगारमा पठाइदिनलाई विभिन्नरूपले गफलतमा पारी पैसा कमाउन सकिन्छ कि भनी प्रलोभनसमेत देखाई नेपाल सरहदबाट विदेश भारतसम्म पुर्‍याई साउदी अरब पठाउने उद्देश्यले तारतम्य मिलाई विदेश भारतसम्म पुर्‍याएको देखिने।

प्रतिवादीहरू रिना राजवंशी, अशोककुमार साह र सीता साहसमेत भई जाहेरवालाकी श्रीमती पीडित सुनिता चौधेरीलाई वैदेशिक रोजगारीमा पठाइदिने बहानामा नेपालबाट भारतको पटनासम्म पुर्‍याएको कुरा पुष्टि हुन आयो। भारत पटना पुर्‍याएर यी प्रतिवादीहरूले कोही कसैसँग रकम लिनु खानु गरेको अवस्था भने पुष्टि हुन आएन। यस्तो अवस्थामा यी प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१) को कसुरमा ऐ. दफा १५(१)(क) बमोजिम सजाय हुनु पर्दछ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

पीडित सुनिता चौधरी आफैं वैदेशिक रोजगारीको लागि विदेश गएकी हुन्। घरमा श्रीमान्सँग झगडा परेकोले झुट्ठा बकपत्र गरेकी हुन् भनी प्रतिवादी रिना राजवंशीले भने पनि सो कुराको पुष्टि हुने तथ्यगत र वस्तुनिष्ट आधार केही देखिँदैन। पीडितको श्रीमान् स्वयंले आफ्नी श्रीमतीलाई प्रतिवादीहरूले वैदेशिक रोजगारीको बहानामा भारतको पटनासम्म पुर्‍याएको भनी जाहेरी दिनुका साथै जाहेरी बेहोरालाई समर्थन गरी बकपत्रसमेत गरी दिएबाट निजको उक्त भनाई पत्यारलायक देखिन आएन। यस्तो अवस्थामा अभियोग दाबीबाट सफाइ पाउनु पर्दछ भन्ने प्रतिवादीहरू अशोककुमार शाह र रिना राजवंशीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, सुरू जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(क) को कसुरमा ऐ. दफा १५(१)(ङ)(१) बमोजिम जनही कैद वर्ष १० (दश) र रू. १,००,०००।– जरिवाना हुने ठहराई ऐ. ऐनको दफा १७(१) बमोजिम प्रतिवादीहरूबाट पीडितलाई रू.१,५०,०००।– (एक लाख पचास हजार) क्षतिपूर्ति भराइदिने ठहराएको पुनरावेदन अदालत इलामको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः भोजराज रेग्मी

इति संवत् २०७४ साल जेठ २३ गते रोज ३ शुभम्।

७

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** ०७१-CR-१५३४, जबरजस्ती करणी, हिरा रूम्वा वि. नेपाल सरकार

प्रतिवादीले पीडितलाई जबरजस्ती उठाई लगी जबरजस्ती करणी गर्ने प्रयास गर्दागर्दै तेस्रो पक्ष प्रत्यक्षदर्शीसमेतको उपस्थितिको कारणबाट कार्य सम्पन्न गर्न नसकी भागी गएको हो जबरजस्ती करणी गर्न भने पाएनन् भनी लेखाइदिएबाट करणीको उद्देश्यले लिइ गएको र पीडितको कपडा खोल्नेसम्मको कार्य गरेपनि तेस्रो पक्षको अवरोधका कारण करणी गर्नसम्म नपाएको तर करणी गर्ने मनसायबाट पीडितलाई समाई लिई कपडा फुकाउने सम्मको कार्य गरी करणीको उद्योगसम्म गरेको तर कार्य सम्पन्न भई नसकेको अवस्था देखिन्छ भने पीडितको स्वास्थ्य परीक्षण र प्रतिवादीको स्वास्थ्य परीक्षणबाट समेत करणी भइसकेको अवस्था देखिँदैन। प्रतिवादीले करणी गर्ने उद्देश्य राखी उक्त कार्य गरेको भए तापनि आफ्नो यौन उत्तेजनालाई शान्त गर्नको लागि करणी गर्ने तथा यौन सन्तुष्टी पूर्ति गर्ने सम्मको कार्य भइसकेको अवस्था देखिँदैन। अन्य कुनै तरिकाबाट आफ्नो यौन सन्तुष्टी मेटाएको अवस्थासमेत कहिँकतैबाट प्रमाण

ऐन, २०३१ को दफा २५ अनुसार पुष्टि प्रमाणित हुन आएको नदेखिँदा जबरजस्ती करणी नै भएको भन्ने देखिन आएन । यस्तो अवस्थामा यी प्रतिवादी हिरा रूम्बाले पीडितलाई जबरजस्ती करणीको उद्योगसम्म कसुर गरेको पुष्टि हुन आउने ।

कुनै पनि फौजदारी कसुरमा के कस्तो कसुर गरेको हो ? कसुरको अवस्थासमेतलाई विचार गरी कसुर कायम गर्नु न्यायोचित हुन जाने र करणीको अपराधको सम्वन्धमा सर्वप्रथम करणीको आसयले कार्य गर्नु करणी नै गर्ने उद्वेश्यबाट प्रभावित भई पीडितलाई पकडी कपडासमेत फुकाली आफूसमेत पूर्ण तयारी भई आक्रमण गर्नु र केही अवरोधको कारणबाट करणी गर्ने कार्य गर्न नपाउँदै भाग्नु पर्ने र पूर्णरूपले यौन सन्तुष्टी प्राप्त गर्न नसक्नु वा पुरूष ज्ञानेन्द्रिय पूरारूपले उत्तेजित भई महिलाको यौनाङ्गमा टच गराई घर्षण गर्नु वा कुनै पनि प्रकारले वीर्य स्खलन गर्नु, पूर्ण यौन सन्तुष्टी प्राप्त गर्नु जस्ता कार्य हुन् । यी अवस्थालाई छुट्टाछुट्टैरूपले कानूनले वर्गीकृत गरेको कानूनी व्यवस्थाअनुसार त्यस्तो अवस्था सम्पन्न भएको कुरा मिसिल संलग्न प्रमाणहरूबाट विवादरहित तवरले पुष्टि प्रमाणित हुन आएको अवस्था नदेखिने ।

तसर्थ, प्रतिवादीले जबरजस्ती करणी गरेको ठहर गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) बमोजिम १०(दश) वर्ष कैद सजाय हुने र पीडितले प्रतिवादीबाट क्षतिपूर्ति स्वरूप रू. ५०,०००।– भराई पाउने ठहराई भएको पुनरावेदन अदालत हेटौंडाको फैसला नमिलेकोले केही उल्टी भई प्रतिवादी हिरा रूम्बालाई जबरजस्ती करणीको उद्योगको कसुरमा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) को सजायको हुने आधा सजाय ऐ. ५ नं. बमोजिम ५(पाँच) वर्ष कैद सजाय हुने ठहराएको सुरू मकवानपुर जिल्ला अदालतको फैसला सदर हुने ।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटरः विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल जेठ २३ गते रोज ३ शुभम् ।

## इजलास नं. ९

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-CI-१३८८, लेनदेन, मोहरवती राजपुतनी वि. छोटेलाल साह

प्रत्यर्थी वादी छोटेलाल साह स्वयंले मन्जुरनामा लिई दाजु लक्ष्मी साह तेलीका नाउँमा विवादित लिखतमा उल्लिखित कि.नं. ४०,४९ र ५० जग्गा पारित हुने गरी सर्वोच्च अदालतमा मिलापत्र गरेको र सो मिलापत्रबमोजिम राजीनामासमेत पारित भएको अवस्था देखिन्छ । त्यसरी आफैँले मन्जुरनामा लिएको लिखतबाट दाजुका नाममा जग्गा पारित भएको राजीनामा लिखतबाट जग्गा अर्कैको नाउँमा गएको थाहा थिएन भन्नसक्ने अवस्था पनि नदेखिने ।

एउटै जग्गा अघि नै पारित गरी अर्काको नाउँमा गएको भन्ने जानकारी हुँदाहुँदै जानाजान वादीले दोहोरो लिखत गराई लिएकाले वादीको मुलुकी ऐन, लेनदेन व्यवहारको महलको २५ नम्बरअनुसार थैली भूस हुने भएकाले वादी दाबीको थैली बमोजिम साँवा ब्याज भराई दिन मिल्ने नदेखिने ।

उपर्युक्त विवेचित आधार प्रमाणहरूबाट प्रत्यर्थी यी वादीलाई पहिले नै अर्काको नाउँमा गइसकेको जानकारी भएकोमा पछि वादीले जानीजानी दोहोरो पारित गराई लिएको देखिँदा मिति २०५५।११।२३ को घरसारको राजीनामालाई मुलुकी ऐन, रजिष्ट्रेशनको महलको ६ नम्बरलाई सिरानी हाली

वादीले साँवा ब्याजको दाबी गरेपनि मुलुकी ऐन लेनदेन व्यवहारको २५ नम्बरबमोजिम साँवा ब्याज भरिपाउने अवस्था रहेन । अतः दाबीबमोजिमको साँवा ब्याज भराउने ठहऱ्याएको सुरु जिल्ला अदालतको मिति २०६६।१२।१७ को फैसला सदर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०६८।७।२९ को फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबी नपुग्ने।

इजलास अधिकृत: सुदिपकुमार भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल भदौ १९ गते रोज२ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-WO-०४५३, उत्प्रेषण, प्रभा स्वार देउवा वि.अर्थ मन्त्रालय, सिंहदरबारसमेत

नेपाल राष्ट्र बैंकले कानूनबमोजिम गरेको परिपत्रबाट निवेदकले नयाँ कर्जा प्राप्त गर्नमा कुनै बाधा अवरोध रहेको पाइँदैन। निवेदकको फर्महरू एकपटक कालोसूचीमा परेको भए पनि निवेदकले ऋणकर्जा भुक्तान गरी आधिकारिक निकायबाट कालोसूचीबाट हटाइसकेको भन्ने तथ्यमा विवाद देखिएन । कालोसूचीबाट हटाइसकेको फर्म कम्पनीलाई कुनै पनि बैंकले नयाँ कर्जा प्रवाह गर्न उक्त नेपाल राष्ट्र बैंकको परिपत्रबाट मिल्ने नै देखिन्छ । कुनै बैंकले निवेदक फर्मलाई पुरानो हटिसकेको कालोसूचीलाई आधारमानी नयाँ कर्जा प्रवाह गर्न आनाकानी गरेमा अनावश्यक ढिलाई गरेमा नियमन निकाय नेपाल राष्ट्र बैंकबाट पनि सोसम्बन्धी उपचार प्राप्त गर्नसक्ने अवस्था रहेकै देखिने।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा २१(ख) हेर्दा वाणिज्य बैंक वा वित्तीय संस्थासँगको कुनै कारोबारमा कालोसूचीमा परेको व्यक्ति गभर्नर, डेपुटी गभर्नर तथा सञ्चालक पदमा नियुक्त हुन योग्य हुने छैन भनी सञ्चालकको अयोग्यता तोकेको छ । सो कानूनी व्यवस्थाको हटाइसकेआधारमा समेत कालोसूचीमा परेको कुनै व्यक्तिको अभिलेख रहनु पर्ने वाञ्छनीय हुन्छ । सो अभिलेखकै आधारमा सञ्चालक पदको योग्यता र संस्थापक सेयरधनी हुन पाउने नपाउने निर्धारण गर्दा आवश्यक पर्ने देखिन्छ । कालोसूचीको अभिलेख हटाउनु पर्ने कानूनी आधार निवेदकले उल्लेख गर्नसकेको छैनन्। निवेदकको व्यापार व्यवसाय गर्नमा त्यस्तो अभिलेखले कुनै बाधा अवरोधको देखिन आएन । कालोसूचीको रेकर्ड कर्जा कारोबारसम्बन्धी विगतको इतिहास मात्र भएको सो रेकर्ड सार्वजनिक सूचना प्रवाहमा हुने नभई सम्बन्धित सरोकार बैंक तथा वित्तीय संस्थालेसम्म हेर्न पाउने गरी रेकर्ड राखेको कार्य गैरकानूनी नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल असार १३ गते रोज २ शुभम्

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६९-CI-११९८, अंशचलन, जानुका थापा वि. गिता थापा

बिमलबहादुर थापाको जेठी श्रीमती प्रतिवादी गिता थापा घरमा रहेको र कान्छी श्रीमती वादी जानुकासँग २०५० सालमा विवाह हुनुपूर्व मिति २०४९।४।११ मा उपर्युक्त जग्गा निर्मला थापा र गिता थापाको संयुक्त नाममा हालैदेखिको बकसपत्रबाट प्राप्त

भएको मिसिल संलग्न प्रमाणबाट देखियो। अंशबन्डाको १९ नं. को देहाय ३ हेर्दा आफूखुसी गर्न पाउनेमा स्वास्नी, छोरा, अविवाहित छोरी र विधवा बुहारीको मन्जुरी नभए पनि... आफूखुसी गरेको सदर हुन्छ भनी उल्लेख गरेको पाइन्छ। यसरी कान्छी श्रीमती वादी जानुकालाई विवाह गर्नुपूर्व कसैको मन्जुरी लिन नपर्ने आफूखुस गर्न पाउने अवस्थामा अंशबन्डाको १९(३) बमोजिम दिएको सो कि.नं.१९४ को जग्गा निज प्रतिवादी गिता थापाको निजी हुने भई समानतहको अंशियार सौता वादी जानुकाले अंश पाउने देखिन आएन कि.नं.१९४ को जग्गासमेत बन्डा गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग यो इजलास सहमत हुन नसक्ने।

अतः माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी गिता थापाले मिति २०४९।४।११ मा हालैदेखिको बकसपत्रबाट पाएको कि.नं.१९४ को क्षे.फ.०-८-३-० मा समेत अंश लाग्ने गरी भएको सुरू फैसला नमिली सो हदसम्म उल्टी भई बन्डा नलाग्ने र अरू बाँकी कुरामा सुरू जिल्ला अदालतको मिति २०६७।७।३० को फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।९।२१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल असार १४ गते रोज ४ शुभम्

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या. श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-CI-०२५०, अंशसहित सम्बन्ध विच्छेद, अमृतबहादुर थापासमेत वि. सोनु घर्ती भुजेल

वादीले आफ्नो फिरादको बेहोरामा प्रतिवादीसँग ४/५ वर्षदेखि प्रेमसम्बन्ध रहेको, मिति २०६७।४।३० मा काठमाडौंमा गई विवाह गरी डेढ महिना काठमाडौंमा बसी पोखरा फर्केको, सो क्रममा आफू गर्भवतीसमेत भएकोमा विपक्षीलाई घर लैजानुहोस् भन्दा विभिन्न बहाना गरी घरमा लैजान इन्कारी गरेको हुँदा मानव अधिकारको लागि कार्यरत अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पोखरा र महिला मानव अधिकार रक्षक सञ्जाल, कास्कीमा निवेदन दिई यी संस्थाहरूको पहलमा पश्चिम पृतना, लेखनाथ, कास्कीमा एक अर्कोले पालना गर्नुपर्ने विभिन्न सर्त, उल्लेख गरी इन्सेक, पोखरा र मानव अधिकार रक्षक सञ्जाल, कास्कीको प्रतिनिधिको रोहबरमा कागज भएको देखिन्छ। यस्तै प्रत्यर्थी वादीले सुरू अदालतसमक्ष उपस्थित भई अ.बं. ८० नं. बमोजिम फिराद दाबी कायम हुने गरी नातातर्फ बयान गरेको देखिन्छ भने पुनरावेदक प्रतिवादीले आफ्नो प्रतिउत्तर जिकिरमा निजहरूबीच विवाह भई पति पत्नीको नाता सम्बन्धको कुरालाई अस्वीकार गरे पनि पश्चिम पृतना, लेखनाथ कास्कीमा भएको कागजलाई भने अन्यथा भन्नसकेको नदेखिँदा वादी सोनु घर्ती भुजेल र प्रतिवादी अमृतबहादुर थापाबीच लोग्ने स्वास्नीको नाता सम्बन्ध भएको कुरामा विवाद नदेखिने।

सगोलको परिवार जुनसुकै अंशियारको नाममा रहेको सम्पत्ति सबै अंशियारको अंशभाग लाग्ने नै हुन्छ। सगोलको अंशबन्डा लाग्ने सम्पत्ति भनी दाबी भएकोमा सगोलको सम्पत्ति होइन अंशबन्डा नलाग्ने निजी आर्जनको सम्पत्ति हो भन्ने पक्षले नै त्यसको सबुद गुजार्नु पर्नेमा प्रस्तुत मुद्दामा कि.नं.१५२९ को जग्गा मेरो निजी आर्जन हो भनी यी प्रतिवादी पुर्ना थापाले निश्चयात्मक प्रमाण पेस गरी आफ्नो जिकिर प्रमाणित गर्नसकेको मिसिल संलग्न प्रमाणबाट

नदेखिने।

अतः माथि विवेचित आधार प्रमाणबाट वादी प्रतिवादीबीचको लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद हुने ठहऱ्याएको सुरू कास्की जिल्ला अदालतको मिति २०७०।११।१४ को फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने एवम् अ.बं. १३९ नं. बमोजिम बुझिएकी प्रतिवादी पुनम थापालाई समेत अंशियार बनाई अंश भाग छुट्याउनु पर्नेमा अंशियार नै नबनाई २ जना मूल अंशियार ठहऱ्याई सोबाट प्रतिवादी अमृत थापाको अंश भागबाट २ खण्ड गरी २ खण्डको १ खण्ड वादीले अंश पाउने ठहऱ्याएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने भई प्रतिवादी पुनम थापालाई समेत अंशियार बनाई मूल ३ अंशियारा कायम गरी ३ भागको १ भागबाट २ भाग गरी १ भाग वादीले अंश छुट्याई लिन पाउने ठहऱ्याएको पुनरावेदन अदालत, पोखराको मिति २०७१।११।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल असार १४ गते रोज ४ शुभम्

४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७०-CI-०४५४, अंश छुट्याई चलनसमेत, सिर्जना देवकोटा पौडेल वि. पवनकुमार नेपाली

एकाघरसँगका अंशियारका नाममा रहेको सम्पत्ति यदि कुनै कारणले अरू अंशियारको बन्डा लाग्न नसक्ने भए सोको आधार कारण सम्बन्धित व्यक्तिले नै खुलाउनुपर्ने हुन्छ। अन्यथा सबै अंशियारको कानूनबमोजिम बन्डा लाग्ने नै हुन आउने।

अरू अंशियारको बन्डा नलाग्ने सम्पत्ति हुन आफ्नो ज्ञान वा सीप वा प्रयासबाट निजी आर्जन गरेको, कसैबाट निजी दान बकस पाएको वा कसैको अपुताली पाएको वा दाइजो वा पेवा पाएको सम्पत्ति रहेको देखिनुपर्ने।

पुनरावेदकले भक्तपुर जिल्ला, दिव्यश्वरी गा.वि.स.वडा नं.२(क) को साबिक कि.नं.२९२६ हालको कि.नं. १८१ को ०-३-२-२ जग्गा अरूको अंश नलाग्ने आफ्नो निजी आर्जनको भनी जिकिर लिए पनि उपर्युक्तानुसारको कुनै अवस्थाबाट प्राप्त भएको भनी भन्नसकेको देखिँदैन । निजले NCC बैंकको ३९० कित्ता सेयर जम्मा रू.१,२८,७००।- मा बिक्री गरेको देखिन आउँछ । यसबाहेक निजले आफ्नो आय स्रोत यो यो रहेको यो स्रोतबाट यति आम्दानी भई उक्त जग्गा राजीनामा गरी लिएको भन्ने सम्बन्धमा कुनै प्रमाण पेस गर्नसकेको देखिँदैन। उक्त जग्गा रू.१०,५१,५००।- मा खरिद गरेको भनी पुनरावेदकले स्वीकारेको अवस्थामा जम्मा सेयर बिक्रीबाट प्राप्त रकम रू.१,२८,७००।- देखिएको र निजले मिडल्याण्ड बोर्डिङ स्कुलमा मासिक १५,३००।- का दरले मिति २०६३।०४।३१ देखि २०६४।०१।३१ सम्म जम्मा ९ महिना काम गरेको देखी जम्मा रू.१,३७,७००।- प्राप्त गरी जम्मा रू. २,६६,४००।- मात्र आर्जन गरेको देखिएको अवस्थामा उक्त रू.१०,५१,५००।- मा खरिद जग्गा सो निजी आर्जनबाट मात्र खरिद गरेको रहेछ भनी मान्न मिल्दैन। यसैगरी सो जग्गा खरिद गरेको दिन बंगलादेश बैंकमा रहेको प्रत्यर्थीको खाताबाट रू.१०,११,२५०।- झिकेको देखिएको छ । यसबाट पनि उक्त जग्गा पुनरावेदक सृजना देवकोटा र प्रत्यर्थी पवनकुमार नेपाली दुवैको आर्जनबाट खरिद गरेको प्रत्यर्थी / वादी पवनकुमार नेपाली, यी पुनरावेदक / प्रत्यर्थी सिर्जना देवकोटा र निजहरूकी छोरी सौम्याको गरी ३ जनाको

अंश भाग लाग्ने सम्पत्ति रहेको नै देखिन आयो। त्यसैले उक्त सम्पत्तिबाट प्रत्यर्थी वादीले ३ भागको १ भाग अंश पाउने गरी भएको सुरू र पुनरावेदन अदालतको फैसला मिलेको नै देखिन आउने।

ऋणको सम्बन्धमा प्रत्यर्थी वादीले रू.२८,२६,२८८।४२ ऋण भएको भनी तायदातीमा दाबी गरेको देखिए पनि सोही तायदातीबाट १०,११,२५०।- मात्र निजले उल्लिखित जग्गा राजीनामा लिँदा खर्च गरेको स्वीकारेको छ । अन्य रकम कहाँ र के प्रयोजनमा खर्च भएको भनी सप्रमाण देखाउन सकेको पाइँदैन। सगोलको काम कारोबारसँग सम्बन्धित विषयमा खर्च नभएको ऋण रकमको अन्य अंशियार तथा यी पुनरावेदकले दायित्त्वबहन गर्नुपर्ने हुँदैन । माथि उल्लेख भएअनुसार सगोलको कि.नं.१८१ को जग्गा खरिद गर्दा रू.१०,११,२५०।- ऋण रकमबाट खर्च भएको देखिएकोले सुरू र पुनरावेदन अदालतबाट पूरै ऋण रकम रू. २८,२६,२८८।- को आधा ऋण पुनरावेदक वादी सृजना देवकोटाले तिर्नुपर्ने गरी भएको फैसला सो हदसम्म नमिलेको देखिन आयो। जग्गा खरिद गर्दा खर्च भएको रू.१०,११,२५०।- ऋण रकमको छोरी नाबालक नै भएकोले आधा रकम यी पुनरावेदक सृजना देवकोटाले तिर्नुपर्ने देखिन आउने।

प्रत्यर्थी / वादी पवनकुमार नेपालीका निजका बुबा र भाइ गरी ३ अंशियार भएको भन्ने देखिएको र निज पवनकुमार नेपालीका अंशियार ३ जना रहेकोले सो घर जग्गाको ३ भागको १ भाग प्रत्यर्थी वादीको अंश भागमा पर्न जाने र सो १ भाग घर जग्गालाई ३ भाग लगाई १ भाग घर जग्गा यी पुनरावेदक / प्रतिवादी सृजना देवकोटाले अंश भाग पाउने र १ भाग घर जग्गा निजहरूको छोरी सौम्याले पाउने।

अतः माथि विवेचित आधार कारणबाट सुरू भक्तपुर जिल्ला अदालतबाट मिति २०६८/०३/२१ मा प्रत्यर्थी / वादी पवनकुमार नेपालीले पुनरावेदक/ प्रतिवादी सृजना देवकोटाबाट निज सृजना देवकोटाको नाममा रहेको उल्लिखित कि.नं.१८१ को जग्गाको ३ भागको १ भाग अंश पाउने, वादीले देखाएको सम्पूर्ण ऋणको २ भागको १ भाग पुनरावेदक प्रतिवादी सृजना देवकोटाको समेत बन्डा लाग्ने ठहऱ्याई र प्रत्यर्थी वादी पवनकुमार नेपालीको समेत ३ भागको १ भाग अंश लाग्ने देखिएको निजको आमाको नामको उल्लिखित कि.नं. १००७ को ०-४-०-० घर जग्गाका सम्बन्धमा केही नबोली भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०६८/०८/०८ मा भएको फैसला प्रत्यर्थी / वादी पवनकुमार नेपालीले पुनरावेदक / प्रतिवादी सृजना देवकोटाबाट उल्लिखित कि.नं.१८१ को जग्गाको ३ भागको १ भाग अंश पाउने ठहरेको हदसम्म सदर हुने ठहर्छ। तर वादीले देखाएको सम्पूर्ण ऋणको २ भागको १ भाग पुनरावेदक प्रतिवादी सृजना देवकोटाको समेत बन्डा लाग्ने गरी र प्रत्यर्थी वादी पवनकुमार नेपालीको समेत ३ भागको १ भाग अंश लाग्ने देखिएको निजको आमाको नामको उल्लिखित कि.नं.१००७ को ०-४-०-० जग्गाका सम्बन्धमा केही नबोली भएको हदसम्म उक्त जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला सो हदसम्म नमिलेको देखिएकोले आंशिक उल्टी भई ऋण रकममध्येको रू.१०,११,२५०।- मात्र सगोलमा जग्गा खरिदमा खर्च भएको देखिएकोले सो ऋण रकमको २ भागको १ भाग ऋण र उक्त कि.नं.१००७ को ३ भागको वादी पवनकुमार नेपालीको भागमा पर्ने १ भाग घर जग्गाको ३ भागको १ भाग यी पुनरावेदक सृजना देवकोटाले र १ भाग छोरी सौम्या पौडेलले अंश भाग

पाउने भई आफ्नो १ भाग अंश पुनरावेदक सृजना देवकोटाले पाउने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल मार्ग १३ गते रोज ४ शुभम्।

- यसै लगाउको ०७१-CI-१२२२, माना चामल, *सिर्जना देवकोटा पौडेल वि. पवनकुमार नेपाली* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

५

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CR-०८८४, लागु औषध खैरो हेरोइन, नेपाल सरकार वि. कृष्णबहादुर तिमिल्सिना

प्रतिवादीले अदालतमा कसुरमा इन्कार रही आफू लागु औषध कारोबारमा संलग्न नरहेको भनी लेखाई दिएको पाइन्छ। अनुसन्धानका क्रमको बयानमा यी प्रत्यर्थी / प्रतिवादीलाई पोल गर्ने सहअभियुक्तले अदालतमा आई बयान गर्दा पोल गरेको पाइँदैन। मिसिल संलग्न अन्य कुनै पनि प्रमाणबाट यी प्रत्यर्थी / प्रतिवादीको संलग्नता स्थापित हुनसकेको देखिँदैन। यसरी मिसिल संलग्न कागज प्रमाणहरूबाट सहप्रतिवादीहरूको अनुसन्धानको पोल प्रमाणित हुन नसकेकोले यी प्रत्यर्थी प्रतिवादी वीरबल भन्ने कृष्णबहादुर तिमिल्सिनाले कसुर गरेको भनी भन्न मिल्ने देखिन नआउने।

कुनै पनि व्यक्तिमाथि सप्रमाण यो यस्तो कसुरमा सजाय गरिपाउँ भनी अभियोजन कर्ताले स्पस्ट दाबी लिनु पर्नेमा वादी नेपाल सरकारले यी प्रतिवादी बीरबल भन्ने कृष्णबहादुर तिमिल्सिनाउपर अभियोग पत्रमा त्यस्तो स्पस्ट दाबी लिन सकेकोसमेत पाइँदैन। अस्पष्ट दाबीका आधारमा फौज्दारी अपराधमा सजाय गर्नु न्यायोचित नहुने।

प्रत्यर्थीउपर सहअभियुक्तले पोल गरेको र यी प्रत्यर्थी लागु औषध कारोबारोमा संलग्न रहेको भनी अदालतमा अरू मुद्दा पनि चलिरहेकोले निज निर्दोषि हुन नसक्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरलाई न्यायोचित मान्न सकिँदैन। यी प्रत्यर्थी प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला मिलेको नै देखिन आउने।

अतः माथि विवेचित आधार प्रमाणहरूबाट प्रत्यर्थी प्रतिवादी वीरबल भन्ने कृष्णबहादुर तिमिल्सिनालाई सफाइ दिने गरी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६८/०८/०४ मा भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत पाटनबाट मिति २०७०/१२/२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटरः सिजन रेग्मी

इति संवत् २०७४ साल साउन १८ गते रोज ४ शुभम्।

## इजलास नं. ११

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०६९-CI-०१०६, ०६९-CI-०२४५, मानाचामल, रामप्रसाद राजभण्डारी वि. सरिता राजभण्डारीसमेत र सरिता राजभण्डारीसमेत वि. रामप्रसाद राजभण्डारी

सम्बन्ध विच्छेद गरिपाउँ भनी २०६४ सालमा नै श्रीमतीउपर प्रतिवादी रामप्रसाद राजभण्डारीले कारवाही चलाइरहेको लगाउको सम्बन्ध विच्छेद मुद्दाबाट देखिन आएको छ। यसप्रकार सम्बन्ध विच्छेदको कारवाही चलाउने प्रतिवादीले स्वास्नी छोरालाई उचित पालन तालन औषधिउपचार

खर्च गरेको भनी मान्न सकिएन । छोराको पालन पोषण, शिक्षा दिक्षा, स्वास्थ्य उपचारको लागि मुलुकी ऐन, अंशबन्डाको १० नं. बमोजिमको दायित्वको परिपालना यी प्रतिवादीबाट भए गरेको देखिँदैन । यी प्रतिवादी नेपाल राष्ट्र बैंकको कर्मचारी रहेको, घर भाडामा लगाई आम्दानी प्राप्त गर्ने गरेकोसमेतको अवस्थामा अंशबन्डाको १० नं. बमोजिम यी पुनरावेदक वादीहरूलाई मानाचामल भराउनुपर्ने नै देखिन आउने। फिराद परेको अघिल्लो दिनदेखि निज वादीहरू सरिता राजभण्डारी र शुसन राजभण्डारी दुवैलाई मानाचामल भराउनुपर्नेमा आमालाई मात्र भराएको सुरू भक्तपुर जिल्ला अदालतको मिति २०६७।१०।२५ को फैसला र पुनरावेदन अदालत पाटनको मिति २०६८।११।१८ को फैसला सो हदसम्म मिलेको देखिएन । अतः वादीहरू सुशन राजभण्डारी र सरिता राजभण्डारी दुवैले प्रस्तुत फिराद परेको मितिको अघिल्लो दिन २०६७/९/१९ गतेदेखि उक्त १० नं.मा उल्लिखित अंश नछुट्टिएसम्म मासिक रू.५६००।- का दरले मानाचामल प्रतिवादी रामप्रसाद राजभण्डारीबाट भराई पाउने ठहर्छ । उक्तअनुसार नगरेको पुनरावेदन अदालत पाटनको मिति २०६८/११/१८ को फैसला केही उल्टी हुने।

इजलास अधिकृत: बिमला पौडेल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल फागुन १८ गते रोज ४ शुभम्।

- यसै लगाउको ०६९-CI-०१०५, सम्बन्ध विच्छेद अंश, *रामप्रसाद राजभण्डारी वि. सरिता राजभण्डारीसमेत* भएको मुद्दामा यसैअनुसार हुने।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CR-१९६६, जबरजस्ती करणी, तोयनाथ अधिकारी वि. नेपाल सरकार

प्रतिवादीले आफूलाई जबरजस्ती करणी गरेको कुरा जाहेरी र बकपत्रमा समेत स्पष्टसँग खुलाइदिएको पाइन्छ । जाहेरी दिएको केही समयको अन्तरालपछि बकपत्र भएको छ । जाहेरी र बकपत्र दुवैमा मुख थुनी बोल्न कराउन नदिई करणी गरेको कुरा जाहेरवालीले स्पष्टसँग उल्लेख गरेकी छन् । यस अवस्था जाहेरी र बकपत्र लेखवद्ध गर्ने क्रममा भएको सामान्य अन्तरलाई नै आधारमानी प्रतिवादीलाई कसुरबाट उन्मुक्ति दिन विवेक र औचित्यको दृष्टिकोणबाट न्यायसम्मत हुँदैन । यौनजन्य अपराधमा पीडित स्वयं प्रत्यक्षदर्शी मात्र नभई अपराधबाट प्रताडित हुने व्यक्ति हुन्छ । गुप्तरूपमा हुने यसप्रकारको अपराधमा सामान्यतया अन्य प्रत्यक्षदर्शीको अभाव रहन्छ। प्रमाण ऐन, २०३१ को दफा १०अनुसार पीडितको भनाईलाई नै प्रस्तुत मुद्दाको प्रत्यक्ष र भरपर्दो प्रमाणको रूपमा लिनु पर्ने।

जबरजस्ती करणीको वारदात स्थापित हुन पीडितको कन्याजाली च्यातिनु नै पर्ने आवश्यक हुँदैन। वारदातको ६ दिनपछि भएको स्वास्थ्य परीक्षण प्रतिवेदनमा पीडितले बकपत्रमा खुलाएबमोजिमका लक्षणहरू नदेखिनु स्वाभाविक हुने र वारदातलाई स्थापित गर्ने अन्य प्रमाणहरू मिसिलमा मौजुद रहेको अवस्थामा ढिलो गरी स्वास्थ्य परीक्षण गराएको भन्ने आधारले प्रतिवादीको निर्दोषितालाई पुष्टि गर्न नसक्ने।

तसर्थ पुनरावेदक प्रतिवादी तोयनाथ अधिकारीले पीडित बालिकालाई जबरजस्ती करणी गरेको प्रमाणित भएकोले मुलुकी ऐन जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम निजलाई ८ वर्ष कैदको सजाय हुने र क्षतिपूर्तिबापत पीडितले रू. ३५,०००/- प्रतिवादीबाट भराई पाउने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।९।१४

मा भएको फैसला मनासिब देखिँदा सदर हुने ।
इजलास अधिकृतः आनन्दराज पन्त
कम्प्युटर: देवीमाया खतिवडा / प्रेमबहादुर थापा
इति संवत् २०७४ साल वैशाख २९ गते रोज ६ शुभम् ।

## इजलास नं. १२

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६८-CI-०९०१, जग्गा खिचोला मेटाई घर उठाई चलन, रामप्रताप राय यादव वि. कमलेशकुमार यादव

महोत्तरी जिल्ला, खैरवनी गा.वि.स. वडा नं. ३ को साबिक कि.नं.५१५ को जम्मा ज.वि. ०-२-१७ मध्येबाट कित्ताकाट गरी ०-०-१७ जग्गाको कि.नं. ७८० कायम भई मिति २०६२।१२।१४ मा प्रत्यर्थी वादी कमलेशकुमार यादवले शान्ति देवीसँग हालैको बकसपत्र पारित गरी लिएको देखिएको छ । सोउपर प्रतिवादीले मेरो साँध सीमानाको जग्गा भएकोले निखनाई पाउँ भनी मालपोत कार्यालयमा निवेदन दिएकोमा मालपोत कार्यालयबाट जग्गा हालैको बकसपत्रबाट पारित भएको देखिएकोले निखनाई नपाउने भन्ने निर्णय भई सो निर्णय अन्तिम भइरहेको पाइयो । यसबाट उक्त कि.नं. ७८० को ०-०-१७ जग्गामा यी प्रत्यर्थी वादी कमलेशकुमार यादवको निर्विवाद हकभोग रहेको पुष्टि हुन आउने ।

सुरू अदालतबाट भएको नक्सा मुचुल्कालाई उक्त जग्गाहरूको नक्सा ट्रेससँग भिडाई हेर्दा नक्सा मुचुल्कामा यी पुनरावेदक प्रतिवादीले घरसमेत बनाई भोग गरेको भन्ने देखिएको न.नं.८ र १० को जग्गाको समानान्तर रेखामा पूर्वतर्फ रहेको न.नं.१२ र १३ को जग्गा भने वादीकै भोग चलनमा रहेको पाइएको छ । उक्त नं.नं.१२ र १३ को जग्गा आफ्नो रहेको भनी प्रतिवादीले भन्न नसकेको र जग्गाको क्षेत्रफल आदि विचार गर्दा पनि उक्त जग्गा प्रतिवादीको रहे भएको देखिन आउँदैन । नक्सा ट्रेसबाट समानान्तर रूपमा दक्षिण सीमाना सीधा रेखामा रहेको देखिएको वादीको हकको कि.नं.७८० को जग्गाको दक्षिणी सीमानाको सीधा समानान्तररूपमा रहेको पश्चिमतर्फको न.नं.८ र १० को जग्गा प्रतिवादीको र पूर्वतर्फको न.नं.१२ र १३ को जग्गा वादीको हुनसक्ने जग्गाको नक्साको आकारबाट देखिन नआउने ।

नक्सा नं.१२ र १३ को जग्गा वादीको भोग चलनमा रही प्रतिवादीले दाबीसमेत गर्न नसकी वादीको जग्गा रहेको देखिएको अवस्थामा त्यसैको पश्चिमतर्फ समानान्तररूपमा रहेको न.नं.८ र १० को जग्गासमेत स्वतः वादीको नै रहे भएको नक्सा ट्रेसको आकृतिबाट पुष्टि हुन जान्छ । सो न.नं.८ र १० को जग्गालाई वादीको नभई प्रतिवादीको नै हो भन्दा नक्साको आकारमा तात्त्विक भिन्नता आउनुका साथै वादीको स्वामित्त्वको क्षेत्रफल पनि पुग्न आउँदैन । तसर्थ न.नं.८ र १० मा हुन आउने क्षेत्रफल ०-०-१-६१/२ सम्मको वादीको जग्गामा यी पुनरावेदक प्रतिवादीले घरसमेत बनाई खिचोला गरेको देखिँदा न.नं.८ र १० को जम्मा ०-०-१-६१/२ को जग्गासम्म खिचोला गरेको ठहऱ्याई सुरू अदालतले गरेको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा भन्न नसकिने ।

प्रतिवादीले आफूले यी वादीको नाममा जग्गा पारित हुनुभन्दा अगाडि नै आफूले घर बनाएको भने पनि निजले यो मितिमा घर बनाएको भनी यकिनरूपले जिकिर लिई तथ्यगत रूपबाट वस्तुनिष्ठ प्रमाण पेस गरिसकेको अवस्था देखिँदैन । साथै निजले भनेजस्तो पहिले नै घर बनाएको भन्ने कतैबाट देखिनसमेत

आउँदैन। यसरी यी पुनरावेदक प्रतिवादी रामप्रताप राय यादवले आफ्नो जग्गा मिची मिति २०६४/०३/१६बाट घर बनाउन सुरू गरी मिति २०६४ असोज मसान्तमा सम्पन्न गरेको भनी मिति २०६४/०८/०४ मा वादीले फिराद गरेको मुलुकी ऐन, घर बनाउनेको महलको ११ नं. र जग्गा मिच्नेको महलको १८ नं. अनुसारको हदम्यादभित्रको नै देखिन आउने।

अतः उपर्युक्त विवेचित आधार प्रमाणबाट सुरू महोत्तरी जिल्ला अदालतबाट प्रत्यर्थी वादीको कि.नं.७८० को ०-०-१७ जग्गामध्ये दक्षिणतर्फ ०-०-१-६१/२ को जग्गामा प्रतिवादीले घरसमेत बनाई खिचोला गरेको ठहऱ्याई मिति २०६६/०८/०९ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत जनकपुरबाट २०६७/०४/३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल फागुन २२ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६९-CI-०९९०, जग्गा खिचोला चलन, सोनेलाल मण्डल भन्ने सोनमा मण्डल वि. लक्ष्मण मण्डल

जग्गाको क्षेत्रफललाई यकिन गर्ने क्रममा जग्गाधनी प्रमाण पुर्जामा जे जति उल्लेख भए पनि फिल्डमा वास्तविक जग्गाको क्षेत्रफल के कति छ भन्ने टायल चेक गर्दा मात्र यकिन हुने हुन्छ। त्यसैले टायल चेकबाट जे जति जग्गाको क्षेत्रफल आउँछ सो नै वास्तविक क्षेत्रफल मान्नु पर्ने हुँदा यसमा टायल चेकबाट प्रत्यर्थी वादीको कि.नं. ५९८ को जग्गाको क्षेत्रफल ०-२-१२-० देखिएकोबाट जग्गाधनी प्रमाण पुर्जामा ०-२-६-० मात्र भएपनि तर निजको जग्गा बढी भई वास्तविक क्षेत्रफल ०-२-१२-० नै रहेभएको देखिने।

मिसिल संलग्न नक्सा हेर्दा न.नं. १ र २ लाई विवादित देखाइएकोले सो विवादित न.नं. १ को ज.वि. ०-०-३-१४ र न.नं. २ को ज.वि. ०-०-१-२१/४ लाई वादीको न.नं. ३ मा मिलाउँदा प्रत्यर्थी वादीको टायल चेकबाट कायम हुन आउने क्षेत्रफल ०-२-१२-० पुग्न जाने हुन्छ। यसबाट कि.नं. ५९८ को जग्गाको नक्सा आकृतिसमेत मिल्न आउने हुन्छ। प्रतिवादीको न.नं. ६ को जग्गाको क्षेत्रफल हेर्दा निजको टायल चेकबाट कायम हुन आउने जग्गाभन्दा बढी नै रहेभएकोले सोबाहेक उक्त विवादित जग्गा पुनरावेदक प्रतिवादीको जग्गामध्येकै जग्गा हो भनी भन्नसकिने अवस्था नदेखिने।

पुनरावेदन अदालत जनकपुरको मिति २०६६।१२।३० गतेको नक्साको न.नं. १ र २ को विवादित जग्गा कति नं. कित्ताभित्रको हो नक्सा ट्रेससँग भिडाई हेर्न लगाई अमीनबाट प्रतिवेदन लिनु भन्ने आदेशानुसार उक्त विवादित जग्गाहरू कि.नं.५९८ भित्रमध्येकै देखिन्छ भनी महोत्तरी जिल्ला अदालतका सर्वेक्षक योग नारायण साहले पुनरावेदन अदालत जनकपुरमा प्रतिवेदनसमेत दिएको देखिएको छ। यसबाट उक्त विवादित न.नं. १ र २ को सम्पूर्ण जग्गा प्रत्यर्थी वादीको कि.नं. ५९८ भित्रको नै रहेभएको देखिन आयो। त्यसैले सुरू फैसला उल्टी गरी उक्त विवादित जग्गा वादीको नै ठहऱ्याई पुनरावेदन अदालतबाट भएको फैसला मिलेको नै देखिन आउने।

नक्सा ट्रेसबाट बढी देखिएको अवस्थामा दाबी नै नगरेको भएपनि कसैको सो फिल्डमा भएको जग्गाको हकबाट निजलाई वञ्चित गर्न मिल्दैन।

स्रेस्तामा बढी जग्गा रहे भएकै आधारमा टायल चेक तथा नक्सा ट्रेसबाट कम जग्गा देखिएकोमा अरूको नक्सा ट्रेसमा स्रेस्ताभन्दा बढी देखिएको जग्गालाई ल्याई कम भएकाको स्रेस्ताअनुसारको जग्गा कायम गरी दिन सकिँदैन । त्यसैले पुनरावेदक प्रतिवादीको उक्त जिकिरसँग सहमत हुन नसकिने ।

अतः उपर्युक्त विवेचित आधार प्रमाणबाट वादी दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू महोत्तरी जिल्ला अदालतबाट मिति २०६७।२।९ मा भएको फैसला उल्टी गरी विवादित न.नं. १ र २ को जग्गामा प्रतिवादीले खिचोला गरेको ठहऱ्याई पुनरावेदन अदालत जनकपुरबाट मिति २०६८।१०।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: यदुराज शर्मा

इति संवत् २०७३ साल फागुन २२ गते रोज १ शुभम् ।

## इजलास नं. १३

१

**मा.न्या.डा. आनन्दमोहन भट्टराई र मा.न्या. श्री अनिलकुमार सिन्हा,** ०७१-MS-००२३, अदालतको अवहेलना, ज्योती बानियाँ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

कुनै विवादमा अदालतले दिएको फैसला कार्यान्वयन गर्नु सबैको कर्तव्य हो । कुनै बहानामा अदालतको फैसला कार्यान्वयन नगर्न मिल्दैन । यो छुट कसैलाई पनि छैन । तर लिखित जवाफको बेहोराबाट विपक्षीहरू अदालतको फैसला कार्यान्वयन गर्ने क्रममा रहेको र सो विषयमा प्रतिबद्ध छ भनेबाट स्वेच्छाले अदालतको फैसला कार्यान्वयन नगरेको वा जानीजानी वा मनसायपूर्वक अदालतको अवहेलना गरेको भनी निश्चयात्मकरूपमा भन्नसकिने अवस्था देखिँदैन । अतः निवेदकको अदालतको अवहेलनामा सजाय गरिपाउँ भन्ने निवेदन मागदाबी पुग्न नसक्ने ।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल मार्ग ३० गते रोज ५ शुभम् ।

२

**मा.न्या.डा. आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६९-CI-०६८४, निषेधाज्ञा, महेन्द्र शर्मा बडही वि. डाइनिया खानेपानी उपभोक्ता तथा सरसफाइ समिति डाइनिया, मोरङसमेत

निवेदकले घरधुरी कर तिरेको रसिद पेस गरेको देखिए तापनि उक्त घर कुन कि.नं.को जग्गामा बनेको हो सो जग्गाको कि.नं. उल्लेख भएको पनि देखिएन । पुनरावेदकले उक्त कि.नं.का जग्गा आफ्नो नाममा दर्ता रहेको तथा आफ्नो हक स्वामित्वभित्रको हो भन्ने कुनै पनि दर्ता स्रेस्ता तथा आधारभूत प्रमाण पेस गर्नसकेको समेत नदेखिएको अवस्थामा उल्लिखित ऐलानी जग्गाहरू डाइनिया गा.वि.स.को कार्यालयको सुकुम्बासी समस्या समाधान समिति मोरङ र मालपोत कर्यालय विराटनगरलाई साबिक देखी डाइनिया गा.वि.स.को नियन्त्रणमा रहेको जग्गा गा.वि.स.को नाममा दर्ता गर्न पत्राचार गरेको देखिनुका साथै उक्त जग्गाहरूको फिल्डबुक उतारमा जोताहा तथा जग्गाधनीको कोलम खाली रहेकोसमेतबाट उक्त जग्गाहरू निवेदकको नाममा दर्ता स्रेस्तामा नरहेको र निज पुनरावेदक निवेदकले ऐलानी जग्गामा अनधिकृत भोग चलन गरेकोसम्म देखियो तर उक्त जग्गामा कानूनतः स्वामित्व स्थापित भएको देखिएन । यसरी निज पुनरावेदकको पूर्ण हकाधिकारको जग्गा नभई ऐलानी जग्गानै रहेको र यस्तो ऐलानी जग्गामा सरकारी निकायबाट सार्वजनिक हितको लागि प्रयोग गर्न सक्ने नै देखिँदा पुनरावेदक निवेदकले आफ्नो हक भोगको

जग्गामा विपक्षीहरूले अतिक्रमण गर्‍यो र निजको नागरिक हकमाथि आघात पुर्‍यायो भन्ने दाबीसँग सहमत हुन नसकिने।

नागरिक अधिकार ऐन, २०१२ को दफा १७(२) बमोजिम निषेधाज्ञा जारी हुनका लागि जुन सम्पत्तिसम्बन्धी हकमा आघात पर्ने भनिएको हो सो सम्पत्तिमा निवेदकको पूर्ण हक अथवा विवादरहित हक हुनुपर्ने।

दाबीको सम्पत्तिमाथि पुनरावेदक निवेदकले आफ्नो हक निहित रहेको विवादरहित स्पष्ट तथ्यपूर्ण एवम् सारभूत प्रमाण देखाउन सकेको अवस्थामात्र निषेधाज्ञाको आदेश जारी हुनसक्छ । ऐनद्वारा प्रत्याभूत हकमा आघात पर्ने आशङ्का व्यक्त गर्नेले सर्वप्रथम आफ्नो हकलाई आधारभूत र सारभूतरूपमा स्थापित गर्न सक्नुपर्छ । तर प्रस्तुत मुद्दामा कि.नं. ७४, ७५, ८१ र ८२ का जग्गाहरू निवेदकको नाममा दर्ता स्रेस्ता नरही कानूनतः स्वामित्व स्थापित नभएको, दर्ता प्रक्रियामा रहेको भनी भोगचलनको आधारमा मात्र निज पुनरावेदकको उक्त जग्गामा पूर्ण हक अधिकार स्थापित भएको मान्न सकिएन। यसरी आफ्नो कानूनतः पूर्ण हक अधिकार स्थापित नभएको सम्पत्तिमाथि विपक्षीहरूले हस्तक्षेप गर्‍यो भनी आएको पुनरावेदक निवेदकले यस अदालतमा तारिखसमेत छोडी बसेको अवस्थामा असल नियतले सफा हात लिई कानूनको सहयोग माग्न आएको मान्न नसकिने।

अतः उल्लिखित आधार र प्रमाणहरू समेतबाट दाबीको कि.नं. ७४, ७५, ८१ र ८२ को जग्गाहरूमा जग्गावाला तथा जोताहाको नाम, थर, वतनमा कुनै व्यक्तिको नाम उल्लेख नभएको ऐलानी जाग्गामा सार्वजनिक हितको लागि खानेपानी उपभोक्ता तथा सरसफाइ समिति गठन भई सार्वजनिक स्थानमा सार्वजनिक विकास निर्माण कार्यलाई निवेदकले माग गरेबमोजिमको निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने ठहर्‍याई भएको मिति २०६९।०६।२२ को पुनरावेदन अदलत, विराटनगरको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : गीता श्रेष्ठ
कम्प्युटर: उत्तरमान राई
इति संवत् २०७३ साल फागुन ८ गते रोज १ शुभम्।

- यसै लगाउको ०७१-CI-०५०९, निषेधाज्ञा, *महेन्द्र शर्मा बडही वि. डाइनिया खानेपानी उपभोक्ता तथा सरसफाइ समिति डाइनिया, मोरङसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या. डा.आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६९-MS-००२९, अदालतको अवहेलना, डा.नविनकुमार शर्मा वि. मनोजकुमार सिंह

निवेदकले पुनरावेदन अदालत पाटनमा समेत यसै विषयमा निवेदन दिएकोमा मिति २०६९।११।२० मा अदालतको अपहेलना नठहर्ने भनी फैसला भएको र त्यसउपर समेत यसै अदालतमा पुनरावेदन दर्ता गरेकोसमेत ०६९-CR-१०९१ मुद्दाबाट देखिन आउँछ । उपर्युक्त कार्यबाट निवेदकले करार ऐन, २०५६ बमोजिमका उपचार खोज्नुभन्दा विपक्षीलाई बारम्बार अदालतमा धाउनु पर्ने अवस्था सिर्जना गराई अदालतको डर त्रास उत्पन्न गर्ने उद्देश्य राखेको अनुभूति हुने।

अदालत भनेको जनताको न्यायप्रतिको आस्थाको प्रतिक हो। यो संस्था कसैलाई डराउने तर्साउने वा दबाब सृजना गर्ने प्रयोजनमा प्रयोग हुन सक्दैन। यस्तो कोशिसलाई सफा हात लिई अदालत प्रवेश गरेको मान्न सकिँदैन। अदालतको अवहेलनाको कारवाहीको प्रमुख उद्देश्यले अदालतको सम्मानको

रक्षा गर्नु भन्ने रहेकोले यस्तो आदेशको अवज्ञा गरेमा अवस्थाबमोजिम अदालतमा अवहेलनामा कारवाही गर्नसक्छ । तर प्रस्तुत विवाद करार कानूनको परिधिमा पर्ने र करारका पक्षहरूले आआफ्ना हित फाइदा वा स्वार्थका लागि हस्ताक्षर गर्ने कुनै पक्षले करार उल्लङ्घन गरेमा मनासिब माफिकको आर्थिक क्षतिपूर्ति वा हानि नोक्सानीसमेत भराउन पाउने भएकोले करार कानूनमै उपचारको व्यवस्था रहेकोलाई वेवास्ता गर्नु कानूनसम्मत नहुने ।

करार ऐन,२०५६ को दफा ८७ (१) (२) अन्तर्गतको उपयुक्त आदेश जारी भई त्यसको परिपालना नभएमा दफा ८७ (३) को मर्म मनसायबमोजिम त्यस्तो आदेशको पालना नगरेको कारणबाट हुन गएको थप हानि नोक्सानीसमेत मर्का पर्ने पक्षले भराई लिने पाउने व्यवस्था कानूनले नै निर्दिष्ट गरेको अवस्थामा निवेदकले सो मार्ग अपनाएको भन्नसकेको देखिँदैन । यसको अर्थ अदालतको आदेश पालना नभएमा अन्य उपचार मात्र खोज्नु पर्ने भन्ने पनि होइन। विषयवस्तुको गाम्भीर्यता हेरी वा अदालतको आदेशको जानीजानी पालना नभए नगरिए अदालतको गरिमामा आँच पुग्ने वा पक्षलाई अपूरणीय नोक्सानी हुने वा अन्य विशेष अवस्था देखेमा अदालतले अवहेलना जस्तो गम्भीर कारवाहीको लागि कदम चाल्न सक्ने ।

निवेदन दाबीअनुसारको विपक्षीले अदालतको मान मर्यादामा आँच पुग्ने किसिमको त्यस्तो कुनै काम विपक्षीले गरेको देखिँदैन । विपक्षीको लिखित जवाफ हेर्दा निवेदकको निवेदनअनुसार अदालतको अवहेलना गरेको छैन भनी उल्लेख गरेको देखिन्छ । कुनै पक्षलाई अदालतको अवहेलना गरेको मनमा लाग्दैमा अदालतको अवहेलना गरेको भन्न मान्न मिल्दैन । अदालतको मान मर्यादा एवम जनमानसमा अदालतको आस्था गिराउने, अदालतप्रति द्वेष भावना जगाउने, अदालतको आदेशलाई जानीजानी अवज्ञा गर्ने जस्ता कार्य स्पष्टरूपमा देखिएको अवस्थामा अदालतको अवहेलना गरेको ठहर्ने हो । प्रस्तुत मुद्दामा यस्तो अवस्था नदेखिँदा प्रत्यर्थीले अदालतको अवहेलाना गरेको भन्न मिल्ने अवस्था देखिएन । तसर्थः निवेदन दाबीअनुसार अदालतको अवहेलना गरेको भन्न नमिल्ने ।

इजलास अधिकृत / उपसचिवः जयराम श्रेष्ठ

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७३ साल चैत २१ गते रोज शुभम् ।

## पूर्ण इजलासमा पेस हुने

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०७२-WO-०२२२, उत्प्रेषण, रामनारायण प्रसादसमेत वि. व्यवस्थापिका संसद् सचिवालयसमेत

### मा.न्या.श्री दीपककुमार कार्कीज्यूको राय

नेपालको संविधानको धारा १३७ ले संवैधानिक इजलासको गठनसम्बन्धी व्यवस्था गरी उपधारा (१) ले संविधानसँग बाझिएको कानूनका सम्बन्धमा निवेदन दिनसक्ने व्यवस्था गरेको देखिन्छ । संविधानले संवैधानिक इजलासको छुट्टै परिकल्पना गरी अधिकारक्षेत्र तोकिदिएको अवस्थामा सो विशिष्ठरूपमा तोकिएको अधिकारको प्रयोग अन्य इजलासले गर्न मिल्दैन र सोही इजलासले नै प्रयोग गर्नुपर्छ भन्ने विषयमा विवाद गर्नुपर्ने स्थिति नै देखिँदैन । यसरी संवैधानिक इजलासलाई संविधानअनुसार प्रदत्त अधिकार अन्य इजलासले प्रयोग गर्दा संवैधानिक इजलासको अधिकारमा अतिक्रमण हुन जान्छ जुन संवैधानिक व्यवस्था

तथा संविधानको भावना र मर्मसमेत प्रतिकूल हुन जान्छ । यसको तात्पर्य सर्वोच्च अदालतका अन्य इजलास संवैधानिक तथा कानूनी प्रश्नको निरूपण गर्ने, मौलिक अधिकारको संरक्षण गर्ने कार्यमा कुनै अधिकारक्षेत्र नै राख्दैनन् भन्ने होइन तर विशिष्ठिकृत रूपमा संविधानले नै संस्थापन गरी प्रधानन्यायाधीशसहित पाँच जना न्यायाधीशहरूको इजलास गठन गरी त्यसको अधिकारक्षेत्रसमेत निर्धारण गरिएको अवस्थामा त्यस्ता प्रकृतिका मुद्दा हेर्ने अधिकारक्षेत्र यस संयुक्त इजलासलाई नभई संविधानको धारा १३७ बमोजिम गठन भएको संवैधानिक इजलासलाई नै रहे भएको मान्नु पर्ने ।

तसर्थ नेपाल स्वास्थ्य सेवा ऐन २०५३ मा भएको चौथो संसोधनको दफा ९ (१) तत्कालीन नेपालको अन्तरिम संविधानसँग बाझिएको भनी दायर भएको प्रस्तुत रिट निवेदन नेपालको संविधानको धारा १३७ को उपधारा (२) बमोजिम संवैधानिक इजलासबाट सुरू कारवाई र किनारा हुने प्रकृतिको देखिएकोले सो संवैधानिक व्यवस्था र सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली २०७२ को नियम ३(१) को खण्ड (क) बमोजिम कारवाही र किनाराका लागि संवैधानिक इजलासमा पठाइदिनु पर्नेमा माननीय न्यायाधीश डा. आनन्दमोहन भट्टराईको रिट निवेदनको औचित्यताभित्र प्रवेश गरी सो निवेदन खारेज हुने भनी फरक राय व्यक्त भई सो रायसँग सहमत हुन नसकिएकोले सर्वोच्च अदालत नियमावली २०४९ को नियम ३ (क) बमोजिम निर्णयार्थ प्रस्तुत निवेदन नियमानुसार पूर्ण इजलासमा पेस गर्ने ।

**मा.न्या. डा.आनन्दमोहन भट्टराईज्यूको राय**

कुनै मुद्दा संवैधानिक इजलासबाट हेर्ने गरी तोकिनको लागि उक्त मुद्दामा "गम्भीर संवैधानिक व्याख्याको प्रश्न समावेश भएको देखिनुपर्छ" र यो एउटा जिम्मेवारीपूर्ण व्यवस्था हो । चाहे रिट निवेदन इजलाससमक्ष न्याय निरूपणको लागि पेस भएको अवस्था होस् वा पक्षको अनुरोधमा प्रधानन्यायाधीशसमक्ष पेस भएको अवस्था नै किन नहोस् "गम्भीर संवैधानिक व्याख्याको प्रश्न समावेश" छ भनी रिटको सुनुवाइ गर्ने इजलास वा प्रधानन्यायाधीश सहमत भएपछि मात्रै मुद्दा संवैधानिक इजलासमा पठाउने प्रक्रिया सुरू हुन्छ । के कुन आधारमा सम्वद्ध इजलास वा प्रधानन्यायाधीशलाई त्यस्तो अवस्था छ भन्ने लागेको हो आदेशमा स्पष्टरूपमा उल्लेख गरिनु पर्छ । कुनै इजलासमा विचाराधीन मुद्दामा त्यस्तो प्रश्न समावेश छ भन्ने "देखिएमा" त्यस्तो मुद्दा संवैधानिक इजलासमा तोक्नको लागि प्रधानन्यायाधीशसमक्ष पेस गर्न भनी उक्त इजलासले धारा १३७(३) बमोजिम आदेश गर्छ । यस्तो स्थिति विद्यमान रहेको नदेखिएमा सो मुद्दाको अन्तिम सुनुवाइ सोही इजलासले गर्छ । निवेदनमा लेखियो वा इजलासमा जिकिर लिइयो भन्ने मात्र कारणले कुनै मुद्दा स्वतः संवैधानिक इजलासमा जाँदैन । मुद्दा संवैधानिक इजलासमा जान यसले न्यायिक विश्लेषणसहितको निष्कर्ष खोज्छ । यो नै संविधानद्वारा निसृत व्यवस्था हुने ।

हाम्रो मुलुकमा संविधानद्वारा नै सार्वजनिक हक वा सरोकारको विवाद हेर्ने क्षेत्राधिकार सर्वोच्च अदालतका अन्य इजलासहरूलाई प्रदान गरिएको छ । यस अन्तरगत "संवैधानिक वा कानूनी प्रश्नको निरूपण" गर्ने अधिकार एवम् "मौलिक हकको प्रचलन" गराउन बन्दीप्रत्यक्षीकरणा, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छालगायत अन्य उपयुक्त आज्ञा आदेश जारी गर्न ती इजलासहरू सक्षम छन् । त्यसैले संवैधानिक वा कानूनी प्रश्नको निरूपण अन्य इजलासले पनि गर्न सक्ने संवैधानिक व्यवस्थालाई मध्यनजर गर्दै

र समग्रमा सर्वोच्च अदालत नै संवैधानिक अदालत हो भन्ने कुरालाई आत्मसात गर्न जरूरी छ । यस स्थितिमा स्पष्टरूपमा संवैधानिक इजलासमा पठाउनु पर्ने मुद्दाहरू मात्र आधार र कारण खोली संवैधानिक इजलासमा पठाउने र उक्त इजलासले हेर्ने व्यवस्था गर्नु संवैधानिक मर्मअनुरूप हुने देखिन्छ । संवैधानिक इजलास सर्वोच्च अदालतभित्रको एउटा इजलास हो र यसलाई प्रदान गरिएको क्षेत्राधिकार भित्र यसलाई सीमित राखिएन भने अनावश्यक अन्यौलको सिर्जना हुनसक्छ भन्नेतर्फ सतर्क रहनु आवश्यक हुने ।

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को मिति २०७०।१२।१२ मा गरिएको संशोधनद्वारा संशोधित दफा ९(१) क्र.सं. संख्या २ को संशोधित व्यवस्थाले आफूलाई यो असमान व्यवहार गर्‍यो भन्ने कुनै जिकिर निवेदनमा रहे भएको अवस्था पनि पाइँदैन । निवेदकहरूको जिकिर हेर्दा समानताको हकबारे उहाँहरूको बुझाइ नै खोटपूर्ण रहेको देखियो । उक्त चौथो संशोधनबाट समान अवस्थाका व्यक्तिहरूलाई असमान व्यवहार गरिएको भन्ने कतैबाट देखिँदैन । यस संशोधित व्यवस्थाअनुसार पाँच वा आठ वर्षमा छैठौं तहमा स्तरवृद्धिको निम्ति सम्भाव्य उम्मेदवार हुन निश्चित अवधि अति दुर्गम वा दुर्गम क्षेत्रमा सेवा गरेको हुनुपर्ने र पछिल्लो कार्यसम्पादन कम्तीमा उत्तम रहेको हुनुपर्ने व्यवस्था राखिएबाट स्वास्थ्य सेवा बढी जनमुखी र गुणस्तरयुक्त हुन मद्दत पुग्ने देखिन्छ । यसरी निजामती सेवालाई व्यवस्थित गर्न सरकार वा व्यवस्थापिकाले पाउने नै हुन्छ । यस्तो कुरा समानताको हक विरूद्ध नहुने ।

तसर्थ, प्रस्तुत निवेदनमा निवेदकहरूले जुन स्वास्थ्य सेवा ऐनको संशोधनलाई संविधानविपरीत भनेको छ त्यस्तो नदेखिएको र समानताको हक विरूद्ध पनि संशोधन नदेखिएको हुँदा प्रस्तुत निवेदनमा गम्भीर संवैधानिक व्याख्याको प्रश्न छ भन्ने जिकिरसँग म सहमत हुन सकिन परिणामस्वरूप प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । सहयोगी माननीय न्यायाधीशको रायसँग सहमत हुन नसकेकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(क) बमोजिम प्रस्तुत निवेदन निर्णयार्थ पूर्ण इजलाससमक्ष पेस गर्ने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

कम्प्युटरः उत्तरमान राई

इति संवत् २०७३ साल पुस १३ गते रोज ४ शुभम् ।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**- सर्वोच्च अदालत, मेलमिलाप समिति**